सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२४ कात्तिक २०८२, सोमबार (10 Nov 2025, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २०० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

शिक्षामन्त्री पुनकै परीक्षा

शिक्षक राजनीति रोक्न पत्राचार, सदस्यता भेटिए बर्खास्त गर्ने चेतावनी



सबै विद्यालय तथा शैक्षिक संस्थाहरूलाई इमेलमार्फत पठाइएको जानकारीपत्रमा मन्त्री महावीर पुनले भनेका छन्-

सरकारी सेवामा कार्यरत शिक्षक, प्राध्यापक तथा कर्मचारी व्यवस्थापनसम्बन्धी पेसागत ऐनहरूले कर्तव्य, नैतिक दायित्व र आचरणको प्रबन्ध गरेको सर्वविदितै छ। कुनै पनि पेसागत ऐनहरूले त्यस्तो सेवामा कार्यरत कसैलाई पनि पेसागत हकाहित र अधिकार प्राप्तिका लागि सौदाबाजी गर्नेबाहेक अन्य राजनीतिक गतिविधिमा संलग्न हुने अधिकार दिएको छैन र राजनीतिक गतिविधिमा संलग्न भएको पाइएमा पदबाट बर्खास्त गर्न सकिनेसम्मको कानुनी कारबाही हुने व्यवस्था रहेको विषय ध्यानाकर्षण गराउँदछु।

● शिक्षाविद् विद्यानाथ कोइराला भन्छन्-



साँच्चै नै शिक्षकलाई राजनीतिक दलबाट अलग गर्ने हो भने शिक्षक महासंघ र राजनीतिक दलको विधान संशोधन गर्नुपर्छ। अहिले दलहरूका र शिक्षक महासंघको विधानले शिक्षकलाई राजनीति गर्ने सुविधा दिएको छ। आदेशले मात्रै शिक्षकले टेर्दैनन्। यो रमाइलो मात्रै हुन्छ। मैले थ्रुप्रै शिक्षकले पार्टीलाई लेबी बुझाएको देखेको छु। दलहरूले शिक्षकलाई नोट र भोटको खजाना ठानेका छन्।

शिवहरि घिमिरे, सुवास भट्ट

अन्तरिम सरकारका शिक्षामन्त्री महावीर पुनले राजनीतिक दलसँग आबद्ध शिक्षकहरूमाथि कारबाही गर्ने 'कठिन' पहल थालेका छन्। अधिकांश शिक्षक विभिन्न दलका सदस्य वा सक्रिय रहे पनि उनीहरूविरुद्ध ठोस कदम नचालिएको अवस्थामा मन्त्री पुनले राजनीतिक संलग्नतालाई कारबाहीको विषय बनाउने चुनौतीपूर्ण प्रक्रिया सुरु गरेका हुन्। उनले राजनीतिक आबद्धता रहेका प्राध्यापक र कर्मचारी पनि कारबाहीको दायरामा आउने बताएका छन्।

आइतबार मन्त्रालयस्तरीय निर्णय गर्दै मन्त्री पुनले राजनीतिक दलमा आबद्ध नहुन शिक्षक, प्राध्यापक र कर्मचारीलाई जानकारी तथा ध्यानाकर्षण पत्रमार्फत अनुरोध गरेका छन्। उनले पेसागत मर्यादाविपरीत राजनीतिमा लागेर शिक्षाको गुणस्तर खस्किएको उल्लेख गर्दै राजनीतिक संलग्नता पुष्टि भएका शिक्षक र कर्मचारीमाथि कारबाही गर्ने तयारी अघि बढाएका हुन्। पत्रअनुसार दलमा आबद्ध

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



● सोमनाथ घिमिरे, अध्यक्ष, नेपाल शिक्षक संघ (कांग्रेसनिकट)

किताब बेच्न हिँड्ने व्यक्तिलाई शिक्षामन्त्री बनाइयो, उहाँसँग शिक्षा क्षेत्रको ज्ञान निकै कम रहेछ। उहाँले शिक्षकलाई साँघुरो मनले हेर्नुभएको रहेछ। ट्रेड युनियन अधिकार हाम्रो अधिकार हो। हाम्रो पेसागत संगठन अनन्तकालसम्म रहन्छ। यो अधिकार हनन भए सडकमा उत्रिन्छौं।



● हंश शाही, अध्यक्ष, नेपाल राष्ट्रिय शिक्षक संगठन (एमालेनिकट)

शिक्षकहरू माथिल्लो पदमा छैनन्। नागरिकको हैसियतले भोट हाल्न र आस्था राख्न त पाउनुपऱ्यो नि। संविधानको धारा ३४ मा ट्रेड युनियनको अधिकार दिइएको छ। अहिले नयाँ शिक्षा ऐन बनेको छैन। ऐन नबन्दै शिक्षामन्त्रीले जे पनि गर्न मिल्दैन, शिक्षकलाई तनाव दिएपछि पढाइ पनि खस्किन्छ।



● शंकर अधिकारी, अध्यक्ष एकीकृत अखिल नेपाल शिक्षक संगठन (माओवादीनिकट)

शिक्षकहरूले मतदान गर्न पाउँछन्, यो प्रजातन्त्रको मूल्य-मान्यता हो। शिक्षकको पनि विचार हुन्छ, त्यसैले उनीहरूले आस्था राख्न पाउनुपर्छ। श्रम ऐनअनुसार ट्रेड युनियन गठन भएका छन्। दलको कार्यकारी समितिमा कुनै पनि शिक्षक छैनन्। घटक तथा शुभेच्छुक संस्थामा शिक्षक आबद्ध छन्। बर्खास्तको धम्की मान्दैनौं। कक्षाकोठामा कर्तव्यपालना गरिरहेका छौं।

■ तीन ठुला दलमा मात्रै दुई लाख २० हजार शिक्षक आबद्ध

नेपाल शिक्षक महासंघका अनुसार हाल देशभर कक्षा १२ सम्मका निजी र सरकारी सबै शिक्षकको संख्या झन्डै चार लाख २० हजार छ। महासंघका अनुसार यीमध्ये तीन लाख सरकारी शिक्षक छन्। उनीहरू १५ वटा पार्टीनिकट पेसागत संघ/संगठनमा आबद्ध छन्। तीन ठुला दलमा मात्रै दुई लाख २० हजार शिक्षक आबद्ध छन्। कांग्रेसनिकट नेपाल शिक्षक संघमा ९० हजार, एमालेनिकट नेपाल राष्ट्रिय शिक्षक संगठनमा ८० हजार र माओवादीनिकट अखिल नेपाल शिक्षक संघमा ५० हजार शिक्षक आबद्ध छन्।

निजामतीमा पनि दलहरूकै दबदबा

तीनै तहमा गरेर एक लाख ३६ हजार कर्मचारी दरबन्दी

कांग्रेससम्बद्ध नेपाल निजामती कर्मचारी युनियनमा ४१ हजार, एमालेनिकट नेपाल निजामती कर्मचारी संगठनमा ४० हजार र माओवादीनिकट नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठनमा २५ हजार कर्मचारी आबद्ध

● पूर्वसचिव शारदाप्रसाद त्रिताल भन्छन्-



वास्तवमा निजामतीमा ट्रेड युनियन भन्ने नै हुँदैन। निजामती सेवा ऐनले नै दलगत राजनीति गर्न पाइँदैन भनेर स्पष्ट भनेको छ। दलीय आधारमा राजनीतिक क्रियाकलाप गरे विभागीय कारबाही वा सेवाबाट हटाउनसम्म सकिन्छ। गोप्य रूपमा भोट दिनेबाहेक कर्मचारी राजनीतिक आस्थाका आधारमा चिनिन-देखिन हुन्न।

गोकर्णको २७९२ रोपनी पनि शक्तिको आडमा लिएको थियो यती समूहले

पुरानो सम्झौता अवधि सकिनुभन्दा ६ वर्षअघि नै ०७६ मा केपी ओली प्रधानमन्त्री हुँदा कानुनसमेत बदलेर थप २५ वर्षका लागि विनाप्रतिस्पर्धा लिएको थियो लिजमा

■ साँधैमा गोकर्णेश्वर नगरपालिकाले रोपनीको पाँच लाख बुझाउँछ यतीले जम्मा १८ हजार !

टेकराज थामी/नयाँ पत्रिका

नेपाल ट्रस्टको दरबारमार्गस्थित जग्गा आर्थिक प्रस्ताव मूल्यांकन समितिले सिफारिस गरेभन्दा झन्डै पाँच अर्ब कममा हत्याएको यती समूहले गोकर्णको दुई हजार ७९२ रोपनी पनि सत्ता-शक्तिको दुरुपयोग गरी कानुनसमेत परिवर्तन गरेर थप २५ वर्षका लागि कौडीको भाउमा लिजमा लिएको थियो। त्यो पनि पुरानो सम्झौता अवधि ६ वर्ष बाँकी छँदै एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री भएका वेला राजनीतिक सेटिङमा लिज अवधि थपेको हो।

फरेस्ट रिसोर्ट चलाउन भन्दै यती होल्डिङ्सले तत्कालीन राजपरिवारसँग ३१ साउन ०५२ मै ३० वर्षका लागि गोकर्णको ३९ हजार ७० रोपनी एक आना तीन दाममध्ये दुई हजार ७९२ रोपनी तीन पैसा एक दाम लिजमा लिएको थियो। उक्त सम्झौता अवधि सकिने म्याद ३१ भदौ ०८२ सम्म थियो। तर, सम्झौता अवधि सकिनुभन्दा ६ वर्षअघि नै २९ पुस ०७६ मा यतीले राजनीतिक सेटिङमा निकै सस्तो भाउमा थप २५ वर्ष लिज थपेको छ। नयाँ सम्झौताअनुसारको समयावधि भने पुरानो लिज अवधि सकिएपछि नै गणना हुने उल्लेख छ। यो सम्झौता हुँदा यती समूहसँग निकट रहेका एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री थिए भने ट्रस्टको अध्यक्ष एमाले वरिष्ठ उपाध्यक्षसमेत रहेका तत्कालीन रक्षामन्त्री ईश्वर पोखरेल थिए। २३ मंसिर ०७६ मै ओली मन्त्रिपरिषद्ले लिज

» पृष्ठ २ मा क्रमशः



यती होल्डिङ्सले लिजमा लिएर गोकर्ण रिसोर्ट चलाएको नेपाल ट्रस्टको जग्गा

यतीलाई सुम्पिन कानुनी व्यवस्थासमेत बदलिएको थियो

नेपाल ट्रस्टको अध्यादेश, २०६४ ले पनि जग्गा लिजमा दिँदा प्रतिस्पर्धात्मक प्रक्रिया अपनाउनुपर्ने भनेको थियो। तर, यतीलाई गोकर्णको जग्गा लिजमा लगाउँदा उक्त अध्यादेश नै खारेज गरी नयाँ कानुन निर्माण गरिएको थियो। 'प्रतिस्पर्धाबाट छनोट भएको कम्पनीलाई लिजमा दिने' ठाउँमा 'ट्रस्टको सिफारिसमा नेपाल सरकारले तोकेको अवधिका लागि लिजमा दिन सक्ने' व्यवस्था गरिएको थियो। नेपाल ट्रस्ट ऐन, २०६४ को दफा ५ को उपदफा ३(क)मा भनिएको छ, 'कार्यक्रम सञ्चालन गर्दा समितिले ट्रस्टको सम्पत्ति कुनै व्यक्ति वा संस्थालाई ट्रस्टको सिफारिसमा नेपाल सरकारले तोकेको अवधिका लागि लिजमा दिन सक्नेछ।' यति मात्रै होइन, होल्डिङ्सलाई फाइदा पुग्ने गरी ऐनमा ट्रस्टलाई थप आर्थिक लाभ हुने सुनिश्चित भएमा त्यस्तो अवधि समाप्त हुनुअगावै समेत आवश्यकताअनुसार ट्रस्टको सिफारिसमा नेपाल सरकारले लिजको अवधि थप गर्न सक्ने उल्लेख गरियो। उक्त ऐनको दफा ५ को उपदफा ३(ख) मा भनिएको छ, 'उपदफा (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि अवधि तोकी लिजमा दिइएको सम्पत्तिको उपभोग गर्ने पक्षले थप पुँजी लगानीसहित विद्यमान संरचनालाई मर्मत-सम्भार गरी सञ्चालन गर्न चाहेमा र सोबाट ट्रस्टलाई थप आर्थिक लाभ हुने सुनिश्चित भएमा त्यस्तो अवधि समाप्त हुनुअगावै समेत आवश्यकताअनुसार ट्रस्टको सिफारिसमा नेपाल सरकारले लिजको अवधि थप गर्न सक्नेछ।' १९ फागुन ०७५ देखि कार्यान्वयनमा आएको सोही ऐनअनुसार गोकर्णको जग्गा होल्डिङ्सलाई विनाप्रतिस्पर्दा २५ वर्षका लागि कौडीको भाउमा लिजमा दिइयो। अध्यादेशमा ट्रस्टको अध्यक्ष गृहमन्त्री हुने व्यवस्था थियो। तर, कानुन संशोधनपछि ट्रस्टको अध्यक्ष प्रधानमन्त्रीले तोकेको बहालवाला मन्त्री हुने व्यवस्था छ। कानुनको सोही व्यवस्थाअनुसार तत्कालीन प्रधानमन्त्री ओलीले तत्कालीन उपप्रधान तथा रक्षामन्त्री पोखरेललाई ट्रस्टको अध्यक्ष बनाएका थिए।

■ प्रशासनलाई एमाले अध्यक्ष ओलीको चुनौती

अनुमतिविनै प्रदर्शन गर्न कार्यकर्तालाई निर्देशन

शुरोजंग पाण्डे/नयाँ पत्रिका

पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीले कानुनी व्यवस्थालाई चुनौती दिँदै अनुमतिविनै सडक प्रदर्शन गर्न कार्यकर्तालाई निर्देशन दिएका छन्। हालैको जेन-जी आन्दोलनपछि विकसित राजनीतिक घटनाक्रम र शान्तिसुरक्षाको अवस्थालाई ध्यानै नदिई पूर्वप्रधानमन्त्रीबाट आएको अभिव्यक्तिले तनाव सिर्जना हुन सक्ने सुरक्षाविद्को चिन्ता छ।

एमालेले प्रतिनिधिसभा पुनर्स्थापनाका पक्षमा देशैभर जनपरिचालन, प्रदर्शन र सभाहरूको तयारी तीव्र बनाइरहेका वेला ओलीले आइतबार राष्ट्रिय युवा संघको बैठकमार्फत प्रशासनलाई सिधा चुनौती दिएका हुन्। 'अस्ति युवाहरूले मोटरसाइकल च्याली गर्छु भन्दा प्रशासनले इजाजत छैन भन्यो। म प्रशासनलाई सुझाव दिन चाहन्छु- आन्दोलन

» पृष्ठ २ मा क्रमशः



अस्ति युवाहरूले मोटरसाइकल च्याली गर्छु भन्दा प्रशासनले इजाजत छैन भन्यो। म प्रशासनलाई सुझाव दिन चाहन्छु- आन्दोलन तपाईंहरूको स्वीकृतिबाट हुँदैन। जसको विरोध गर्नु छ, उसैको स्वीकृति लिइँदैन। हामीलाई लुकेर गर्नु छैन, प्रशासनलाई जानकारी दिनुस्। स्वीकृति दिए पनि नदिए पनि अनुमति चाहिँदैन, सडकमा उत्रिनूस्। संविधानभन्दा सिडिओको आदेश माथि हुँदैन। जसले आदेश दिने, उहाँ के गरी प्रधानमन्त्री बन्नुभो ?

ओलीको अभिव्यक्तिबारे पूर्वडिआइजी हेमन्त मल्ल भन्छन्-

यस्तो भनाइले तनाव बढाउँछ



पूर्वप्रधानमन्त्री केपी ओलीले शान्तिपूर्ण विरोध प्रदर्शन गर्न प्रशासनको अनुमति लिइरहनुपर्ने भन्नुभएको छ। वर्तमान परिप्रेक्ष्यमा उहाँको यो भनाइ सान्दर्भिक नहोला जस्तो लाग्छ। किनकि हामीले चाहेर वा नचाहेर मुलुक फरक ट्र्याकमा गएको छ। परिस्थिति बेग्लै छ, सहज छैन। चुनावको वातावरण बनाउनु छ। यो वेला जबर्जस्ती विरोधका कार्यक्रम गरिँदा कन्फन्ट्रेसन बढाउँछ।

नेपाली कम्युनिस्ट पार्टीमा माओवादी र एकीकृत समाजवादीबिच ५५ र ४५ को भागबन्डा



६०१ सदस्यीय कार्यकारी समिति बनाइने, दुई दलको भागबन्डाभित्र अन्य दललाई मिलाइने

(विस्तृत पृष्ठ ३)

हिउँदको बिजुली आपूर्तिमा अनिश्चितता



१,०५४ मेगावाट विद्युत् २४ घण्टा आयात गर्न पाउने भारतको अनुमति १६ पुसमम्म मात्र

पुस १७ देखि पनि अनुमति पाउनेमा प्राधिकरण ढुक्क, तर २४ घण्टा नै विद्युत् पाउनेमा आशंका

(विस्तृत पृष्ठ ६)

सरकारबाट 'विश्वसनीय व्यवसायी'को सुविधा लिन नौ प्रतिष्ठानको आवेदन

भन्सार विभागले 'आधिकारिक व्यावसायिक व्यक्ति (ट्रस्टेड ट्रेडर्स)सम्बन्धी कार्यविधि'मार्फत आयात-निर्यात हुने मालवस्तुको जाँचपासमा सहजीकरण गर्ने नयाँ व्यवस्था लागू गरेपछि सरकारी संस्थान र निजी कम्पनीले दिए आवेदन

● किशोर बर्तौला, सूचना अधिकारी, भन्सार विभाग



आधिकारिक व्यावसायिक व्यक्ति ट्रस्टेड ट्रेडर्ससम्बन्धी कार्यविधि, २०८२ ले तय गरेको मापदण्डअनुसार सुविधा लिन नौवटा व्यवसायले आवेदन दिएका छन्। उनीहरूले मापदण्ड पूरा गरेको वा नगरेको मूल्यांकनपछि मात्रै मान्यता दिने निर्णय हुनेछ। ट्रस्टेड ट्रेडर्सको मान्यता पाउने उद्योगी-व्यवसायीले भन्सार प्रशासनबाट प्रमाणपत्र पाउने र वस्तु आयात-निर्यात गर्दा हुने चेकजाँचमा कष्ट भोग्नुपर्ने छैन।

पवन तिमिल्सिना/नयाँ पत्रिका

कम्तीमा पाँच वर्षदेखि आयात-निर्यातमा संलग्न व्यवसायीलाई लक्षित गरी भन्सार विभागले 'आधिकारिक व्यावसायिक व्यक्ति (ट्रस्टेड ट्रेडर्स)सम्बन्धी कार्यविधि' कार्यान्वयनमा ल्याएको छ। तीन वर्षयता निर्याततर्फ वार्षिक औसत ५० करोड र आयाततर्फ कम्तीमा पाँच अर्बको कारोबार गर्ने कम्पनी योग्य हुने गरी

» पृष्ठ २ मा क्रमशः

यी हुन् ट्रस्टेड ट्रेडर्सका लागि दाबी गर्ने व्यवसायी

कम्पनी	व्यवसाय
बुद्ध एयर प्रालि	कार्गो, एयर क्राफ्ट
एभरेस्ट फेसन फेल्ट एन्ड निट प्रालि	ऊन र फेल्टको सामान निर्यात
एभरेस्ट फेसन	ऊन र फेल्टको सामान निर्यात
सिप्रदी ट्रेडिङ प्रालि	सवारीसाधन र पार्टपुर्जा
श्रीकृष्ण आयल रिफाइनरी	प्रशोधित खानेतेल
पोलिमर इन्डस्ट्रिज प्रालि	प्लास्टिक पाइप
नेपाल आयल निगम	पेट्रोलियम पदार्थ र ग्यास
मनराम हिमालयन ह्यान्डिक्राफ्ट प्रालि	छुर्पी निर्यात
कृषि सामग्री कम्पनी लिमिटेड	रासायनिक मल र बिउबिजन

ट्रस्टेड ट्रेडर्सको प्रमाणपत्र पाउनेलाई हुनेछैन भन्सार चेकजाँचको झमेला

ट्रस्टेड ट्रेडर्सले पाउने ६ सुविधा

- निर्यात गर्ने वस्तुको जाँच उत्पादन स्थल, गोदामपरिसर वा विभागले तोकेको अन्य स्थानमा गर्न पाउने
- निर्यात प्रयोजनका लागि आयात गर्ने कच्चा पदार्थको भौतिक निरीक्षण कार्यलाई कम गर्दै लैजाने
- भन्सार क्षेत्रमा खोल्न गाह्रो हुने भारी मेसिनरी, यन्त्र वा उपकरणलगायतको निरीक्षण उद्योगीको गोदामै लगेर गर्ने
- कागजातसमेत जाँच नगरी व्यवसायीको घोषणाकै आधारमा भन्सार पास गराउने
- कार्यालय समय अघि-पछि वा सार्वजनिक बिदाको दिनमा समेत जाँचपास गर्ने मिल्ने
- द्रुत जाँचपासका लागि भन्सारपरिसरमा डेडिकेटेड क्षेत्रको सुविधा पाउने

मधेशमा एमालेबाहेक सरकार गठनको गृहकार्य



एमालेबाहेकको मधेश प्रदेशमा सरकार बन्छ : कार्यवाहक मुख्यमन्त्री

कार्यवाहक मुख्यमन्त्री जितेन्द्र सोनलले भने, 'संविधान, संघीयता र लोकतन्त्रको रक्षाका लागि सबै दल मिलेर सरकार बनाउँछन् भन्ने विश्वास छ। अर्को विकल्पमा एमालेबाहेक बाँकी दलहरू मिलेर सरकार बनाउन पनि सक्छौं।'

■ नयाँ सरकार गठनका लागि आह्वान नगरेको भन्दै सात दलका नेता-कार्यकर्ताको विरोध

■ कांग्रेससहित सात दलले नयाँ सरकार गठन आह्वान गर्न प्रदेश प्रमुखलाई बुझाए ध्यानाकर्षणपत्र

जनकपुरधाममा **हरिश खुद्दार**

मधेश प्रदेशको राजनीतिमा नयाँ मोड आएको छ। प्रदेश प्रमुख सुमित्रा भण्डारीले नयाँ सरकार गठनका लागि आह्वान गर्न ढिलाइ गरेपछि कांग्रेससहित सात दलका प्रदेश सभा सदस्यहरू आइतबार साँझ प्रदेश प्रमुखको कार्यालय पुगेका हुन्।

कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव, लोसपा नेतासमेत रहेका कार्यवाहक मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनार (सोनल), माओवादी उपनेता युवराज भट्टराई, जसपाका प्रमुख

» पृष्ठ २ मा क्रमशः

शिक्षामन्त्री...

पृष्ठ १ बाट क्रमशः

शिक्षकले सदस्यता तथा सक्रियता नछाडे दोस्रो चरणमा कारबाही गर्ने मन्त्री पुनको तयारी छ।

मन्त्री बनेलगत्तै राजनीतिक आबद्धता भएका शिक्षक, प्राध्यापक र कर्मचारीको विवरण खोज्न थालेका पुनले दलको सक्रिय कार्यकर्ता तथा सदस्यता भेटिए बर्खास्तसमेत गर्ने चेतावनी दिएका छन् । 'सरकारी सेवामा कार्यरत शिक्षक, प्राध्यापक तथा कर्मचारी व्यवस्थापनसम्बन्धी पेसागत ऐनहरूले कर्तव्य, नैतिक दायित्व र आचरणको प्रबन्ध गरेको सर्वविदितै छ,' मन्त्री पुनले पत्रमा भनेका छन्, 'कुनै पनि पेसागत ऐनहरूले त्यस्तो सेवामा कार्यरत कसैलाई पनि पेसागत हकहित र अधिकार प्राप्तिका लागि सौदाबाजी गर्नेबाहेक अन्य राजनीतिक गतिविधिमा संलग्न हुने अधिकार दिएको छैन र राजनीतिक गतिविधिमा संलग्न भएको पाइएमा पदबाट बर्खास्त गर्न सकिनेसम्मको कानुनी कारबाही हुने व्यवस्था रहेको विषय ध्यानाकर्षण गराउँदछु ।'

मन्त्री पुनका अनुसार पछिल्लो समय मन्त्रालयको आधिकारिक इमेल, टेलिफोनलगायत विभिन्न सामाजिक सञ्जालमा अभिभावक, विद्यार्थी, शिक्षक, नागरिक समाज, शिक्षाविद् तथा सरोकारवालाहरूबाट शिक्षकहरू राजनीतिमा सक्रिय रहेको र पठनपाठन खस्केको गुनासा आएका छन् । यसैका आधारमा आइतबार मन्त्रालयमा बैठक बसेर निर्णय गरिएको र उक्त पत्र सबै विद्यालय तथा शैक्षिक संस्थाहरूमा इमेलमार्फत पठाइएको बताए ।

मन्त्री पुनले नेपाल शिक्षक महासंघसँग आबद्ध पेसागत संगठनहरू श्रम ऐन, २०७४ तथा ट्रेड युनियन ऐन, २०४९ बमोजिम पेसागत हकहित र अधिकार प्राप्तिका लागि रहे पनि उनीहरूले सौदाबाजी गरेको दाबी गरेका छन् । विश्वविद्यालयका प्राध्यापक तथा कर्मचारीका पेसागत संघसंगठनहरूले पेसागत कर्तव्य, नैतिक दायित्व र पेसागत आचरणविपरीत काम गरिरहेको मन्त्री पुनको दाबी छ।

महासंघका अनुसार हाल देशभर कक्षा १२ सम्मका निजी र सरकारी सबै शिक्षकको संख्या झन्डै चार लाख २० हजार छ। महासंघका अनुसार यीमध्ये तीन लाख सरकारी शिक्षक छन् । उनीहरू धेरैजसो कुनै न कुनै पार्टीका सदस्य छन् । १५ वटा पार्टीनिकट पेसागत संगठन महासंघमा आबद्ध छन् । तीन ठुला दलमा मात्रै दुई लाख २० हजार शिक्षक आबद्ध छन् । कांग्रेसनिकट नेपाल शिक्षक संघमा ९०, एमालेनिकट नेपाल राष्ट्रिय शिक्षक संगठनमा ८० र माओवादीनिकट अखिल नेपाल शिक्षक संघमा ५० हजार शिक्षक आबद्ध छन् ।

दलनिकट शिक्षक संघ-संगठनका नेताले भने मन्त्रीको निर्णय कार्यान्वयन नहुने चुनौती दिएका छन् । कांग्रेसनिकट नेपाल शिक्षक संघका अध्यक्ष सोमनाथ गिरीले शिक्षकहरूको ट्रेड युनियन अधिकार कसैले खोस्न नसक्ने बताए । 'किताब बेच्न हिँड्ने व्यक्तिलाई शिक्षामन्त्री बनाइयो, उहाँसँग शिक्षा क्षेत्रको ज्ञान निकै कम रहेछ । उहाँले शिक्षकलाई साँघुरो मनले हेर्नुभएको रहेछ,' उनले भने, 'ट्रेड युनियन अधिकार हाम्रो अधिकार हो । हाम्रो पेसागत संगठन अनन्तकालसम्म रहन्छ । यो अधिकार हनन भए सडकमा उत्रिन्छौं ।'

एमालेनिकट शिक्षक संगठन नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष हंश शाहीले शिक्षकले शिक्षामन्त्रीले जथाभावी गर्न नसक्ने प्रतिक्रिया दिए । 'शिक्षकहरू माथिल्लो पदमा छैनन् । नागरिकको हैसियतले भोट हाल्न र आस्था राख्न त पाउनुपर्‍यो नि,' उनले भने, 'संविधानको धारा ३४ मा ट्रेड युनियनको अधिकार दिइएको छ । अहिले नयाँ शिक्षा ऐन बनेको छैन । ऐन नबन्दै शिक्षामन्त्रीले जे पनि गर्न मिल्दैन, शिक्षकलाई तनाव दिएपछि पढाइ पनि खस्किन्छ ।'

माओवादीनिकट एकीकृत अखिल नेपाल शिक्षक संगठनका अध्यक्ष शंकर अधिकारीले शिक्षकहरूले विचारअनुसारको आस्था राख्न पाउने दलिल गरे । 'शिक्षकहरूले मतदान गर्न पाउँछन्, यो प्रजातन्त्रको मूल्य-मान्यता हो । शिक्षकको पनि विचार हुन्छ, त्यसैले उनीहरूले आस्था राख्न पाउनुपर्छ । श्रम ऐनअनुसार ट्रेड युनियन गठन भएका छन्,' उनले भने, 'दलको कार्यकारी समितिमा कुनै पनि शिक्षक छैनन् । घटक तथा शुभेच्छुक संस्थामा शिक्षक आबद्ध छन् । बर्खास्तको धम्की मान्दैनौं । कक्षाकोठामा कर्तव्यपालना गरिरहेका छौं ।'

शिक्षकलाई राजनीतिमा संलग्न हुनबाट अलग राख्ने हो भने नेपाल शिक्षक महासंघ र दलहरूकै विधान संशोधन गर्नुपर्ने विज्ञको भनाइ छ । त्यसो नभए मन्त्री पुनको निर्देशन अहिलेको रमाइलो मात्रै हुने र शिक्षकहरूले टेर्ने सम्भावना कम रहेको शिक्षाविद् विद्यानाथ कोइराला बताउँछन् । 'साँच्चै नै शिक्षकलाई राजनीतिक दलबाट अलग गर्ने हो भने शिक्षक महासंघ र राजनीतिक दलको विधान संशोधन गर्नुपर्छ, घोषणापत्रमै उल्लेख गर्नुपर्छ । आदेशले मात्रै शिक्षकले टेर्दैनन् । यो रमाइलो मात्रै हुन्छ,' उनले नयाँ पत्रिकासँग भने । कोइरालाका अनुसार शिक्षक महासंघको विधानमै पार्टीनिकट घटकमा आबद्ध शिक्षक सम्बन्धित राजनीतिक दलको केन्द्रीय तहको नेता बन्न सक्ने प्रावधान छ । शिक्षकहरूले सदस्यताबापत पार्टीलाई लेबीसमेत बुझाउने गरेको कोइराला सुनाउँछन् ।

यसअघि तत्कालीन शिक्षामन्त्री सुमना श्रेष्ठले पनि राजनीतिक दलमा आबद्ध शिक्षकलाई कारबाही गर्ने तयारी गरेकी थिइन् । निर्वाचन आयोगसँग तथ्यांकसमेत माग गरी उनले कारबाही गर्ने तयारी गरिरहेको वेला सत्ता परिवर्तन भएपछि रोकिएको थियो ।

मन्त्री पुनका प्रमुख स्वकीय सचिव डा. सागर ढकालले यसअघि शिक्षामन्त्री सुमना श्रेष्ठ हुँदा पनि शिक्षकहरूको राजनीतिक सक्रियता रोक्ने प्रयास थालिएको र अहिले त्यसैको कार्यान्वयन गर्न खोजिएको बताए । 'शिक्षकहरू राजनीतिक दलमा लागे भनेर मन्त्रालयलाई थुप्रै पत्र प्राप्त भएका छन् । शिक्षकहरूले पढनपाठन गरेर विद्यार्थीको भविष्य निर्माण गर्ने हो, राजनीति गर्ने होइन,' उनले भने ।

विद्यालय शिक्षालाई एकीकरण गर्न बनेको विद्यालय शिक्षा ऐन, २०८१ मा पनि शिक्षकहरूलाई राजनीतिक दलबाट अलग राख्न खोजिएको थियो । तर, शिक्षक महासंघको आन्दोलन र अडानपछि ट्रेड युनियन अधिकार विधेयकमा पनि समेट्ने तयारी भएको थियो । संसद् विघटनसँगै विधेयक निष्क्रिय छ ।

मन्त्रालयले शिक्षक-कर्मचारीलाई पेसागत संगठनहरू गैरराजनीतिक चरित्रको, स्वतन्त्र र व्यावसायिक प्रकृतिको हुने गरी पुनर्गठन गर्न निर्देश गरेका छन् । 'शिक्षक महासंघ, प्राध्यापक संघलगायत शिक्षा क्षेत्रमा क्रियाशील संघसंगठनहरूलाई गैरराजनीतिक चरित्रको, स्वतन्त्र र व्यावसायिक प्रकृतिको बनाउने प्रयोजनार्थ सोहीबमोजिमको कानुनी प्रबन्धसहित पुनर्गठन गर्न आह्वान गर्दछु,' मन्त्री पुनले पत्रमा भनेका छन्, 'आफ्नो पेसागत कर्तव्य, नैतिक दायित्व, आचरण, शिक्षा क्षेत्रको संवेदनशीलता र विद्यालय वा विश्वविद्यालय शान्ति क्षेत्रको मर्मविपरीतका क्रियाकलाप गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गर्न मन्त्रालयले कुनै कसर बाँकी नराख्नेसमेत जानकारी गराउँदछु ।'

यलुङ बचत तथा ऋण सहकारी संस्था लि.
बौद्ध-६, रामहिटी, काठमाडौं
सूचना

यहि मिति २०८२ मंसिर २० गते शनिबार यस संस्थाको १५औं बार्षिक साधारणसभा गर्ने निर्णय गरिएको हुनाले सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई उपस्थित भई दिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

कार्यक्रम
मिति : २०८२ मंसिर २० गते शनिबार
स्थान : संस्थाको कार्यालय रहेको मिटिङहलमा
समय : बिहान १०:०० बजेदेखी

साधारणसभा सम्बन्धि सूचना

यस मैतिदेवी महिला बचत तथा ऋण सहकारी संस्था लि.को पूर्व सल्लाकार तथा वर्तमान कार्यवाहक अध्यक्ष ज्युको श्रीमान प्रकाश गौतमज्युको असामयिक निधन भएको हुदा आत्माको चिर शान्तिको कामना गर्दै भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै अध्यक्षको उपस्थितिबिना ३१औं साधारणसभा बस्न सम्भव नभएको अवस्थाको कारण पूर्व तोकिएको कार्यक्रम निम्न मिति र समयमा हुने जानकारी गराउदछौं ।

तपशिल
मिति : २०८२/०९/१० बिहीबार
स्थान : मानसरोवर पार्टिप्यालेस पुराबानेश्वर
समय : ११:३० बजेसम्म

मैतिदेवी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
मैतिदेवी, काठमाडौं

नेपाल सरकार
संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं, फोनं. ४५८९२५७
बोलपत्र रद्द गरिएको सूचना
प्रकाशित मिति : २०८२/०७/२४

यस समितिबाट मिति २०८२/०४/३० गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा समितिको कार्यलयमा आवश्यक विद्युतिय सवारी साधन खरिद गर्ने कार्यको (ठे.नं. BNADC/EV-01-82/83) बोलपत्र यस समितिको मिति २०८२/०७/२३ को बोर्ड बैठकले रद्द गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति २०८२/०७/२४)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स न ३४९२
फोन नं.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.(साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जा समय(समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, व्याज र हर्जाना व्याज रकम नतिरी नवुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्व चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क.सं.	ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	क.सं.	ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	**ऋणी: आनन्द हेभी इक्युपमेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. (सवारी साधन कर्जा) -कर्पोरेट विभाग लाजिम्पाट,** दर्ता न २९५३४२/०७९/०८०, ठेगाना : का.म.न.पा. ११, त्रिपुरेश्वर, काठमाडौं **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** १. **गणेश साह -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ४४१३२००८, मिति २०४९/०५/०७ मा जि.प्र.का. धनुषाबाट जारी भएको) बाबु : रामलखन साहु सुडी, बाजे : रज्जु साह सुडी २. **सुनिता कुमारी साह -जमानीकर्ता** (ना.प्र.नं. ४/५७०४, मिति २०५५/०३/१५ मा जि.प्र.का. सिरहाबाट जारी भएको) पति: गणेश साह, ससुरा: रामलखन साहु सुडी	५.	**ऋणी : आनन्द मेडिकल एण्ड डेण्टल सर्जिकल सप्लायर्स प्रा.लि. (विविध कर्जा) -कर्पोरेट विभाग लाजिमपाट,** दर्ता न : २६३५७७/७७/०७८, ठेगाना : का.म.न.पा. ११, त्रिपुरेश्वर काठमाडौं **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** १. **गणेश साह -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ४४१३२००८, मिति २०४९/०५/०७ मा जि.प्र.का. धनुषाबाट जारी भएको) बाबु : रामलखन साहु सुडी, बाजे : रज्जु साह सुडी २. **सुनिता कुमारी साह -जमानीकर्ता** (ना.प्र.नं. ४/५७०४, मिति २०५५/०३/१५ मा जि.प्र.का. सिरहाबाट जारी भएको) पति : गणेश साह, ससुरा : रामलखन साहु सुडी
२.	**ऋणी : वर्षा किराना स्टोर (अधिविकर्ष कर्जा) -शाखा कार्यालय कोहलपुर** प्रा.फ.र.न. २३२०३/०७०/७१ ठेगाना : कोहलपुर न.पा.११, बाँके **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** १. **सविला घले प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ६५१००२-८९, मिति: २०६४/०२/०७ मा जि.प्र.का. बर्दियाबाट जारी भएको) पति : वेद बहादुर घले, ससुरा सन्त बहादुर घले २. **वेद बहादुर घले -जमानीकर्ता** (ना.प्र.नं. २-३०४०(बर्दिया), मिति: २०५२/१२/२७ मा जि.प्र.का. बर्दियाबाट जारी भएको) बाबु : सन्त बहादुर घले, बाजे: लक्ष्मण घले	६.	**ऋणी : तारी ट्रेडर्स (नगद क्रेडिट कर्जा)-शाखा कार्यालय जोगबुढा** प्रा.फ.र.न.: ६३/०६८/०६९, ठेगाना - परशुराम १२, डडेल्धुरा **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** १. **जनक बहादुर बोहरा -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ७४३०१३/८७८, मिति २०६३/१०/१३ मा जि.प्र.का. डडेल्धुराबाट जारी भएको) बाबु : तारी सिंह बोहरा, बाजे: मान सिंह बोहरा २. **तारी सिंह बोहरा -जमानीकर्ता** (ना.प्र.नं.३९१/१०५०, मिति २०४६/०२/१२ मा जि.प्र.का. डडेल्धुराबाट जारी भएको) बाबु : मान सिंह बोहरा, बाजे : कमल सिंह बोहरा ३. **यशोदा कुमारी बोहरा -जमानीकर्ता** (ना.प्र.नं.७४१०११/३४९, मिति २०६७/१२/२८ मा जि.प्र.का. डडेल्धुराबाट जारी भएको) पति: जनक बहादुर बोहरा, ससुरा : तारी सिंह बोहरा ४. **दिल बहादुर बोहरा -जमानीकर्ता** (ना.प्र.नं.१९६, मिति २०५९/०१/१८ मा जि.प्र.का. डडेल्धुराबाट जारी भएको) बाबु : तारी सिंह बोहरा, बाजे: मान सिंह बोहरा ५. **राधा देवी बोहरा -जमानीकर्ता** (ना.प्र.नं. ७०२/६९२ मिति २०४४/११/०१ मा जि.प्र.का. डडेल्धुराबाट जारी भएको) पति: तारी सिंह बोहरा, ससुरा मान सिंह बोहरा ६. **बबिता थापा (बोहरा) -जमानीकर्ता** (ना.प्र.नं. ४२२०४१/३३२७० मिति २०६५/०६/३० मा जि.प्र.का. स्याङ्जाबाट जारी भएको) पति: दिल बहादुर बोहरा, ससुरा: तारी सिंह बोहरा
३.	**ऋणी : सविता बुढाथोकी (डिमाण्ड कर्जा)-शाखा कार्यालय न्यूरोड** (ना.प्र.नं. २१२११०२७/१४८२० मिति २०६६/१०/०६ मा जि.प्र.का. रामेछापबाट जारी भएको), ठेगाना : तिल्पुङ्ग ०२, रामेछाप हाल का.म.न.पा. १६, काठमाडौं, बाबु: सम्मर बहादुर खड्का, पति: याम बहादुर बुढाथोकी, ससुरा: चन्द्र बहादुर बुढाथोकी		
४.	**ऋणी : चण्डीश्वरी यु.पि.भि.सी. आल्मुनियम एण्ड स्टील हाउस (अधिविकर्ष कर्जा) -शाखा कार्यालय स्याङ्जा,** प्रा.फ.न.: ३९२/०७७/०७८, ठेगाना: पुतलीवजार ०३, स्याङ्जा **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** १. **विष्णु थापा -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ६६७७, मिति २०४५/०२/२७ मा जि.प्र.का. स्याङ्जाबाट जारी भएको) पति : कृष्ण बहादुर थापा, ससुरा: नेत्र बहादुर थापा मगर २. **संजय थापा- जमानीकर्ता** (ना.प्र.नं. ३९९०१, मिति २०५४/०४. २१ मा. जि.प्र.का. स्याङ्जाबाट जारी भएको), बाबु: कृष्ण बहादुर थापा, बाजे: नेत्र बहादुर थापा मगर ३. **कृष्ण बहादुर थापा मगर -जमानीकर्ता** (ना.प्र.नं. ४१३०, मिति २०४२/०७/२६ मा जि.प्र.का. स्याङ्जाबाट जारी भएको), बाबु: नेत्र बहादुर थापा मगर, बाजे: लेसमान थापा		

गोकर्णको...

पृष्ठ १ बाट क्रमशः

सम्झौताका लागि स्वीकृति दिएको थियो । राजपरिवारको नाममा रहेका जग्गा राजतन्त्रको अन्त्यसँगै सरकारमातहत ल्याई नेपाल ट्रस्टको नाममा परिचालन हुँदै आएको छ ।

यतीलाई थप २५ वर्ष लिज अवधि लम्ब्याउँदा अन्य कुनै कम्पनीसँग प्रतिस्पर्धा पनि गरिएको थिएन । यस विषयमा महालेखा परीक्षकको कार्यालयले लिज सम्झौता भएको अर्को वर्ष वार्षिक प्रतिवेदनमै प्रश्न उठाएको थियो । प्रतिस्पर्धात्मक प्रक्रियाबाट लिज सम्झौता गर्न सरकारलाई सिफारिससमेत गरेको थियो भने प्रतिस्पर्धाबाट लिजमा दिनुअघि विशेषज्ञ समूहबाट अध्ययन र विश्लेषण गर्नुपर्ने भनेको थियो । तर, अहिलेसम्म पनि कार्यान्वयन हुन सकेको छैन । यती होल्डिङ्सले उक्त जग्गामा निर्वाध रूपमा रिसोर्ट चलाउँदै आएको छ ।

नेपाल ट्रस्टका सचिव रामआधार साहले गोकर्णस्थित ट्रस्टको जग्गामा अहिले पनि गोकर्ण फरेस्ट रिसोर्ट नै सञ्चालन भइरहेको बताए । 'यसअघि जुन कम्पनीसँग लिज सम्झौता भएको थियो, सोही कम्पनीले रिसोर्ट सञ्चालन गर्दै आएको छ । लिज सम्झौता पुनरावलोकन वा रद्द भएको मलाई जानकारी छैन,' उनले भने ।

नेपाल ट्रस्ट र यती होल्डिङ्सको सम्झौताअनुसार थप २५ वर्षको भाडा एकमुस्ट एक करोड आठ लाख २३ हजार २०५ अमेरिकी डलर तोकिएको छ । डलरको तत्कालीन दररेटअनुसार दुई हजार ७९२ रोपनी तीन पैसा एक दामको प्रतिरोपनी भाडा १७ हजार ९८६ रुपैयाँ मात्रै हुन आउँछ । यो दररेट यसकारण कौडीबराबर हो, किनभने गोकर्ण रिसोर्टसँग साँध जोडिएको वनको जग्गा लिजमा लिएको गोकर्णेश्वर नगरपालिकाले प्रतिरोपनी वार्षिक पाँच लाखका दरले भाडा बुझाइरहेको छ ।

ट्रस्टको दरबारमार्गस्थित जग्गा यती समूहकै भगिनी संस्था थामसेर्कु ट्रेकिङलाई लिजमा लगाउँदा भएको पाँच अर्ब हिनामिनामा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले अनुसन्धान गरिरहेको छ । लिज सम्झौतामा हस्ताक्षर गर्ने ट्रस्टका तत्कालीन सहसचिव लेखबहादुर कार्कीलाई पक्राउ गरेर अदालतबाट आठ दिनको म्याद थपेको छ । तर, गोकर्णको जग्गा लिजमा भएको बदबासीबारे सिआइबीले के गरिरहेको छ ? सिआइबीका प्रवक्ता एसएसपी शिवकुमार श्रेष्ठ भन्छन्, 'अहिले दरबारमार्गको जग्गाको हकमा मात्रै अनुसन्धान भएको छ, गोकर्णको लिजका सम्बन्धमा प्रवेश गरेका छैनौं ।'

महालेखाले त्यतिवेलै प्रश्न उठाउँदै भनेको थियो- प्रतिस्पर्धाबाट लिजमा लगाऊ

पुरानो लिज अवधि सकिनुभन्दा ६ वर्षअघि नै पुरानै कम्पनी यती होल्डिङ्सलाई विनाप्रतिस्पर्धा २५ वर्ष थपेपछि महालेखा परीक्षकको कार्यालयले त्यतिवेलै प्रश्न उठाएको थियो । महालेखाले प्रतिस्पर्धात्मक प्रक्रियाबाट लिज सम्झौता गर्न सरकारलाई सिफारिससमेत गरेको थियो भने प्रतिस्पर्धाबाट लिजमा दिनुअघि विशेषज्ञ समूहबाट अध्ययन र विश्लेषण गर्नुपर्ने भनेको थियो । तर, अहिलेसम्म पनि कार्यान्वयन हुन सकेको छैन । यती होल्डिङ्सले उक्त जग्गामा निर्वाध रूपमा रिसोर्ट चलाउँदै आएको छ ।

'लिज सम्झौताको म्याद करिब ६ वर्ष बाँकी छँदै उक्त कम्पनी (यती होल्डिङ्स)ले सम्झौताको म्याद थपका लागि दिएको निवेदनबाट नेपाल सरकार मन्त्रिपरिषद्को २३ मंसिर ०७६ को स्वीकृतिको आधारमा नेपाल ट्रस्ट सञ्चालक समितिको २९ पुस ०७६ को निर्णयअनुसार वैकल्पिक प्रयोगको विस्तृत अध्ययन-विश्लेषणबेगर एक मूल्यांकनकर्ताको प्रतिवेदनको आधारमा उक्त कम्पनीबाट अमेरिकी डलर एक करोड आठ लाख २३ हजार २०५ प्राप्त गर्ने गरी ०८२ देखि २५ वर्षका लागि सम्झौता अवधि थप गरेको छ । यसरी सम्पत्तिको वर्तमान अवस्था र भविष्यको प्रयोगबारे पर्याप्त अध्ययन-विश्लेषण नगरी विनाप्रतिस्पर्धा लिज अवधि बढाएको औचित्यपूर्ण देखिएन,' महालेखाको ५८औँ प्रतिवेदनमा उल्लेख छ, 'सम्पत्तिको भविष्यमा प्रयोग तथा सोबाट प्राप्त हुने आय र लाभको बारेमा विभिन्न विज्ञ, विशेषज्ञहरूको समूहबाट अध्ययन-विश्लेषण गराई उपलब्ध विभिन्न विकल्पहरूमध्ये अधिकतम प्रयोग र लाभ प्राप्त हुने विकल्प छनोट गरी प्रतिस्पर्धात्मक प्रक्रियाबाट लिज भाडामा दिनेतर्फ ध्यान दिनुपर्दछ ।'

साँधैमा गोकर्णेश्वर नगरपालिकाले रोपनीको पाँच लाख बुझाउँछ, यतीलाई जम्मा १८ हजार !

नेपाल ट्रस्ट र यती होल्डिङ्सको सम्झौताअनुसार गोकर्णमा थप २५ वर्षको भाडा एकमुस्ट एक करोड आठ लाख २३ हजार २०५ अमेरिकी डलर तोकिएको छ । डलरको तत्कालीन दररेटअनुसार दुई हजार ७९२ रोपनी तीन पैसा एक दामको प्रतिरोपनी भाडा १७ हजार ९८६ रुपैयाँ मात्रै हुन आउँछ । यो दररेट यसकारण कौडीबराबर हो, किनभने गोकर्ण रिसोर्टसँग साँध जोडिएको वनको जग्गा लिजमा लिएको गोकर्णेश्वर नगरपालिकाले प्रतिरोपनी वार्षिक पाँच लाखका दरले भाडा बुझाइरहेको छ । गोकर्ण रिसोर्टसँगै जोडिएको राष्ट्रिय सहिद पार्क सामुदायिक वनको १६ रोपनी सरकारी जग्गा गोकर्णेश्वर नगरपालिकाले सामुदायिक अस्पताल बनाउन भाडामा लिएको हो ।

'हामीले नेपाल ट्रस्टको जग्गासँगै जोडिएको सामुदायिक वनको जग्गा प्रतिरोपनी वार्षिक पाँच लाख भाडामा लिएर अस्पताल बनाइरहेका छौं । गोकर्ण रिसोर्टवालाहरूले त कौडीको भाउमा पाएको भन्ने सुनेको छु,' गोकर्णेश्वरका मेयर दीपककुमार रिसालले भने ।

अनुमतिविनै...

पृष्ठ १ बाट क्रमशः

तपाईंहरूको स्वीकृतिबाट हुँदैन । जसको विरोध गर्नुछ, उसैको स्वीकृति लिइँदैन,' ओलीले भने ।

ओलीले प्रशासनले अनुमति नदिए पनि जानकारी गराएर कार्यक्रम गर्न सुझाए । 'हामीलाई लुकेर गर्नु छैन, प्रशासनलाई जानकारी दिनुस् । स्वीकृति दिए पनि नदिए पनि अनुमति चाहिँदैन, सडकमा उत्रिनुस्,' ओलीले भने, 'संविधानभन्दा सिडिओको आदेश माथि हुँदैन । जसले आदेश दिने, उहाँ के गरी प्रधानमन्त्री बन्नुभो ? प्रधानमन्त्री पनि असंवैधानिक, सिडिओका, मन्त्रीका कुरा पनि असंवैधानिक हुनुहुँदैन ।'

शान्तिपूर्ण विरोध प्रदर्शनको संवैधानिक र कानुनी अधिकार कुण्ठित नगर्न प्रधानमन्त्री सुशीला कार्कीलाई समेत ओलीको चेतावनी छ । 'तपाईं (प्रधानमन्त्री र मन्त्री) हरू असंवैधानिक हुनुहुन्छ, गैरकानुनी हुनुहुन्छ । तर, एरिया हदबन्दी लगाउने, पासपोर्ट रोक्का गर्ने, ह्याँ गर्ने, ह्वाँ गर्ने, विरोध प्रदर्शन गर्न नदिने, शान्तिपूर्ण ऱ्याली पनि गर्न नदिने भन्नुहुन्छ । अस्ति आगो लगाउन उकास्दै हुनुहुन्थ्यो, अहिले शान्तिपूर्ण ऱ्याली गर्न निषेध । के यो देशमै निषेध गर्नुहुन्छ ? देशै तपाईंको ? कहाँबाट ल्याएको यो देश ?' ओलीले भने, 'जेन-जीकी दिदी हुनुहुन्छ कि बहिनी हुनुहुन्छ, भन्न चाहन्छु- मातहतलाई आदेश दिँदा कानुनसम्मत आदेश दिनुस् । हामीले लडेर, बलिदान दिएर, जेलनेल, निर्वासन बसेर, भूमिगत बसेर, लाठी खाएर, यातना सहेर ल्याएका अधिकार तपाईंको आदेशमा छाड्दैनौं ।'

सरकारले माइतीघरदेखि बानेश्वर हुँदै केही संवेदनशील क्षेत्रहरूमा काठमाडौंमा प्रदर्शनमा रोक लगाएको छ । तथापि एमालेले २५ कात्तिकमा देशभरका सबै पालिका, २९ कात्तिकमा सदरमुकामहरू र ६ मंसिरमा काठमाडौंमा बृहत् प्रदर्शनको तयारी गरिरहेको छ । त्यही तयारी लक्षित गर्दै ओलीले सरकारको आदेश र निर्णय नमान्ने बताएका हुन् ।

ओलीले एमालेले देशलाई पूर्वअवस्थामै फर्काउन शान्तिपूर्ण प्रदर्शनका लागि सडकमा जान लागेको बताए । 'अहिलेको परिस्थिति साधारण होइन । देश जलाउने पनि तिनै, चलाउने पनि तिनै । जसले जलाउने उसैले चलाउने तमासा भइरहेको छ,' ओलीले भने, 'जलाउनेका पछाडि पनि यी नै थिए । मैदानमा देखिएका थिए । अहिले चलाउनमा पनि फेरि तिनै तत्त्व कुर्सीमा विराजमान छन् । हामी आगो लगाउने शक्ति होइनौं, निभाउने शक्ति हौं । शान्तिका लागि सडकमा जाने हो ।'

ओलीले अब शान्तिसुरक्षा एमालेले गर्ने सुनाए । 'कोही नडराउनुस्, देशमा एमाले छ । अब उप्रान्त देशमा कसैको घर जलाउन दिइनेछैन । कसैको उद्योग जलाउन दिइनेछैन । कसैका डिपार्टमेन्ट स्टोर लुट्न दिइनेछैन । नेकपा एमालेले त्यसको प्रबन्ध गर्नेछ,' ओलीले भने, 'अब जनताको सुरक्षा जनता आफैँले गर्छन्, त्यसको अगुवाइ नेकपा एमालेले गर्छ । त्यस काममा युवाहरू अग्रभागमा रहनेछन् ।' उनले त्यस्तो कामको अगुवाइ गर्नुको अर्थ देशको कानुन हातमा लिन खोजेको नभई केही समयभित्र मुलुकलाई कानुनी शासनमा फर्काउन मात्र खोजिएको दाबी गरे ।

सरकारबाट...

पृष्ठ १ बाट क्रमशः

मापदण्ड तोकेर 'विश्वसनीय व्यवसायी' खोजिएकोमा दुई सरकारी संस्थानसहित नौ प्रतिष्ठानले इच्छा देखाएका छन् ।

विभागले २४ असोजमा मागेको दरखास्तमा कार्गो र एयर क्राफ्टको व्यवसाय गर्दै आएको बुद्ध एयर, ऊन र फेल्टको कारोबार गर्दै आएका एभरेस्ट फेसन फेल्ट एन्ड निट तथा एभरेस्ट फेसन, सवारीसाधन र तिनका पार्टपुर्जा आयात गर्दै आएको सिप्रदी ट्रेडिङ, प्रशोधित खानेतेलको व्यापार गर्दै आएको श्रीकृष्ण आयल रिफाइनरी र प्लास्टिक पाइपको कारोबार गर्दै आएको पोलिमर इन्डस्ट्रिजले आवेदन दिएका छन् । त्यस्तै, छुर्पी निर्यात गर्दै आएको मनराम हिमालयन ह्यान्डिक्राफ्ट र सरकारी स्वामित्वका दुई संस्थान आयल निगम र कृषि सामग्री कम्पनीले भन्सार प्रशासनको विश्वास जितेर विनाझन्झट आयात-निर्यात व्यवसाय गर्न आवेदन दिएका छन् ।

विश्वसनिय व्यवसायीका लागि आवेदन दिएमध्ये एभरेस्ट फेसन फेल्ट एन्ड निट र एभरेस्ट फेसन तथा मनराम हिमालयन ह्यान्डिक्राफ्ट भने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्रदान गरिने महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (सिआइपी) सम्मानसमेत प्राप्त गरिसकेका प्रतिष्ठान हुन् । श्रीकृष्ण आयल मुरारका समूह र सिप्रदी ट्रेडिङ सिद्धार्थ राणा स्वामित्वको व्यवसाय हुन् ।

विभागका सूचना अधिकारी किशोर बर्तौलाले ट्रस्टेड ट्रेडर्सको मान्यता पाउन आवेदन दिएकाहरूको योग्यता पुग्ने वा नपुग्नेबारे मूल्यांकन थालिएको जानकारी दिए । उनले भने, 'आधिकारिक व्यावसायिक व्यक्ति ट्रस्टेड ट्रेडर्ससम्बन्धी कार्यविधि, २०८२ ले तय गरेको मापदण्डअनुसार सुविधा लिन नौवटा व्यवसायले आवेदन दिएका छन् । उनीहरूले मापदण्ड पूरा गरेको वा नगरेको मूल्यांकनपछि मात्रै मान्यता दिने निर्णय हुनेछ ।' मूल्यांकनमा पास भएकाहरूलाई छनोट गरेर प्रक्रियामा सामेल गरिने उनले जानकारी दिए । ट्रस्टेड ट्रेडर्सको मान्यता पाउने उद्योगी-व्यवसायीले भन्सार प्रशासनबाट प्रमाणपत्र पाउने र वस्तु आयात-निर्यात गर्दा हुने चेकजाँचमा कष्ट भोग्नुनपर्ने विभागको भनाइ छ ।

यसरी हुँदै छ मूल्यांकन

विभागले दरखास्त परेका विवरण जाँचबुझ आवश्यक देखेमा उद्योगपरिसर वा कारोबारस्थलको निरीक्षण गर्न र कारोबारको परीक्षण गर्न सक्ने व्यवस्था छ । जाँचबुझ गर्दा आधिकारिक व्यावसायिक व्यक्ति ट्रस्टेड ट्रेडर्सका रूपमा मान्यता प्रदान गर्न मनासिब देखिएका व्यक्तिको प्रारम्भिक सूची तयार गरी दाबी विरोधका लागि सातदिने सूचना प्रकाशन गर्नेछ । दाबी विरोधमा नपर्ने उद्योगी-व्यवसायीलाई ट्रस्टेड ट्रेडर्सको मान्यतासहितको प्रमाणपत्र विभागले दिनेछ । यस्तो प्रमाणपत्र लिने उद्योगी-व्यवसायीले कारोबारमा अनियमितता गरेको पाइएमा वा महसुल छली गरेमा खारेज गर्न सक्ने व्यवस्था कार्यविधिमा छ ।

आवेदन दिने व्यवसायीले भन्सार प्रशासनको ट्रस्टेड ट्रेडर्स बन्नका लागि आधिकारिक व्यावसायिक व्यक्ति (ट्रस्टेड ट्रेडर्स)सम्बन्धी कार्यविधिले मापदण्ड निर्धारण गरेको छ । जसमा पहिलो सर्त भनेको विगत पाँच वर्षदेखि नियमित रूपमा निर्यात वा आयात गरेको हुनुपर्ने व्यवस्था छ । पछिल्लो तीन आर्थिक वर्षमा औसतमा निर्याततर्फ कम्तीमा ५० करोड वा आयाततर्फ कम्तीमा पाँच अर्ब मूल्यको कारोबार भएको हुनुपर्ने मापदण्डमा उल्लेख छ । यद्यपि, सार्वजनिक संस्थानको हकमा यो बुँदा आकर्षित नहुने मापदण्डमा उल्लेख छ । विगत तीन वर्षको अवधिमा भन्सारसम्बन्धी कानुनको परिपालना गरेको, व्यवसायको आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था भएको र व्यवसायको लेखा प्रणाली तथा अभिलेख व्यवस्थित रूपमा राखेको व्यवसाय मात्रै मापदण्डभित्र पर्ने सर्त छ ।

सरकारलाई तिर्नु वा बुझाउनुपर्ने भन्सार महसुल, आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्कलगायत सबै किसिमका कर, दस्तुर, शुल्क, बक्यौता र बेरुजु रकम बाँकी नरहेको स्वघोषणा तथा कर चुक्ता प्रमाणपत्र पनि चाहिने उल्लेख छ । सम्बन्धित व्यक्ति तथा हिताधिकारीले फौजदारी कसुरमा सजाय पाएको भए सजाय भुक्तान भएको पाँच वर्ष व्यतीत भएको स्वघोषणा पनि चाहिनेछ । पहिले दिइएको आधिकारिक व्यावसायिक व्यक्ति ट्रस्टेड ट्रेडर्सको मान्यता खारेज भएको मितिले दुई वर्ष पूरा भएकालाई मात्रै यसमा पुनः आवेदन दिन पाइने उल्लेख छ ।

मधेशमा...

पृष्ठ १ बाट क्रमशः

सचेतक रामआशिष यादव, एकीकृत समाजवादीका प्रमुख सचेतक कनिश पटेल र नागरिक उन्मुक्तिकी सांसद उर्मिलादेवी सिंह प्रदेश प्रमुखसमक्ष पुगेका हुन् । सात दलले संविधानको धारा १६८ (२) बमोजिम नयाँ सरकार गठनका लागि तत्काल आह्वान गर्न माग गरेका छन् ।

शनिबार मुख्यमन्त्री सोनलले विश्वासको मत लिनुअघि नै पदबाट राजीनामा दिएका थिए । जसपा, जनमत, लोसपा, एकीकृत समाजवादी र नागरिक उन्मुक्तिका ५७ सांसदको समर्थनमा २९ असोजमा मुख्यमन्त्री बनेका उनले विश्वासको मत नपाउने अवस्था भएपछि शनिबार राजीनामा दिएका थिए ।

नयाँ सरकार गठनको कोर्स अगाडि बढे पनि प्रदेश प्रमुख भण्डारीले सरकार गठनको आह्वान गरेकी छैनन् । उनले आइतबार दलका नेतासँग र संविधानविज्ञसँग परामर्श लिए पनि अझैसम्म नयाँ सरकार गठनका लागि आह्वान गरेकी छैनन् ।

दलका प्रतिनिधिसँगको भेटमा प्रदेश प्रमुख भण्डारीले नयाँ सरकार गठन आह्वानका लागि दुई-तीन दिनको समय मागेकी हुन् । 'संविधानविद् तथा कानुनविद्सँग सल्लाह मागिरहेका छौं, त्यसैले दुई-तीन दिन मलाई समय दिनुस् । संविधानअनुसार नै नयाँ सरकार गठनको आह्वान हुन्छ,' भेटमा सहभागी जनता समाजवादी पार्टी जसपा नेपालका प्रमुख सचेतक रामआशिष यादवले प्रदेश प्रमुख भण्डारीले आफूहरूलाई भनेको बताए ।

प्रदेश प्रमुखसँग किन भेट गरेको भन्ने प्रश्नमा उनले भने, 'प्रदेश प्रमुखले संविधानको धारा १६८ (३) बमोजिम ठुलो दल एमालेका संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्रीमा नियुक्त गरी प्रदेश प्रमुख काठमाडौं जाने बाहिर हल्ला चलेको थियो, त्यसैले हामीले प्रदेश प्रमुखलाई खबरदारी गर्न उहाँसँग भेटघाट गरेका छौं ।'

कांग्रेस प्रमुख सचेतक कुमारकान्त झाले प्रदेश प्रमुखले संविधानको धारा १६८ (२) लाई बाइपास गरी ठुलो दलको हैसियतमा एमालेलाई नेतृत्व दिने तयारी भइरहेको देखिएको बताए । तर, शनिबार मुख्यमन्त्री सोनलले विश्वासको मत लिनुअघि नै राजीनामा दिएकाले उक्त धारा अझै जीवित रहेकाले १६८ (२) बमोजिम सरकार गठन हुनुपर्ने बताए । उनका अनुसार संविधानको धारा १६८ (२) अनुसार नै नयाँ सरकार गठनका लागि आह्वान हुनुपर्ने माग गरिएको हो । 'अहिले सरकार बनाउन गठबन्धनको कुरा होइन, संविधान बचाउने विषयमा हामी ६ दल एक भएर अघि आएका हौं । आह्वान भएपछि मात्र गठबन्धनबारे छलफल हुनेछ ।'

सात दलका नेता तथा कार्यकर्ताको विरोध

प्रदेश प्रमुखबाट नयाँ सरकार गठनको आह्वानमा ढिलाइ हुँदा विभिन्न सात दलका नेता तथा कार्यकर्ताले प्रदेश प्रमुख कार्यालयअगाडि विरोध प्रदर्शन गर्दै धर्नासमेत बसेका थिए ।

एमालेबाहेकको मधेश प्रदेशमा सरकार बन्छ : कार्यवाहक मुख्यमन्त्री

कार्यवाहक मुख्यमन्त्री जितेन्द्र सोनलले अब मधेश प्रदेशमा नेकपा एमालेबाहेकको सरकार बन्ने दाबी गरेका छन् । प्रदेश प्रमुखसँग भेटघाटपश्चात् सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै मुख्यमन्त्रीले भने, 'प्रदेश प्रमुखले हामीलाई आश्वासन दिनुभएको छ, संविधानअनुसारले उहाँले नयाँ सरकार गठनको लागि आह्वान गर्नुहुन्छ । हामीलाई विश्वास छ संविधानको धारा १६८ (२) बमोजिम नै अहिले नयाँ सरकार गठनको आह्वान हुने हो । संविधान संघीयता र लोकतन्त्रको रक्षाका लागि अहिले सबै दल मिल्नुको विकल्प छैन । त्यसैले नयाँ सरकार गठन हुँदा सबै दल मिलेर सरकार बनाउँछ भने हामीलाई विश्वास छ ।'

कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले संविधान र लोकतन्त्रको रक्षाका लागि आफूहरू अगाडि बढेको बताए । 'शान्त रहेको मधेश प्रदेशमा सत्ताकै लागि अशान्त बनाउने अवस्था नहोस् भन्नका निमित्त पनि हामी सबै मिलेर जानुपर्छ भने हाम्रो बुझाइ हो,' उनले भने । उनले प्रदेश प्रमुखबाट नयाँ सरकार गठनको आह्वान भएपछि मात्रै सत्तासमीकरणको विषयमा छलफल हुने बताए ।

प्रदेश प्रमुखलाई सात दलको ध्यानाकर्षणपत्र

कांग्रेससहित विभिन्न सात दलले नयाँ सरकार गठन संविधानअनुसार आह्वान गर्न प्रदेश प्रमुखलाई ध्यानाकर्षणपत्र बुझाएका छन् ।

कांग्रेस, जसपा नेपाल, लोसपा, जनमत, माओवादी, एकीकृत समाजवादी र नागरिक उन्मुक्तिले संयुक्त रूपमा आइतबार साँझ प्रदेश प्रमुखलाई ध्यानाकर्षणपत्र बुझाएको जसपा नेपालका प्रमुख सचेतक यादवले बताए । 'मौखिक रूपमा हामीले प्रदेश प्रमुखलाई सचेत गराइसकेका छौं र लिखित रूपमा पनि प्रदेश प्रमुखलाई ध्यान आकर्षणपत्र बुझाएका छौं र हामीलाई विश्वास छ- संविधानको धारा १६८ को उपदफा (२) बमोजिम नै प्रदेश प्रमुखले नयाँ सरकार गठनका लागि आह्वान गर्नुहुन्छ, अहिले धारा १६८ को उपदफा ३ बमोजिम नयाँ सरकार गठन हुने अवस्था बनेको छैन,' उनले भने ।

नेपाली कम्युनिस्ट पार्टीमा माओवादी र एकीकृत समाजवादीबिच ५५ र ४५ को भागबन्डा

६०१ सदस्यीय कार्यकारी समिति बनाइने, दुई दलको भागबन्डाभित्र अन्य दललाई मिलाइने



हामीले दल दर्ता प्रयोजनका लागि थोरै नाम मात्र आयोगमा बुझाएका छौं। पर्सिसम्म नाम टुंगो लगाउने गरी गृहकार्य भइरहेको छ। प्रमाणपत्र दिने वेलासम्म नाम थप्न पाइन्छ। माओवादी र एकीकृत समाजवादीबिच ५५ र ४५ को अनुपातमा कमिटीमा रहने समझदारी छ।

● **दिलु पन्त**, नेकपा नेतृ

प्रेम गौतम/नयाँ पत्रिका

नवगठित नेपाली कम्युनिस्ट पार्टीले ६०१ सदस्यीय कार्यकारी समिति बनाउने गरी निर्वाचन आयोगमा विधान बुझाएको छ। आयोगमा बुझाइएको विधानलाई अन्तरिम भनिएको छ। आइतबार डेढ सयहाराहारी नाम मात्रै निर्वाचन आयोगमा बुझाइएको छ।

माओवादी र एकीकृत समाजवादीका स्थायी समितिसम्मका र अन्य दलका केही शीर्ष नेताहरूको नाम समेटेर कागजात निर्वाचन आयोगमा बुझाइएको हो। त्यसमा ३३ प्रतिशत महिला, आदिवासी, जनजाति, दलित, मुस्लिम, अल्पसंख्यकमा कोटा पुग्ने गरी सदस्य थपेर आयोगमा नामावली बुझाएको नेताहरूले बताएका छन्। सदस्यहरूको टुंगो मंगलबारसम्म लाग्ने नेताहरू बताउँछन्।

कार्यकारी समितिमा माओवादीलाई ५५ र एकीकृत समाजवादीलाई ४५ प्रतिशत भागबन्डा गरिने प्रारम्भिक समझदारी भएको छ। 'हामीले दल दर्ता प्रयोजनका लागि थोरै नाम मात्र आयोगमा बुझाएका छौं। पर्सिसम्म नाम टुंगो लगाउने गरी गृहकार्य भइरहेको छ। प्रमाणपत्र दिने वेलासम्म नाम थप्न पाइन्छ,' नेकपा नेतृ दिलु पन्तले भनिन्, 'माओवादी र एकीकृत समाजवादीबिच ५५ र ४५ को अनुपातमा कमिटीमा रहने समझदारी छ।' त्यसैभित्रबाट अन्य दललाई मिलाइने नेताहरूले बताएका छन्।

मुख्यतः साबिक माओवादीबाट वर्षमान पुन, देव गुरुङ, मुक्ति प्रधान, साबिक एकीकृत समाजवादीबाट राजेन्द्र पाण्डे, रामकुमार भट्टराई, श्रीनाथ बराल, दिलु पन्तलगायत नेतालाई दर्ताको जिम्मेवारी दिइएको छ। साबिकका अन्य पार्टीबाट शीर्ष नेताहरू नै खटिएका छन्। एक हप्ताभित्र कमिटीले पूर्णता पाउने नेताहरूको दाबी छ।

गत बुधबार १० वाम मिलेर नेपाली कम्युनिस्ट पार्टी गठन गरिएको थियो। एकीकृत पार्टीको संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधवकुमार नेपाल छन्। अन्य पार्टी, समूह र व्यक्तिसँग पनि छलफल जारी रहेकाले कमिटीलाई पूर्णता दिन समय लाग्ने नेताहरू दाबी गर्छन्। नेताहरूका अनुसार केन्द्रीय सदस्यहरूलाई हस्ताक्षर गराउने क्रम जारी छ। एकता अभियानमा सहभागी नभएका जनार्दन शर्मा र घनश्याम भुसालनिकट नेताहरूलाई फकाउने क्रम पनि जारी छ।



घनश्याम भुसाल पुनर्गठन समूहको संयोजक



एकीकृत समाजवादी पुनर्गठनमा लागेका नेताहरूले तत्कालीन महासचिव घनश्याम भुसाललाई संयोजक चयन गरेका छन्। जुम मिटिङबाट भुसाललाई संयोजक चयन गरिएको पुनर्गठन अभियानमा प्रचार विभाग प्रमुख दामोदर अर्यालले बताए। 'एकीकृत समाजवादी पुनर्गठन अभियानको केन्द्रीय कमिटीको बैठक बस्यो। बैठकले अभियानको केन्द्रीय संयोजकमा घनश्याम भुसाललाई चयन गऱ्यो,' उनले भने। उनका अनुसार बैठकले आगामी मंसिरमा राष्ट्रिय भेला बोलाउने निर्णय गरेको छ। जुम मिटिङमा सहभागी एक नेताका अनुसार भुसालसहित घनेन्द्र बस्नेत, डा. विजय पौडेल, जीवनराम श्रेष्ठ, उर्वादत्त पन्त, हरि पराजुली, दामोदर अर्याल, धर्मराज निरौला, रमा निरौला, महेश रेग्मी, नन्द बज्जाडे, लक्ष्मण लम्साल, नरेश शाही, शेरबहादुर केसी, सुष्मा राई, धनबहादुर कार्की, अमृत सागरलगायत नेता सहभागी थिए।

नेकपा नेता वर्षमान पुनले ६०१ सदस्यीय कार्यकारी समिति रहने बताए। '६०१ सदस्यीय कार्यकारी समिति रहन्छ। हामीले आयोगको फर्म्याटमा केही नामसहित कागजात बुझाएका छौं। केही दिनमै बाँकी नाम बुझाउँछौं,' उनले भने।

नेपाली कम्युनिस्ट पार्टीआबद्ध दलका प्रतिनिधिले विधान, माइन्युट, नयाँ पार्टीको घोषणापत्र, विधानलगायत कागजात बुझाएको नेता राजेन्द्र पाण्डेले बताए। 'हामीले गत बुधबार नै आयोगमा निवदेन दिइसकेका थियौं। आइतबार साबिक दलका दस्ताबेजसहित नेपाली कम्युनिस्ट पार्टीका कागजात बुझायौं,' उनले भने। पाण्डेका अनुसार प्रारम्भिक नामावली बुझाइएको छ। नेताहरूका अनुसार थप नामावली केही दिनमा बुझाउने तयारी छ।

आयोगपरिसरमा पत्रकारहरूसँग कुराकानी गर्दै पुनले नेपाली कम्युनिस्ट पार्टी आगामी निर्वाचनपछि देशकै ठुलो पार्टी बन्ने दाबी गरे। आगामी निर्वाचनमा १६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवार उठाउने तयारी गरिएको उनले बताए। 'हामी यसपटक जेन-जीका माग र जनताको चाहना सम्बोधन गर्दै अघि बढ्नेछौं। नयाँ पुस्ता र युवाहरूको विश्वास जितदै सबैभन्दा धेरै सिट लिने गरी तयारी गर्दै छौं। हामी लार्जेस्ट पार्टी हुन्छौं,' पुनले भने।

जनार्दन शर्मा र घनश्याम भुसाल पनि कम्युनिस्ट आन्दोलनको मूलधारमा फर्किने उनले दाबी गरे। 'रेल छुटेको हो, तर विभिन्न स्टेसनमा रोक्दै नयाँ प्यासेन्जर चढाउँदै जाने हो। अर्को स्टेसनमा उहाँहरू आउनुहुनेछ भन्ने हाम्रो विश्वास छ,' उनले भने।

नेकपामा फर्किइन् अञ्जना विशंखे

एकताको विरोधमा लागेकी साबिक माओवादी नेतृ अञ्जना विशंखे नेपाली कम्युनिस्ट पार्टीमा फर्किएकी छिन्। १० वाम मिलेर एकता घोषणा हुँदा नेता जनार्दन शर्मासँगै उनले पनि विरोध गरेकी थिइन्। शर्माले छुट्टै अभियान घोषणा गर्दा अञ्जना पनि सँगै थिइन्। तर, आइतबार विशंखेले नेपाली कम्युनिस्ट पार्टीको केन्द्रीय कार्यालय पेरिसडाँडामा उपस्थित भएर दल दर्ताका लागि निर्वाचन आयोगमा पेस गर्ने कागजातमा हस्ताक्षर गरेकी छिन्।

भीम रावल सकारात्मक, हप्ता दिनभित्रै एकता सभाको तयारी

एमालेमा विद्रोह गरेर मातृभूमि जागरण अभियान सञ्चालन गर्दै आएका भीम रावल नेपाली कम्युनिस्ट पार्टीमा आबद्ध हुने भएका छन्। प्रचण्डनिवासमा आइतबार भएको छलफलमा रावलले सकारात्मक जवाफ दिएका हुन्। प्रचण्ड र नेपालले राष्ट्रिय, अन्तर्राष्ट्रिय परिस्थितिमा कम्युनिस्ट शक्ति मिलेर अगाडि बढ्नुपर्ने आवश्यकता रहेको भन्दै मिलेर अगाडि बढ्न रावललाई आग्रह गरेका थिए। 'कम्युनिस्ट आन्दोलन संकटमा छ। त्यति मात्रै होइन राष्ट्र नै संकटमा छ। यस्तो वेला तपाईं-हामी मिलेर राष्ट्रलाई निकास दिनुपर्छ। राष्ट्रले एकताको माग गरेको छ,' प्रचण्डको भनाइ उद्धृत गर्दै छलफलमा सहभागी एक नेताले भने। ती नेताका अनुसार विगतमा सँगै काम गरेकाले फेरि एकताबद्ध भएर काम गर्न नेपालले रावललाई आग्रह गरेका थिए।

रावलले एकताका लागि राष्ट्रिय स्वाधीनता मुख्य विषय हुने बताएका छन्। राष्ट्र, राष्ट्रियता, जनजीविका, विदेशी हस्तक्षेपको विषयमा उनले ध्यानाकर्षण गराएका छन्। 'मुख्य विषय राष्ट्रिय स्वाधीनताको हो। राष्ट्र, राष्ट्रियता, जनजीविकाको विषयमा कसरी जान्छौं, त्यो महत्त्वपूर्ण कुरा हो,' रावलले भने। प्रचण्ड र नेपालले रावलको मर्यादाका साथै उठाउँदै आएको विषय समेट्ने बताएपछि उनले अभियानमा सदस्यहरूसँग छलफल गरेर निष्कर्षमा पुग्ने बताएका छन्। छलफलमा संयोजक प्रचण्ड, सहसंयोजक नेपालसहित भानुभक्त जोशी, प्रकाश ज्वाला, शेरबहादुर कुँवरलगायत सुदूरपश्चिमका नेताहरू सहभागी थिए।

अशोक राई नेतृत्वको जसपासँग पनि एकताबारे छलफल भइरहेको छ। जसपाले एकता प्रस्तावबारे छलफल गरेर वार्ताका लागि कार्यदल नै बनाएको छ। संघीय परिषद् अध्यक्ष राजेन्द्र श्रेष्ठको संयोजकत्वमा कार्यदल बनाइएको छ। कार्यदलमा सहअध्यक्ष रेणु यादव, उपाध्यक्षद्वय रनध्वज कन्दङ्वा र परशुराम बस्नेत तथा महासचिव मोहमद इस्तियाक राई सदस्य छन्। दुईजना सदस्य थप्न बाँकी रहेको श्रेष्ठले बताए।

श्रेष्ठले नीति, कार्यक्रम र सिद्धान्तका आधारमा एकता र ध्रुवीकरण हुने बताए। 'जेन-जी आन्दोलनपछि नेपाली समाज नै ध्रुवीकरण, पुनर्संरचना, पुनर्गठनको स्थितिमा छ। प्रत्येक दलमा एकीकरण र ध्रुवीकरणको क्रम सुरु भएको छ। यस्तो परिप्रेक्ष्यमा कुनै पनि पार्टीले म एक्लै जान्छु भन्दा पनि नीति, कार्यक्रम, सिद्धान्त मिल्नेसँग एकता गरेर जानुपर्छ,' उनले भने। एकता सम्भव नभए मोर्चा र तालमेल पनि गर्न सकिने उनले बताए। विगतमा समाजवादी मोर्चामा सँगै काम गरेको हुनाले नेपाली कम्युनिस्ट पार्टीसँग विचार, सिद्धान्तमा धेरै भिन्नता नरहेको उनले बताए।

मेडिकल शिक्षामा विगतमा भएको त्रुटिपूर्ण निर्णय खारेज गर्न डा. केसीको माग



नयाँ पत्रिका

चिकित्सा शिक्षा सुधारका अभियन्ता डा. गोविन्द केसीले स्वार्थ समूहको चलखेलको प्रभावबाट अघिल्लो सरकारले गरेका गलत निर्णय खारेज गर्न माग गरेका छन्। आइतबार प्रधानमन्त्री सुशीला कार्कीलाई १० बुँदे ज्ञापनपत्र बुझाउँदै उनले मेडिकल शिक्षाको सिट वृद्धि गरिएकालगायत निर्णय खारेज गर्न माग राखेका हुन्।

केसीले विगतमा मेडिकल व्यवसायीको स्वार्थमा भएको निर्णय खारेज हुनुपर्ने बताए। 'विगतको सरकारले अव्यावहारिक निर्णय गर्दै व्यवयासीलाई पोसेको छ, यो निर्णय खारेज हुनुपर्छ,' उनले भने, 'अघिल्लो सरकारमा स्वार्थ समूह हाबी भएर त्यस्तो भएको थियो, त्यो मान्य छैन, प्रधानमन्त्रीज्यू पनि चिकित्सा शिक्षा सुधारको अभियन्ता हो, उहाँले अर्को वर्षदेखि सुधार हुने गरी निर्णय गरिने बताउनुभएको छ।' हाल बढाइएको सिटअनुसार निजी मेडिकल कलेजले थप सिटसमेत बढाएर विद्यार्थी भर्ना गरेकाले आगामी शैक्षिक सत्रदेखि पहिलेका निर्णय खारेज गरेर पुरानै सिट क्षमता लागू हुनुपर्ने माग आफूले राखेको उनले बताए।

डा. केसीसँगै चिकित्सा शिक्षा आयोगका पूर्वउपाध्यक्ष श्रीकृष्ण गिरी, प्रा.डा. जगदीशप्रसाद अग्रवाल पनि प्रधानमन्त्री कार्कीलाई भेट्न पुगेका थिए। उनीहरूले मेडिकल शिक्षाको मुद्दालाई अघि सार्दै विगतमा निजी मेडिकल कलेजको पक्षमा भएको सिट वृद्धिको निर्णय उल्ट्याउन माग गरे। बैठकमा गृहमन्त्री ओमप्रकाश अर्याल, शिक्षामन्त्री महावीर पुन, स्वास्थ्यमन्त्री डा. सुधा गौतम र चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष डा. अञ्जनी झा सहभागी थिए।

केसीले आफूले मेडिकल शिक्षा सुधारका लागि उठाएका आवाज विगतमा सुनुवाइ नभएको भन्दै अबको सरकारले मेडिकल शिक्षाको मर्म बुझ्नुपर्ने बताए। केसीको ज्ञापनपत्रमा सरकारी अस्पताल तथा स्वास्थ सेवा संस्थाहरूमा अहिलेको आवश्यकताअनुसार जनशक्ति दरबन्दी वृद्धि गर्ने, चिकित्सकलगायत स्वास्थ्यकर्मीको रोजगारीका अवसर सिर्जना गर्नुपर्ने माग छन्।

प्रधानमन्त्री कार्कीले मेडिकल शिक्षाबारे सरकार गम्भीर रहेको र त्रुटिहरू सच्याउने बताइन्। करिब तीन महिनाअघि तत्कालीन प्रधानमन्त्री केपी ओलीको अध्यक्षतामा बसेको चिकित्सा शिक्षा आयोगको बैठकमा निजी मेडिकल कलेजहरूको सिट वृद्धि गरिएको थियो। करिब एक हजार चार सय सिट वृद्धि गर्दा मेडिकल माफियाहरूको चलखेल भएको भन्दै विरोध भएको थियो।

संक्षेप

कान्तिपुर भेटका सञ्चालकविरुद्ध किर्ते मुद्दा दायर

काठमाडौं/ सरकारी पत्र किर्ते गरी ७० करोड रुपैयाँभन्दा धेरैको अवैध औषधि आयात तथा भिटामिन आयात गरी बिक्री गर्ने कान्तिपुर भेट डिस्ट्रिब्युटर्सका सञ्चालकविरुद्ध मुद्दा दायर भएको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले आइतबार जिल्ला सरकारी वकिल कार्यालयमार्फत मुद्दा दायर गरेको हो। कम्पनीकी अध्यक्ष सुना सुवेदी बडाल र उनका श्रीमान् हेमराज बडालविरुद्ध मुद्दा दायर भएको हो। अनुसन्धानका क्रममा उनीहरूले अनुमतिविना करिब ७० करोड रुपैयाँबराबरको पशुपन्छीको फुड सप्लिमेन्ट, भिटामिन तथा मिनरल आयात गरेर बिक्री गरेको फेला परेको थियो। सरकारले यस्ता फुड सप्लिमेन्ट, भिटामिन आयात गर्न प्रतिबन्ध लगाएको छ। कुखुरालाई त्यस्ता फुड सप्लिमेन्ट, भिटामिन खुवाउँदा छिटो बढ्ने, तर त्यस्ता कुखुराको मासुले स्वास्थ्यमा गम्भीर असर गर्ने भएकाले रोक लगाएको थियो। तर, बडालले सरकारी पत्र नै किर्ते बनाई भन्सारमा पेस गरेर सोही आधारमा आयात गरेर बिक्री गर्दै आएका थिए। सिआइबीका एसएसपी शिवकुमार श्रेष्ठका अनुसार औषधि व्यवस्था विभाग, राष्ट्रिय पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन प्रयोगशाला र गुणस्तर तथा औषधि नियमन प्रयोगशलाका पत्रहरू किर्ते गरिएका हुन्।

कक्षा १२ को मौका परीक्षामा ७३.४१ प्रतिशत ग्रेडेड

काठमाडौं/ राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को मौका परीक्षाको नतिजा प्रकाशन गरेको छ। आइतबार प्रकाशित नतिजाअनुसार ७३.४१ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन्। कुल एक लाख चार हजार २६ विद्यार्थी सहभागी भएकोमा ७६ हजार ३६७ विद्यार्थी उत्तीर्ण भएका हुन्। ननग्रेडेड विद्यार्थीलाई लक्षित गर्दै बोर्डले ७ र ८ असोजमा परीक्षा सञ्चालन गरेको थियो। परीक्षा सञ्चालन भएको डेढ महिनामा नतिजा आएको हो। बोर्डले ३ मंसिरसम्म रिटोटलिङका लागि समय दिएको छ। रिटोटलिङ गर्दा एक हजार रुपैयाँ र एसइईको कागजात लिँदा एक हजार पाँच सय रुपैयाँ शुल्क तिर्नुपर्नेछ।

महानगरभित्र प्लास्टिक र फोहोरजन्य वस्तु जलाए १० हजार जरिवाना

काठमाडौं/ काठमाडौं महानगरपालिकाले महानगरभित्र प्लास्टिक र फोहोरजन्य वस्तु जलाउन रोक लगाएको छ। प्लास्टिकजन्य र फोहरजन्य वस्तु बाल्दा जाडोयाममा प्रदूषण फैलिने र जनस्वास्थ्यमा समेत गम्भीर असर पर्ने भएकाले त्यस्ता वस्तु जलाउन पूर्ण रूपमा रोक लगाएको हो। महानगरको वातावरण व्यवस्थापन विभागले आइतबार सूचना जारी गर्दै महानगरको कुनै पनि स्थानमा प्लास्टिक, प्लास्टिककजन्य वस्तु र फोहोर नबाल्न अनुरोध गरेको छ। यदि अटेरी गरेर फोहोर बालेको भेटिएमा १० हजार रुपैयाँ जरिवाना तिराइनेछ। फोहोर र प्लास्टिकजन्य वस्तु बाल्नेलाई महानगरको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ तथा आर्थिक ऐन, २०८२ अनुसार कारबाही हुनेछ। महानगरका वातावरण व्यवस्थापन विभाग प्रमुख सरिता राईका अनुसार जाडोयाममा वायुप्रदूषण बढ्ने भएकाले फोहोर वस्तु बाल्न रोक लगाइएको हो। 'फोहोर तथा प्लास्टिक बाल्नु आफैंमा घातक हो, स्वास्थ्य र वातावरण दुवैलाई यसले असर गर्न सक्छ, हामीले हरेक वर्ष फोहोर र प्लास्टिक नबाल्न भनेर निर्देशन जारी गर्छौं, तर कतिपय ठाउँमा अटेरी गरेको भेटिएको थियो, यस वर्ष भने हामीले चर्को जरिवाना तिराउँछौं, त्यस्तो हानिकारक वस्तु बालेर प्रदूषण गराएमा हरेकपटक १० हजारका दरले जरिवाना तिराउँछौं,' उनले भनिन्, 'चिसो मौसम सुरु भएसँगै फोहोर, प्लास्टिक र अन्य वस्तु खुला ठाउँमा बाल्ने क्रम बढेको छ, अब महानगरको नगर प्रहरीले अनुगमनलाई तीव्रता दिन्छ।' प्लास्टिक तथा फोहोरजन्य वस्तु बाल्दा निस्कने धुवाँले मानव स्वास्थ्यमा पनि प्रत्यक्ष असर पार्छ। मुख्यतः श्वासप्रश्वासमैं सम्बन्धित समस्या निम्त्याउँछ। यस्तै, बालबालिका, ज्येष्ठ नागरिकमा दम, रुघाखोकी लाग्नेजस्ता श्वासप्रश्वासका जटिल रोग देखा पर्ने चिकित्सकहरू बताउँछन्।

मेलम्ची पानी खुलाउन मन्त्रालयमा छलफल, आज निर्णायक वार्ता

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

विगतमा गरिएका सहमति कार्यान्वयनसँगै बन्द सुरुङ खुलाउन खानेपानी मन्त्रालय र मेलम्ची खानेपानी बाढीपीडित संघर्ष समितिबिच छलफल भएको छ। खानेपानी मन्त्रालयमा आइतबार सम्पन्न प्रारम्भिक छलफलमा संघर्ष समिति र सरोकारवाला निकायबिच तत्काल वार्ता गरेर मेलम्ची पानी सुचारु गर्ने सहमति भएको छ। छलफलअनुसार सोमबार ११ बजे वार्ता गरेर निकास दिने भनिएको छ।

संघर्ष समितिको तर्फबाट प्रतिनिधित्व गरेका हेलम्बुवासी विष्णु खड्काले दिएको जानकारीअनुसार आइतबार प्रारम्भिक छलफल भएको र तत्काल निर्णायक वार्तामा बस्ने सहमति भएको छ। वार्तापछि मात्रै विगतमा भएका सहमति कार्यान्वयनबारे ठोस निर्णय गरिनेछ। 'आजको छलफलमा संघर्ष समितिका तर्फबाट राखेका माग र खानेपानी मन्त्रालयले सम्बोधन गर्न सक्ने बुँदाबारे सामान्य कुराकानी भयो,' खड्काले भने।



खानेपानी मन्त्रालयकी सचिव प्रमिलादेवी बज्राचार्यको अध्यक्षतामा भएको छलफलमा मेलम्ची खानेपानी आयोजनाका कार्यकारी निर्देशक जगन्नाथ दास, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, राजनीतिक दल, जेन-जी र सरोकारवाला निकायका प्रतिनिधि सहभागी थिए। मेलम्ची खानेपानी बाढीपीडित संघर्ष समितितर्फ संघर्ष समितिका पदाधिकारी, स्थानीय भेन्डर्स, घरजग्गा भाडावाला र सामाजिक उत्थान कार्यक्रम (सुप) का प्रतिनिधि सामेल थिए।

मेलम्चीको पानी काठमाडौंले उपभोग गरेबापत स्थानीय हेलम्बु सरकारलाई नियमसंगत प्राप्त हुनुपर्ने २५ प्रतिशत रकमबारे विगतमा गरिएको सहमति कार्यान्वयन संघर्ष समितिको मुख्य माग छ। २१ असोज ०८१ मा तत्कालीन खानेपानीमन्त्री प्रदीप यादवले संघर्ष समितिसँग १० बुँदे सहमति गरेका थिए। चार दिनअघि मुहान क्षेत्र अम्बाथानको सुरुङमा स्थानीयले एक्स्काभेटर प्रयोग गरेर मेलम्ची खोलाको पानी खोलामा फर्काएका थिए। मेलम्चीबाट दैनिक १७ करोड लिटर पानी राजधानी काठमाडौं जान्छ। पानी रोकिएपछि अहिले काठमाडौं उपत्यकामा खानेपानीको अभाव भएको छ।

२० दिनदेखि बेपत्ता दुई भारतीय नागरिक मृत फेला

कास्की/ २० दिनदेखि बेपत्ता दुई भारतीय नागरिक मृत फेला परेका छन्। मृत फेला पर्नेमा ५२ वर्षीय जिग्नेसकुमार लल्लुभाइ पटेल र उनकी छोरी वर्ष १७ की प्रियन्साकुमारी पटेल छिन्। मनाङ भ्रमणका क्रममा रहेका उनीहरूको हिउँमा फसेर मृत्यु भएको हो। उनीहरू ४ कात्तिकमा मनाङको डिस्याङ गाउँपालिका- ४ स्थित ग्याल्सेन होटेलबाट डिस्याङ- ५ स्थित मिलेरेपा गुम्बा घुम्न जाने भनी हिँडेका थिए। उनीहरू सोही दिनदेखि सम्पर्कविहीन भएका थिए। उनीहरूको शव आइतबार गुम्बाबाट करिब सय मिटरमाथि हिउँले पुरिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मनाङका प्रमुख प्रहरी नायब उपरीक्षक हरि पौडेलले जानकारी दिए।

जिग्नेसकुमार र प्रियन्साकुमारी यसअघि गत जेठमा पनि मनाङ आएका थिए। ध्यान गर्न रुचाउने उनीहरूले यसअघि आउँदासमेत गुम्बाबाट करिब चार सय मिटरको दूरीमा रहेको ओडारमा ध्यान गरेका थिए। गत जेठमा पनि धेरै दिनसम्म नफर्किएपछि प्रहरी गएर उनीहरूलाई ल्याएको थियो। यसपटक पनि उनीहरू सोही ओडारमा ध्यान गरेर फर्कंदै गरेको अवस्थामा बाटोमा हिउँमा परेर बेपत्ता भएको अनुमान गरिएको उनले बताए। आफ्नो होटेलमा बसेका बाबुछोरी बेपत्ता भएपछि होटेल सञ्चालकले नेपाल प्रहरी, सशस्त्र प्रहरी बलसँगै नेपाल पर्वतीय उद्धार तालिम शिक्षालय मनाङलाई जानकारी दिएका थिए। त्यसपछि उनीहरूलाई ड्रोनसँगै अन्य माध्यमबाट तीनपटक खोजी गरिएको थियो। चौथोपटकको प्रयासमा आइतबार मृत अवस्थामा फेला पारेको पौडेलले बताए। हिउँ पग्लिन सुरु भएपछि आइतबार उनीहरूको ढाडको भाग देखिएपछि सशस्त्र प्रहरी नायब उपरीक्षक हिराबहादुर जिसीको कमान्डमा खटिएको माउन्टेन रेस्क्यु तालिम प्राप्त टोलीले उनीहरूलाई फेला पारेको पौडेलले बताए।

हुँडारको हल्लाले त्रासमा रंगेलीका बासिन्दा

राति गस्ती गर्न थाले गाउँले, सडक र घरमा रातभरि बाल्न थालियो बत्ती

विराटनगरमा **गणेश लम्साल**

मोरङको रंगेली सीमावर्ती क्षेत्रमा अफ्रिका तथा एसियाका केही भूभागमा मात्र पाइने लोपोन्मुख मांसाहारी जनावर हुँडार (हाइना)को बथान देखापरेको भन्दै स्थानीयवासी रातभरि बत्ती बालेर सुत्न थालेका छन्। लोपोन्मुख मानिएको हिंस्रक जनावर हुँडारको बथान रंगेली नगरपालिका- ४ स्थित धनपति गाउँमा देखापरेको भन्दै वडा नम्बर ४ र ५ का बासिन्दाले रातभरि घर र सडकका बत्ती बाल्ने गरेका हुन्।

मांसाहारी जनावर हुँडारको बथान तीन-चार दिनदेखि रातको समयमा देखिन थालेको भन्दै स्थानीय बासिन्दामा त्रास फैलिएको छ। गाउँलेले राति गस्ती नै गर्न थालेका छन्। रंगेली- ४ को धनपति गाउँको बाँसघारी र खेतमा हुँडारको बथान नै देखिएको रंगेली नगरभरि हल्ला व्यापक भएको छ।

रंगेली- ५ का वडाध्यक्ष महानन्द मण्डलले हुँडार देखिएको हल्ला गाउँनगर सबैतिर व्यापक भएको, तर अहिलेसम्म आफ्नो वडामा कतै पनि नदेखिएको बताए। उनले सीमाक्षेत्रदेखि झन्डै २० किमि टाढा भारतको पिपरामा हुँडारले तीन दिनअघि दुईजना घाइते बनाएको आफूले पनि सुनेको र नगर क्षेत्रमा प्रत्यक्ष देख्ने प्रत्यक्षदर्शी भने आफूले नभेटेको बताए। 'राति हुँडार देखिएको भन्दै भिडियो सामाजिक सञ्जालमा हाल्ने मान्छेलाई पनि बोलाएको छु, भेटेपछि मात्र यकिन गर्न सकिएला,' उनले भने।



मण्डलका अनुसार भारतको पिपरामा दुईजना घाइते भएपछि सीमा क्षेत्रका बासिन्दा त्रासकै कारण नेपालमा पनि स्याललाई हुँडार देखिएको भनेर हल्ला व्यापक भएको हुन सक्छ। वडा नम्बर ४ का वडासदस्य रामेश्वर मण्डलले गाउँमा हुँडार देखिएको दाबी गर्दै दुईजना घाइते भएको बताए। तर, प्रहरीले भने यसको पुष्टि गरेको छैन।

इप्रका रंगेली र नगरपालिकाले नेपालतर्फ राति हुँडार देखिएको हल्लाले त्रास फैलाएपछि सतर्क भएर बस्न सीमा क्षेत्रका बासिन्दालाई आग्रह गरेका छन्। सोही कारण स्थानीय रातभरि घरका साथै सडकको बत्ती ननिभाउने र राति घरबाहिर निस्कन छाडेका छन्। 'हुँडारको हल्लाले त्रास व्यापक भएपछि मैले पनि वडाका सबै पोलमा बिजुली बाल्न लगाएको छु,' वडाध्यक्ष महानन्द मण्डलले भने।

मोरङका प्रमुख वन अधिकृत उत्सव थापाले रंगेलीको सीमा क्षेत्रमा हुँडार देखिएको र भारततर्फ दुईजना घाइते भएको सूचना गाउँलेले दिएपछि सर्वाडिभिजन कार्यालयमार्फत निगरानी थालेको, तर तीन दिन बित्दा पनि अझैसम्म लोकेट हुन नसकेको बताए। 'रंगेलीमा राति हुँडारको बथान नै देखिएको सूचना आएपछि उद्धारका लागि वन्यजन्तु आरक्षण केन्द्र कोशी टप्पुलाई जानकारी दिएका छौं। फेला परेमा उद्धार गरेर निकुञ्जमा पठाइदिनेछौं, त्रासले गर्दा स्यालको बथानलाई हुँडार भनिएको हुन पनि सक्छ, त्यो लोकेट भएपछि मात्र थाहा हुनेछ,' उनले भने।

कोशी टप्पु वन्यजन्तु आरक्षका संरक्षण अधिकृत भूपेन्द्र यादवले रंगेलीमा हुँडार देखिनु दुर्लभ घटना भएको र लोकेट गरेर उद्धार गर्न टोली खटाइसकेको बताए। यादवका अनुसार सन् २०११ मा भएको अध्ययनमा नेपालका २५ जिल्लामा हाइना पाइने देखाइएको थियो। तर, त्यसपछि भने हाइना कतै देखिएको छैन। पछिल्लो अध्ययनअनुसार नेपालमा हाइनाको संख्या करिब सयको हाराहारीमा रहेको अनुमान छ।

कस्तो जनावर हो हुँडार ?

वन्यजन्तु विज्ञका अनुसार हुँडार मांसाहारी जनावर सामान्यतया कुकुरजस्तै देखिए पनि वैज्ञानिक दृष्टिले छुट्टै वर्गमा पर्दछ। अध्ययनका अनुसार अफ्रिका र एसियाका केही भू-भागमा बढी पाइन्छन्। बलियो जबडा, हाँसोजस्तै सुनिने आवाज र अनुशासित समूहमा बस्ने स्वभाव यसको प्रमुख पहिचान मानिन्छ। विशेषगरी हुँडारलाई खुला स्थानमा मातृसत्तात्मक समूहमा बस्ने जनावरका रूपमा चिनिन्छ।

विशेषज्ञहरूले हुँडारलाई प्रायः मृत जनावर खोजेर खाने जनावरका रूपमा बुझाइए पनि त्यसमा मात्र सीमित नरहेको बताएका छन्। उनीहरू अत्यन्तै सक्षम सिकारीसमेत भएको अध्ययनमा उल्लेख छ। अगाडिको खुट्टा लामो र पछाडिको छोटो भएकाले हुँडारको शरीर अघिल्तिर झुकेसरि देखिन्छ।

शक्तिशाली जबडाका कारण हड्डीसम्म चुँडेर खाने क्षमताको संसारमै उदाहरणीय जनावरका रूपमा हुँडारलाई वैज्ञानिकहरूले वर्णन गरेका छन्। साथै, समूहभित्र सूचना आदानप्रदानका लागि निकालिने विशिष्ट आवाज यसको अर्को आकर्षक विशेषता मानिन्छ। यिनीहरू समूहमा सिकार गर्ने गर्दछन्। खरायो, स्याल, बाख्रा, हरिण, अर्ना, बँदेल खान रुचाउने हुँडारले विशेष अवस्थामा मान्छेमाथि समेत आक्रमण गरेर खाने गर्दछ। नेपाल सरकारले हुँडारलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत संरक्षित वन्यजन्तुको सूचीमा राखेको छ। यसलाई मार्न वा कुनै पनि प्रकारले हानी पुऱ्याउनु गैरकानुनी मानिन्छ।

जेन–जी विद्रोह, निर्वाचन र संविधान संशोधन

नेपालको राजनीतिक तहको भ्रष्टाचारको मूल कारक बनेको निर्वाचन प्रणालीले चुनावलाई अकल्पनीय रूपमा महँगो बनाएको छ



● कृष्णमान प्रधान

अग्रलेख



भदौ २३ र २४ को जेन-जी विद्रोहको प्रमुख मुद्दा सुशासन थियो । नेपो किड, राजनीतिक तथा उच्च तहमा विद्यमान भ्रष्टाचार, राजनीतिमा पुस्तान्तरण, राजनीतिक अस्थिरता र शासकीय उत्तरदायित्वविहीनता सुशासनका सन्दर्भमा उठाइएका प्रमुख विषय थिए । सम्भवतः विश्व इतिहासमा बिरलै देखिएको घटनाका रूपमा ३६ घण्टाकै अवधिमा 'दुईतिहाइ बहुमत'को सरकार विस्थापित भयो । नेपालमा विगतका विभिन्न द्वन्द्वले पनि क्षति गर्न नसकेका राष्ट्रिय संस्थाहरू कार्यपालिका, संसद्, न्यायपालिकालगायत सुरक्षा निकायमा ठुलो क्षति भयो । राज्यविहीन अवस्था नागरिकले महसुस गरे । तत्कालीन सरकार र सुरक्षा निकाय पूर्ण रूपमा अक्षम साबित भए, नेपाली नागरिकको बाँच्न पाउने मौलिक हक नरहेको महसुस भयो । जेन-जीको छनोट र सडकको जनादेशमा सुशीला कार्की प्रधानमन्त्री नियुक्त हुनुभयो । प्रधानमन्त्रीकै सिफारिसमा राष्ट्रपतिबाट प्रतिनिधिसभा विघटन गरी २१ फागुनमा प्रतिनिधिसभा निर्वाचन गर्ने सूचना जारी भयो । त्यसयता प्रधानमन्त्री र मन्त्रीहरूबाट स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचन सम्पन्न गराउने अभिव्यक्ति आइरहेका छन् ।

दुई दिनमै नेपालले जे-जस्तो राजनीतिक घटनाक्रम व्यहोऱ्यो, त्यस्तो नेपालको इतिहासमा मात्र नभई विश्वका कुनै पनि मुलुकले सायद व्यहोरेका छैनन् । पछिल्ला दिनमा श्रीलंका, बंगलादेश, फिलिपिन्स, पेरुलगायत मुलुकमा पनि नवयुवा विद्रोह भएको छ, तर तिनले यति छोटो समयमा यति ठुलो राजनीतिक फेरबदल गर्न सकेका छैनन् । यो विद्रोहअघि यी नवयुवा अगुवालाई सत्तामा रहेका व्यक्ति त के सायद उनकै परिवारका जेन-एक्स वा जेन-वाई पुस्ताले समेत पहिचान गरेका थिएनन् । वर्तमान सरकार गठन प्रक्रिया प्रारम्भ भएपछि यी नवयुवाका विभिन्न अगुवा र तिनका सहयोगी सतहमा देखिए । त्यसपछि घटनाक्रम तीव्र रूपमा सतहमा आउन थाले । सुशासनको प्रत्याभूति सबैको अपेक्षा भए पनि विकसित राजनीतिक घटनाक्रम र निर्वाचनबारे नवयुवाका धारणा फरक-फरक छन् । कोही पहिले संविधान संशोधन अनि मात्र निर्वाचन, कोही निर्वाचन र त्यसपछिको संसद् बाट संविधान संशोधन त कोही नयाँ निर्वाचनका माध्यमबाट राजनीतिमा पुस्तान्तरण, राजनीतिक स्थायित्व र सुशासन बहालीको पक्षमा देखिएका छन् ।

तर, केही गम्भीर प्रश्नमा बहस गरी तिनको उत्तर खोज्ने प्रयास गरिएन एवं २१ फागुनको निर्वाचन नै समस्याको समाधान ठानियो भने गम्भीर त्रुटि हुन सक्छ । ती प्रश्न हुन्- सुशासनको प्रमुख बाधक भ्रष्टाचारको कारक शासन प्रशासन हो वा यसको जरो हाम्रो शासकीय संरचना र त्यसका लागि अपनाइएको निर्वाचन प्रणालीभित्र छ ? के अहिलेकै शासकीय ढाँचा र निर्वाचन प्रणालीभित्र भ्रष्टाचाररहित शासन प्रणाली सम्भव छ ? के हाम्रो न्यायपालिकासहितका संवैधानिक निकायका संरचना आवश्यक छन् ? यसका लागि संविधान संशोधनद्वारा शासकीय ढाँचामै परिवर्तन आवश्यक छ कि छैन ? सबैभन्दा यक्षप्रश्न : के आगामी निर्वाचनले यी सबै प्रश्नको उत्तर दिनेछ ? के त्यसले मुलुकमा राजनीतिक स्थायित्वसहितको सुशासनको बहाली गर्नेछ ?

जनताद्वारा (सकेसम्म प्रत्यक्ष रूपमा) निर्वाचित जनप्रतिनिधिबाट शासित र प्रशासित हुने राजनीतिक व्यवस्था सबैभन्दा उत्तम हो भन्नेमा विवाद छैन । तर भनिन्छ, सिद्धान्तले पनि सन्दर्भमा काम गर्छ र अतिले खति गर्छ । हामीले बिरलै पाइने तीन तहका सरकार, ती सबै सरकारको नेतृत्वमा राजनीतिक दलका झन्डा बोकेका नेता, वडा सदस्यदेखि प्रधानमन्त्रीसम्म जनप्रतिनिधि र शासन-प्रशासनका सञ्चालनकर्ता, राष्ट्रपति पनि दलीय मनोनयनको व्यक्ति हुने प्रणाली बनायौं । त्यसैले तीन तहको सरकारभित्रको संरचनाको हरेक पद शासकीय शक्ति र राजकीय साधन-स्रोतको उपयोग गर्न पाउने हैसियतमा पुगे । त्यसले गर्दा ती पदका लागि हुने निर्वाचन जसरी पनि जित्नु सार्वजनिक प्रतिष्ठासहित शासकीय अधिकार र सुविधाप्राप्तिको सुनिश्चितता बन्यो । पालिकाका वडाध्यक्षदेखि प्रमुखसम्मका पद आर्कैमा कार्यकारी बनाइए । प्रदेश सभामा जित्न सके मुख्यमन्त्री, नभए सभामुख उपसभामुख, नभए मन्त्री, नभए समितिका सभापति, नभए प्रमुख सचेतक, सचेतक, त्यो पनि भएन भने सत्ता पक्ष/विपक्षको नेता, विभिन्न पटके समितिका सभापति बन्ने र सरकारी सुविधा उपभोग गर्न पाइने भयो । यही स्थिति संघीय संसद्मा भयो । अझ संघीय संसद् र प्रदेश सभाका लागि अपनाइएको मिश्रित निर्वाचन प्रणालीले गर्दा संघीय र प्रदेश सभामा कुनै दल विशेषको बहुमत आउन सकेन । संविधान जारी भएको १० वर्षमा १० भन्दा बढी पटक सरकार परिवर्तन, दर्जनौं मुख्यमन्त्री, सयौं संघीय र प्रदेश मन्त्री बन्ने अवस्था बन्यो । ०४८ मा मन्त्री, प्रधानमन्त्री भएका व्यक्ति ०८२ सम्मै प्रधानमन्त्री र मन्त्री भइरहे । दलका सभापति/अध्यक्ष एउटै व्यक्ति ३०-४० वर्षसम्म भइरहने अभ्यासले नयाँ पुस्ता र दलका सक्रिय सदस्यमा नेताप्रति वितृष्णा पैदा भएको हुँदा दलसँग मतदाता र नागरिकका सम्बन्धविच्छेद भएको छ । एउटै व्यक्ति ०४८ देखि सांसद भइरहने र दलको कार्यकारी पदमा बसिरहने कारणले निर्वाचनलाई अकल्पनीय रूपमा महँगो बनायो । नेपालको राजनीतिक तहको भ्रष्टाचारको मूल कारक यही निर्वाचन प्रणाली भएको छ । त्यसैले जनताद्वारा निर्वाचित जनप्रतिनिधिले शासन गर्ने हाम्रो शासकीय प्रणाली सिद्धान्ततः उत्कृष्ट देखिए पनि सन्दर्भमा व्यावहारिक देखिएन ।

हाम्रो न्यायपालिकामा खासगरी न्यायाधीश नियुक्ति हालका दिनमा गम्भीर बहसको विषय बनेको छ । हामीले तीनै तहका अदालतमा सेवाभित्रका क्याडर र बाहिरका विज्ञ दुवैथरी न्यायाधीश नियुक्त हुन सक्ने गरी उत्कृष्ट समावेशी विधि ल्यायौं । न्यायपरिषद्मा न्यायपालिका, बार र सरकार तीनै क्षेत्रको प्रतिनिधित्व राख्यौं । तर, न्यायाधीशको हरेक नियुक्तिमा विज्ञभन्दा दलको नेतृत्वनिकट र दलले चाहेको व्यक्तिले बढी अवसर प्राप्त गऱ्यो भनी सबै क्षेत्रबाट आलोचना भइरहेको छ । विद्यमान उच्च अदालतमा न्यायपरिषद्ले न्यायाधीश सिफारिस गर्दा, जिल्ला अदालतका न्यायाधीशलाई भन्दा दलनिकट व्यक्ति बढी हुने गर्दा न्यायसेवामा जनताको जनविश्वासमा कमी हुँदै गयो भन्ने गुनासा सुनिन्छन् । बारको नेतृत्वको प्रतिस्पर्धा सर्वोच्चको ढोका ढकढक्याउने माध्यम बनेकोसम्म सुनियो । अझ हिजोआज त न्यायपरिषद्का सम्पूर्ण पदाधिकारी दलबाट प्रभावित छन् भन्ने गरिन्छ । प्रधानन्यायाधीश र वरिष्ठ न्यायाधीश पनि दलीय प्रभावमा पर्ने, न्यायपरिषद्मा मन्त्री दलीय हुने, प्रधानमन्त्रीबाट नियुक्त हुने विज्ञ दलीय कार्यकर्ता हुने, बारको प्रतिनिधि पनि शक्तिशाली दलको हुने हुँदा न्यायपरिषद्को नेतृत्व न्यायपालिकाकै हुने भए पनि कार्यपालिका हाबी हुने अवस्था छ । त्यस अवस्थामा उत्तरदायित्व कसैको नहुने भयो । यही अवस्था संवैधानिक नियुक्तिमा भयो । संवैधानिक परिषद्को संरचनाले नै दलीय भागबन्डाको अनिवार्यता ल्यायो । संवैधानिक परिषद्का पदाधिकारी पनि आफ्नो सिफारिसप्रति उत्तरदायी नहुने अवस्था छ । त्यसमाथि संसदीय सुनवाइको व्यवस्था र समितिमा दलहरूकै बाहुल्य हुने कुराले संवैधानिक नियुक्तिको आधार विज्ञता होइन, दलीय आबद्धतालाई निर्णायक बनायो । जसले नियुक्त गऱ्यो ऊप्रति निष्ठा देखाउनु स्वाभाविक भयो । यही कारणले संवैधानिक संस्थाहरूले आफ्नो स्वीकार्यता गुमाउँदै गए । यो नवयुवा विद्रोहमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगप्रति व्यक्त प्रतिक्रिया त्यसैको परिणाम थियो । युवाले उठाएका प्रमुख विषय सुशासन र जनउत्तरदायित्वमाथि प्रश्न निरन्तर उठ्नु र जनविश्वास घट्नु यसको प्रमुख कारण हो । त्यसैले सरकारको गठन र सेवाप्रवाहमा दिजोभन्दा सहज भएको नागरिकले महसुस गर्ने वातावरण दिनु, संघीय संसद्ले संविधानबमोजिम बनाउनुपर्ने कानुन बनाउने र न्यायपालिकाले संविधान र कानुनबमोजिम न्यायसेवा दिनुका साथै न्यायिक मन प्रयोग गरी नागरिकको हितमा काम गर्न सक्ने वातावरण र संवैधानिक निकायले संविधानबमोजिम काम गर्न सरकार, संसद्, न्यायपालिका र संवैधानिक निकायले आत्मसमीक्षा गरी आफ्ना कमीकमजोरी सुधार गरी काम गरेमा भोलिका दिनमा यस्तो दुःखद घटना हुनबाट बच्न सकिनेछ ।

> अहिले संविधान संशोधनको विषयमा प्रवेश नै गरिएन भने २१ फागुनको निर्वाचनपछि हामी २५ भदौअगाडिको र अझ त्योभन्दा पनि 'हङ पार्लियामेन्ट'को अवस्थामा पुग्नेछौं

अब प्रश्न उठ्छ, के संविधानको संशोधनविना यो सम्भव छ ? छैन । तर, संविधान संशोधनको विषय उठ्नासाथ के प्रत्यक्ष राष्ट्रपतिका रूपमा निरंकुश शासक जन्माउन खोजिएको हो ? के संघीयता खारेज गर्न खोजिएको हो ? के समावेशिता हटाउन खोजिएको हो ? के राजतन्त्र फर्काउन खोजिएको हो ? के धर्म निरपेक्षता हटाउन खोजिएको हो ? जस्ता आग्रहपूर्ण प्रश्न उठ्ने गरेको सुनिन्छ । यी कुरा व्यापक राष्ट्रिय बहसपछि आमजनसहभागिता र सहमतिमा तय हुने विषय हुन् । संविधानसभाबाट बनेको संविधान भएकाले यो कुनै कार्यकारी आदेशबाट संशोधन हुन सक्दैन । जनमतसंग्रह वा जननिर्वाचित निकायबाट मात्र यसको संशोधन हुन सक्छ । यो संविधान आर्कैले १० वर्षमा यसको पुनरावलोकन गर्नुपर्ने व्यवस्था गरेको छ । तर, यत्रो ठुलो जनविद्रोहपछि पनि संविधान संशोधनको विषय उठाउँदा केही व्यक्ति वा तप्का तर्सिएको देखिन्छ । अझ अनौठो, संविधान संशोधनको एजेन्डा देखाएर सरकारमा गएका दल वा त्यसबेलाको प्रमुख प्रतिपक्षसहितका प्रमुख दलले संविधान संशोधनबारे देखाएको मौनता अनौठो र अस्वाभाविक छ । अझ अनौठो विषय निर्वाचनमा सहभागी भई निर्वाचित भएपछि सुशासन कायम गर्नुपर्ने दलले आजसम्म औपचारिक रूपमा निर्वाचनबारे निर्णय लिन सकिरहेका छैनन् । नवयुवा भने जसरी भए पनि २१ फागुनमै निर्वाचन गर्नुपर्ने माग गर्दै छन् ।

यस परिस्थितिमा के संविधान संशोधनको बहस सम्भव छ त ? सम्भव छ । पहिलो त, नवयुवाकै केही समूहले पहिले संविधान संशोधन अनि मात्र निर्वाचन भनी घोषित रूपमा धारणा व्यक्त गरेका छन् । साँच्चै भन्ने हो भने, आफ्नो जीवनभर निडर र स्वच्छ छवि बनाएकी पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीकै सरकारको अगुवाइमा संविधान संशोधन गरेर ६ महिनाको सट्टा एक वर्षभित्र नयाँ निर्वाचन गराउन पाए अत्यन्त उपयुक्त हुने थियो । २३ र २४ भदौको रापतापमा संविधानका असान्दर्भिक धारा निलम्बन गरेर संविधान संशोधनको एजेन्डामा प्रवेश गर्न पाएको भए मुलुकमा अहिले प्रकट भएका शासकीय विषयको समाधान हुने थियो । तर, त्यो रापताप सेलाएकाले अहिले सहज देखिँदैन । तर, असम्भव भने छैन ।

प्रधानमन्त्रीले पुराना प्रमुख दलसँग प्रत्यक्ष र नवयुवासमेतको सहभागितामा वार्ता प्रारम्भ गर्नुभएको छ । यसक्रममा प्रमुख दलले सर्वप्रथम कार्कीको सरकार अहिलेको सन्दर्भमा सबैभन्दा उपयुक्त उपाय थियो भन्ने सार्वजनिक रूपमा स्विकार्नुपर्छ । कम्तीमा हिजो संविधान संशोधनको एजेन्डा बनाएर सत्तामा पुग्नेहरूले संशोधन किन आवश्यक छ भन्नेबारे जनतालाई बुझाउन सक्नुपर्छ । त्यसपछि संविधान संशोधनको विषय कसरी अगाडि बढाउने भन्ने विधिमा नवयुवा तथा सरकारसँग सहकार्य र छलफलमा सहभागी हुनुपर्छ । ठिकै छ, निर्वाचन नबिथोलिने गरी संशोधनको विषयमा प्रवेश गर्ने भन्ने हो भने पनि यसको पनि विधि भेटिन सक्छ । अहिल्यै विज्ञहरूको एउटा आयोग बनाएर संविधानका संशोधनयोग्य विषयमा बहस प्रारम्भ गर्न सकिन्छ । यो विज्ञ समूहले पहिचान गरेका संविधानका विषयलाई नयाँ निर्वाचित संसद्ले संशोधन गर्ने वातावरण बन्न सक्छ । तर, सबैभन्दा गम्भीर प्रश्न, संविधान संशोधनको विषयमा प्रवेश गरिएन भने २१ फागुनको निर्वाचनपछि हामी २५ भदौअगाडिको र अझ त्योभन्दा पनि 'हङ पार्लियामेन्ट'को अवस्थामा पुग्नेछौं । राष्ट्रिय सभा र प्रदेश सभाको यही उपस्थिति र संरचनामा संविधान संशोधन लगभग असम्भव हुनेछ । त्यसपछि ७० देखि ८० वर्ष उमेर समूहका कैयौंपटक मन्त्री वा राजकीय पदमा पुगेका व्यक्तिकै सरकार बन्ने अवस्था आउन सक्छ । हाम्रो विगत त्यस्तै छ । ०४६ मा आर्कैले फालेका पञ्चलाई काग्रेस र एमालेले पालैपालो प्रधानमन्त्री बनाएकै हुन् । ०७४ र ०७९ को निर्वाचनपछि लगभग सबै दलबिच गठबन्धन सरकार बनेकै हुन् । पछिल्लो सरकार त झन् दुई प्रमुख दलबिचको गठबन्धन थियो । पछिल्लो उदाहरणका रूपमा मधेश प्रदेशको सरकारलाई लिन सकिन्छ । त्यसैले यी अनुभव र उदाहरणबारे परिवर्तनकारी शक्तिहरू खासगरी नवयुवा, दलभित्रका परिवर्तनकारी व्यक्तित्व र नागरिक समाज गम्भीर हुन जरुरी छ । त्यसैले, सकेसम्म यही सरकारको पहल वा अभिभावकत्वमा संविधान संशोधनको बहस आवश्यक छ । यसका लागि अपेक्षित भूमिका निर्वाह गर्न संवैधानिक निगरानी समूह, नेपाल कानुन समाजसस्था संस्था तयार छन् । केही हुन सकेन भने पनि कम्तीमा आगामी निर्वाचनमा उम्मेदवारको एजेन्डा कुलो, बाटो वा पुल नभई संविधान संशोधनलाई बनाऔं । अन्यथा, यत्रो ठुलो जनधनको क्षति भएको यो जनविद्रोहको उपलब्धि शून्यमा जान सक्छ र हामी फेरि यस्तै अर्को द्वन्द्वको अपेक्षामा बस्नुपर्नेछ ।

---

३ प्रश्न

राजनीतिक विश्लेषक **विजयकान्त कर्ण**लाई



■ मधेश प्रदेशको राजनीतिक खिचातानीलाई कसरी हेर्नुभएको छ ?

यसअघि सबैभन्दा मजाको राजनीति त कोशीमा देखिएको थियो । सुदूर पश्चिममा पनि यस्तै छिनाझप्टी नदेखिएको होइन । अहिले मधेशको मात्र होइन, राष्ट्रिय राजनीतिमै यही रोग फैलिएको छ । कस्तो र कुन पार्टी बनाउने, कुन पार्टी छाड्ने र कुन पार्टीमा जाने भन्ने दौडादौड चलिरहेको छ । नेताहरूमा इमानजमान नभएपछि हुने यही हो । राजनीतिक रूपमा जवाफदेही हुन नपर्नेहरूले यस्तो नौटंकी गरिरहन्छन् । सबैलाई मन्त्री पद चाहिएको छ । त्यसैले, उनीहरू कहिले कता त कहिले कता उछलकुद गरिरहन्छन् । त्यसैको परिणाम हो, मधेशको पछिल्लो राजनीति ।

■ जेन-जी विद्रोहको धक्कापछि पनि यस्तो खेल देखिनुले के संकेत गर्छ ?

विगतमा राजाले 'टेक ओभर' गरेपछि नेताहरू आफूहरू सच्चिने वाचासाथ कान समाएर जनतासामु गएका होइनन् ? केपी ओलीले संसद् भंग गर्दा सडकमा गएर फेरि गल्ती नगर्ने कसम खाएका होइनन् ? त्यसैले, हाम्रा दल र तिनका नेताहरूलाई जेन-जी आन्दोलनले छुँदैन । उनीहरूका लागि यो नौलो होइन । दलहरूलाई जेन-जी आन्दोलनले सुध्रने ठुलो अवसर दिएको हो । तर, उनीहरू सुध्रिने छाँटकाँट छैन । यसको उदाहरणमा काग्रेसमा देखिएको महाधिवेशन कहिले भन्ने विवाद र एमालेमा सुनिएको ओलीको हुंकार नै काफी छैन र ? सबैमा पार्टी सत्ता आफ्नो कब्जामा रहन्छ कि रहँदैन, सत्तामा पुगिन्छ कि पुगिन्न भन्ने मात्र चिन्ता छ ।

■ यस्तो खिचातानीले प्रदेश खारेज हुनुपर्छ भन्नेहरूलाई बल दिँदैन ?

प्रदेशहरूमा भइरहेको खिचातानीले संघीयताप्रति नकारात्मक सन्देश दिन्छ । सिंगो देशभर यही अवस्था छ । नेताहरू सुध्रिने छाँटकाँट छैन । नेता नसुध्रिएसम्म यस्तै हो ।

प्रेरक प्रसंग

भविष्य बताउने ज्योतिषीको वर्तमान

एउटा गाउँमा एकजना ज्योतिषी बस्थे । उनी आफूलाई संसारकै उत्कृष्ट ज्योतिष ठान्थे । उनी तारा हेरेर मानिसको भविष्य बताइदिन सक्ने दाबी गर्थे । उनी जहिल्यै तारातिर मात्र हेरिरहन्थे । जब आकाशमा तारा देखिन थाल्थे, तब उनी जहिल्यै हतारिँदै घरबाट बाहिर निस्कन्थे । उनी कहिलेकाहीं त रातमा गाउँलेलाई चौरमा भेला गराएर उनीहरूको भविष्य फटाफट बताउन थाल्थे । कतिपय गाउँले उनको भविष्यवाणीमा विश्वास गर्थे भने कतिपयले चाहिँ पटक्कै विश्वास गर्दैनथे ।



एक साँझ खानपिनपछि ज्योतिषी आफू सुत्ने कोठाको झ्यालबाट आकाशतिर हेर्दै थिए । उनी आकाशका तारा हरू देखेर दंग परिरहेका थिए । मनमनै सोच्दै पनि थिए- आहा ! कति सुन्दर तारा ! यी तारा हेरेर म कति सजिलै मानिसको भविष्य बताइदिन सक्छु । गम्भीर सोचमा डुबेका ज्योतिषीले अचानक आकाशबाट एउटा तारा झरिरहेको देखे । झर्दै गरेको तारा देखेपछि उनी गाउँलेलाई बोलाउँदै घरबाहिर कुदे । आकाशबाट झर्दै गरेको तारा हेरेर कुदिरहेका ज्योतिषी बाटोमा पर्ने छिमेकीको बारीबाटै चौरतिर लागे । तर, अचानक उनी छिमेकीले चर्पी बनाउन खनेको खाडलमा खसे । खाडल निकै गहिरो थियो । उनी बाहिर निस्कन सकेनन् । गाउँलेले डोरी खसालेर मुस्किलले तानिदिनुपऱ्यो ।

ज्योतिषी खाडलमा खसेको थाहा पाएर त्यहाँ आइपुगेका गाउँलेहरू खासखुस गर्न थाले- दुनियाँको भविष्य बताइदिने धक्कु लगाउने ज्योतिषी बाजेलाई आफ्नै वर्तमान त थाहा रहेनछ, यस्तालेअरूको भविष्य के बताउलान् !

टिप्पणी nayapatrikaofficial @naya_patrika

पोखरा र भैरहवा केका लागि ?



अनि त्यही काठमाडौंमा अप्ठ्यारो पर्छ भनेर भैरहवाको अन्तर्राष्ट्रिय विमानस्थल बनाइएको होइन र ?

● **पोखरेल अनन्त**

पोखरा र भैरहवाका अन्तर्राष्ट्रिय विमानस्थल किन काम लागेनन् ? एकदम बेइज्जत भयो । यो देशको सरकार के हेरिरहेको छ ?

● **महेश लामा**

पोखरा र भैरहवाका विमानस्थलको के काम ? यस्तो तालले त नेपालको बाँकी बचेको साख पनि गिर्दै जान्छ ।

● **जोन ह्वाइट**

पोखरामा छ त अन्तर्राष्ट्रिय विमानस्थल । त्यहाँ किन गएनन् अनि किन ढाका र दिल्ली पुगे ? पोखरा विमानस्थलको काम छैन हो ? तर, दैनिक उडान गर्न नपाउँदा विमानस्थलबारे राम्रो अनुभव नहुनुले पनि अन्य विमानस्थल रोजेको पनि हुन सक्छ है !

● **सना जिरेल**

नेपालमा बनाइएका अन्तर्राष्ट्रिय विमानस्थलको काम के रछ, जब जहाज डाइभर्ट हुँदा भारत नै जानुपर्छ भने । कामका छैनन् भने घरबारविहीन अव्यवस्थित बसोवासीलाई बस्न देऊ बरु !

● **अशोक सुनार**

पोखरा र गौतम बुद्ध एयरपोर्टमा हवाईजहाज अवतरण गर्न सकिँदैन भने किन बनाएको होला ? सरकारले ध्यान दिनुपर्छ ।

● **गणेश कुँवर**

कतै जानीजानी रनवेको लाइट बिगारिएको त होइन ? घोर अन्तर्राष्ट्रिय बेइज्जत ! भ्रष्टहरूको अखडा बनेको नेपाल नागरिक उड्डयन प्राधिकरण र ग्राउन्ड ह्यान्डलिङ गर्ने अर्को भ्रष्टको अखडा बनेको नेपाल वायुसेवा निगमको निकम्मा र नालायकीपन । सरकारले यस्ता निकम्माहरूलाई तुरुन्त बर्खास्त गरोस् ।

● **देशभक्त**

पोखरा र भैरहवा विमानस्थलले काम गरेनन् । ती विमानस्थल प्राविधिक सल्लाहले हो कि ? कर्मचारीको सल्लाहले हो कि ? नेताको चाहनामा निर्माण गरिएको हो ? नेता, प्राविधिक, कर्मचारी, समितिका पदाधिकारी सबैलाई अनुसन्धानमा राखी छानबिन जेन-जी सरकारले गऱ्यो भने भोट त जेन-जीले बडारेर पाउँछ । त्यति गरे पनि ठुलै उपलब्धि हुन्छ ।

● **हर्कमान श्रेष्ठ**

किन हाम्रो भैरहवा र पोखरा अन्तर्राष्ट्रिय एयरपोर्ट होइनन् र त्यहाँ किन सम्भव भएन ? भ्रष्टहरू को-को हुन् ? कुन-कुन पार्टीका हुन् ? जनतामाझ नांगेझार पार्नुपर्छ । देशलाई ऋणमा डुबाएर अन्तर्राष्ट्रिय एयरपोर्ट बनाए पनि फाइदा के ? काठमाडौं बस्न नसके बंगलादेश र इन्डियामा डाइभर्ट गर्नुपर्ने हो ?

● **दानी नाथ**

(नयाँ पत्रिका फेसबुक पेजबाट)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

विवाह : लैंगिक असमानताको पुनरुत्पादन

महिलामाथि हुने वैवाहिक बलात्कार, घरेलु हिंसा र राजनीतिक असमावेशिता केवल व्यक्तिगत पीडा होइन, प्रणालीगत अन्याय हो



● विन्दु परियार

नेपालजस्तो हिन्दु परम्परामा आधारित समाजमा विवाहलाई पवित्र संस्कार, धार्मिक कर्तव्य र जीवनको मूल आधार मानिन्छ । यससँगै विभिन्न जातजाति एवं धर्मावलम्बीको विवाहसम्बन्धी आ-आफ्नै चलन छन् । अझै पनि कतिपय ठाउँमा दाइजोका नाउँमा महिला हिंसा भइरहेको, बालविवाह तथा करकापको विवाह पनि कायमै रहेको देख्न सकिन्छ । सामाजिक दृष्टिले हेर्दा विवाह केवल दुई व्यक्तिबिचको प्रेमपूर्ण सम्बन्ध वा स्वतन्त्र निर्णय होइन; यो पितृसत्तात्मक सत्ता संरचनाको एक माध्यम हो, जसले महिलाको स्वतन्त्रता, शरीर र आवाजमाथि नियन्त्रण कायम राख्छ । विवाहले महिलालाई परिवार र समाजको स्वामित्वमा पुऱ्याउँछ र लैंगिक असमानतालाई संस्कारको आवरणमा स्थायी बनाउँछ ।

१) **विवाह र लैंगिक विभेद** : विवाहपछि महिलाको सामाजिक पहिचान उसको श्रीमान्सँग जोडिन्छ । 'श्रीमान्को घर' भन्ने अवधारणाले महिलालाई आश्रित बनाउँछ र उसको जन्मघरको पहिचान मेटाउँछ । विवाहले महिलालाई घरेलु काम, पालनपोषण र सन्तानोत्पादनमा सीमित राख्छ, जसले उसलाई आर्थिक रूपमा परनिर्भर र सामाजिक रूपमा अधीनस्थ बनाउँछ ।

२) **महिला चुलाचौकामा सीमित हुने अवस्था** : समाजले महिलाको जिम्मेवारी 'घरभित्रको काम' र पुरुषको जिम्मेवारी 'बाहिरको कमाइ' भनेर विभाजन गरेको छ । यसले महिलालाई सार्वजनिक क्षेत्र, शिक्षा, रोजगारी र नेतृत्वबाट टाढा राख्छ । उनको जीवन चुलो, बच्चा र परिवारमा सीमित रहन्छ ।

३) **पतिको मानसिकता र मौन सहमति** : हिन्दु परम्परामा 'पतिपरमेश्वर' भन्ने धारणा महिलाको स्वतन्त्र चेतनाको विरोधमा छ । श्रीमान्का हरेक आदेश धर्म ठानिन्छ र विरोध गर्नु अधर्म । यस सोचका कारण महिला श्रीमान्बाट हुने हिंसा, अपमान वा शारीरिक यातना सहन बाध्य हुन्छन् ।

४) **वैवाहिक बलात्कार र शारीरिक स्वायत्तताको चुनौती** : नेपालमा कानुनी रूपमा विवाहभित्रको बलात्कारलाई अझै स्पष्ट रूपमा अपराध मानिएको छैन । विवाहपछि महिलाको शरीरलाई पतिको सम्पत्ति मान्ने सोचले जबर्जस्ती यौनसम्बन्धलाई 'वैवाहिक कर्तव्य'का रूपमा वैध बनाइदिएको छ । यसले महिलाको सहमतिविना भएको यौनसम्बन्धलाई समाजले स्वीकृति दिने र महिलाले आफ्नो शरीरमाथिको अधिकार गुमाउने अवस्था सिर्जना गरेको छ ।

५) **घरपरिवारभित्रको घरेलु हिंसा** : घरेलु हिंसा श्रीमान्बाट मात्र होइन, परिवारका अन्य सदस्य जस्तै सासू, देवर, बाबु वा दाजुबाट पनि हुन सक्छ । यी अपमान, मानसिक पीडा र नियन्त्रणका रूप प्रायः 'परिवारिक मामिला' भन्दै ढाकछोप गरिन्छ । यसले हिंसाको संस्कृतिलाई निरन्तरता दिन्छ र महिलाको आवाजलाई घरभित्रै दबाउँछ ।

६) **पारलिंगी महिलाको विवाह अधिकार र विरोधाभास** : पारलिंगी महिला र लैंगिक अल्पसंख्यकले विवाह अधिकारको माग अघि सारे पनि पितृसत्तात्मक संरचनामा विवाह गर्नखोज्नु भनेको आफ्नै पार्टनर वा श्रीमान्बाट दमनमा पर्नु, आफ्नो पारिभाषिक अधिकार र शारीरिक स्वायत्ततामाथि विमुख हुनु हो । यसले महिलाभित्रका विभिन्न पहिचान, इच्छा र लक्ष्यलाई दबाउँछ र पितृसत्ताले विभेद, हिंसा र अत्याचारको माध्यम बनाउँछ ।

७) **शरीर, यौन स्वतन्त्रता र प्रजनन अधिकारमा हस्तक्षेप** : विवाहले महिलाको शरीर र यौनिकतामाथि पुरुष र परिवारको अधिकार स्थापित गर्छ । महिलाले गर्भनिरोधक अपनाउने, गर्भपतन गर्ने वा सन्तान नजन्माउने निर्णय स्वतन्त्र रूपमा गर्न पाउँदैनन् । सामाजिक र पारिवारिक दबाबले महिलाको प्रजनन अधिकार र यौन स्वतन्त्रता खोसिन्छ । महिलाको शरीर परिवारको सम्पत्ति बन्न पुग्छ ।

८) **एकल आमाको कानुनी चुनौती** : एकल आमाहरूले कानुनी र सामाजिक भेदभाव सामना गर्छन् । विवाहबाहिर सन्तान जन्माउने महिलालाई समाजले अस्वीकार गर्छ र बच्चाको नागरिकता, सम्पत्ति अधिकार तथा सामाजिक स्वीकृति सुनिश्चित गर्न गाह्रो हुन्छ । यसले महिलाको प्रजनन स्वतन्त्रतामाथि कानुनी र सांस्कृतिक नियन्त्रण दुवै कायम गर्छ ।

९) **राजनीतिक समावेशिता र महिलाको न्यून सहभागिता** : राजनीतिमा महिलाको आवाज प्रतीकात्मक मात्र छ । नीति-निर्माण, बजेट निर्धारण वा निर्णय प्रक्रियामा महिलाको वास्तविक सहभागिता न्यून छ । पुरुष नेतृत्वले भरिएको राजनीतिक संरचनाले मुद्दा घरेलु हिंसा, यौन उत्पीडन, स्वास्थ्य, रोजगारी आदिलाई प्राथमिकतामै राख्दैन ।

१०) **पुरुष नेतृत्व र पितृसत्ताको जड** : विवाह, परिवार र राज्य सबै पितृसत्ताको ढाँचामा छन् । यसले पुरुषलाई निर्णयकर्ताको भूमिकामा राख्छ र महिलालाई अनुशासनमा सीमित गर्छ । जबसम्म महिलाले आर्थिक, सामाजिक र राजनीतिक स्वतन्त्रता पाउँदैनन्, तबसम्म पुरुष सत्ता कमजोर हुँदैन ।

निष्कर्ष : विवाहलाई पवित्र संस्कारका रूपमा होइन, शक्ति र नियन्त्रणको माध्यमका रूपमा बुझ्ने समय आएको छ । महिलामाथि हुने वैवाहिक बलात्कार, घरेलु हिंसा र राजनीतिक असमावेशिता केवल व्यक्तिगत पीडा होइन, प्रणालीगत अन्याय हो । पारलिंगी महिलाले पुरानै संरचनाभित्र विवाह गर्न खोज्नु भनेको आफ्नै अधिकार, स्वतन्त्रता र स्वामित्वबाट विमुख हुनु हो । समानताको खोजी विवाहपछिको स्वतन्त्रता, समान निर्णय अधिकार, आर्थिक आत्मनिर्भरता र शरीरमाथिको स्वामित्वबाट सुरु हुन्छ । जबसम्म महिलाको आवाज सुन्ने कान र उसको स्वतन्त्रता स्विकार्न समाज तयार हुँदैन, तबसम्म पितृसत्ताको जरो उखेलिँदैन ।

(कवि/लेखक परियार नीलहिरा समाज, समता फाउन्डेसनकी फेलो हुन्)

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, व्याज लगायतका अन्य रकम बैंकसँगाको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरिकाले गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५२ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१	**ऋणी : सहुव मिया** स्थायी ठेगाना : सर्लाही जिल्ला, खोरिया गा.वि.स. वडा नं. २, हालको ठेगाना : सर्लाही जिल्ला, चक्रघट्टा गा.पा. वडा नं. ९, बाबु : फेकु बैठा धोवी, बाजे : जैसी बैठा धोबी
२	**ऋणी फर्म : आयुष ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता: उमेश कुमार साह** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय बारामा प्रा.फ.र.नं. ४१८३/०७२/७३, दर्ता मिति २०७२/१२/२२, ठेगाना: जिल्ला बारा, कोल्हवी न.पा. वडा नं. १
३	**१) ऋणी फर्म : होटल ब्लेस इन, सञ्चालक तथा जमानीकर्ता : प्रशन्न बराल** दर्ता नं. : पर्यटन तथा उद्योग कार्यालय, कास्कीमा उद्योग दर्ता नं. २५११२/०७२/०८०, दर्ता मिति: २०७२/१०/१०, ठेगाना : जिल्ला कास्की, पोखरा म.न.पा. वडा नं. ६ **२) ऋणी फर्म : जानकी मेठल उद्योग, प्रोप्राईटर तथा जमानीकर्ता : कृष्ण प्रसाद बराल** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, कास्की गण्डकी प्रदेशमा प्रा.फ.नं.घ.उ.वि. ९४१४/०७०/०७१, दर्ता मिति: २०७०/०७/२१, ठेगाना: जिल्ला कास्की, पोखरा म.न.पा. वडा नं. २ **३) ऋणी : कृष्ण प्रसाद बराल** स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६, हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६, बाबु : वालाराम बराल, बाजे : कृष्णलाल बराल
४	**ऋणी फर्म : सन स्टार ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता : सन्तोष पाण्डे** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, कास्कीमा प्रा.फ.र.नं. ३४४४/०६६/०६७, दर्ता मिति: २०६६/११/०६, ठेगाना: जिल्ला कास्की, पोखरा उ.म.न.पा. वडा नं. ८
५	**ऋणी : चिनिया बहादुर बज्राचार्य** स्थायी ठेगाना : ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १७, हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ९, बाबु : ज्ञान बहादुर बज्राचार्य, बाजे : सप्तविर बज्राचार्य
६	**ऋणी फर्म : नविन कृषि तथा पशुपंक्षी फर्म, प्रोपाइटर तथा जमानीकर्ता : नविन थापा** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, भोजपुरमा, लघु उद्यम द.नं. २३५३/०७७/०७८, दर्ता मिति : २०७७/०६/२५, ठेगाना : जिल्ला भोजपुर, अरुण गा.पा. वडा नं ४
७	**ऋणी फर्म : होटल सुर्य, प्रोपाइटर तथा जमानीकर्ता : सूर्य बहादुर राई** दर्ता नं.: घरेलु तथा साना तथा उद्योग कार्यालय, इटहरी, सुनसरीमा, प्र.फ.नं. २०८७४/०७९/०८०, दर्ता मिति : २०७९/१२/२७, ठेगाना : जिल्ला सुनसरी, धरान उ.म.न.पा. वडा नं. ५
८	**ऋणी : सुदिप पोखरेल,** स्थायी ठेगाना : मोरङ जिल्ला, इन्द्रपुर गा.वि.स. वडा नं.७, हालको ठेगाना : मोरङ जिल्ला, सुन्दरहरैचा न.पा वडा नं.११, बाबु : गणेश प्रसाद पोखरेल, बाजे : टंक प्रसाद पोखरेल
९	**ऋणी : भगवती कुमारी बस्नेत(काकी),** स्थायी ठेगाना : सप्तरी जिल्ला, हदिर्या गा.वि.स. वडा नं.०५, हालको ठेगाना : मोरङ जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं.१०, बाबु : कुमार बस्नेत, ससुरा : बल बहादुर कार्की, पति : सुरेन्द्र कुमार काकी
१०	**ऋणी : कन्सं राज राजवंशी,** स्थायी ठेगाना : मोरङ जिल्ला, डाइनीया गा.वि.स. वडा नं.५, हालको ठेगाना : मोरङ जिल्ला, सुनवर्षी न.पा. वडा नं.९, बाबु : हरुप नारायण राजवंशी, बाजे : बहादुर राजवंशी
११	**१) ऋणी फर्म : मनिसा ठेलर्स, प्रोपाइटर तथा जमानीकर्ता : नरमाया सुनदास** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, मोरङ विराटनगरमा प्रा.फ.नं.घ.उ.मो. १६५८६/०७६/०७७, दर्ता मिति : २०७६/१२/०७, ठेगाना : जिल्ला मोरङ, सुन्दरहरैचा न.पा. वडा नं. १२ **२) ऋणी :सन्त बहादुर दर्जि,** स्थायी ठेगाना : मोरङ जिल्ला, वेलवारी गा.वि.स.वडा नं. ९, हालको ठेगाना : मोरङ जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. १२, बाबु : तेज बहादुर दर्जी, बाजे : भक्त बहादुर दर्जि तथा **नरमाया सुन्दास,** स्थायी ठेगाना : संखुवासभा जिल्ला, चैनपुर गा.वि.स वडा नं. ८, हालको ठेगाना : मोरङ जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. १२, बाबु : होम बहादुर दमाई, ससुरा : तेज बहादुर दर्जी, पति : सन्त बहादुर दर्जि **कर्जाको किसिम : व्यक्तिगत कर्जा** **३) ऋणी : सन्त बहादुर दर्जि,** स्थायी ठेगाना : मोरङ जिल्ला, वेलवारी गा.वि.स.वडा नं. ९, हालको ठेगाना : मोरङ जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. १२, बाबु : तेज बहादुर दर्जी, बाजे : भक्त बहादुर दर्जि **जमानीकर्ता : नरमाया सुन्दास**, स्थायी ठेगाना : संखुवासभा जिल्ला, चैनपुर गा.वि.स वडा नं. ८, हालको ठेगाना : मोरङ जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. १२, बाबु : होम बहादुर दमाई, ससुरा : तेज बहादुर दर्जी, पति : सन्त बहादुर दर्जि
१२	**१) ऋणी फर्म : उर्मरा एग्रो फार्म एण्ड फ्रेस हाउस, प्रोपाइटर तथा जमानीकर्ता : मदन प्रसाद ओझा** दर्ता नं.: वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगरमा, प्रा.फ.र.नं. ३००६६/०७४/७५, दर्ता मिति : २०७४/०८/०५, ठेगाना : जिल्ला मोरङ, सुन्दरहरैचा न.पा. वडा नं. ८ **२) ऋणी : मदन प्रसाद ओझा,** स्थायी ठेगाना : मोरङ जिल्ला, केरौना गा.वि.स. वडा नं. ६, हालको ठेगाना : मोरङ जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. ८, बाबु : नारायण प्रसाद ओझा, बाजे : गोविन्द प्रसाद ओझा
१३	**ऋणी फर्म: फेसन प्वाईन्ट, प्रोप्राइटर तथा जमानीकर्ता : जफुरलवफा अंसारी** दर्ता नं.: नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग कास्की गण्डकी प्रदेशमा प्रा.फ.र.नं. २०२७५/०७७/०७८, दर्ता मिति: २०७७/०७/१४, ठेगाना: जिल्ला कास्की, पोखरा म.न.पा. वडा नं. १०
१४	**१) ऋणी फर्म : उषा कलर हाउस, प्रोप्राईटर तथा जमानीकर्ता : उषा शाही** दर्ता नं.: वाणिज्य कार्यालय, भैरहवा रुपन्देहीको प्रा.फ.र.नं. ४११०४/०७४, दर्ता मिति : २०७४/०८/२६, ठेगाना : जिल्ला रुपन्देही, सैनामैना न.पा. वडा नं. २ **२) ऋणी : विश्व गुरुङ्ग** स्थायी ठेगाना : रुपन्देही जिल्ला, परोहा गा.वि.स. वडा नं. १, हालको ठेगाना : रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. ४ बाबु : शंकर बहादुर गुरुङ्ग, बाजे : शेर बहादुर गुरुङ **कर्जाको किसिम: व्यक्तिगत कर्जा** **३) ऋणी : रविना गुरुङ** ठेगाना : रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. ४, बाबु : शंकर बहादुर गुरुङ्ग, बाजे : शेर बहादुर गुरुङ **जमानीकर्ता :सुमित्रा खाम्चा** स्थायी ठेगाना : पाल्पा जिल्ला, पालुङ मैदानी गा.वि.स. वडा नं. ४, हालको ठेगाना : रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. ४ बाबु : मोहन बहादुर दर्लामी मगर, पति : धन बहादुर खाम्चा
१५	**ऋणी फर्म : रोशना फर्निचर सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता : ध्रुवान रोकाय** दर्ता नं.: वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगंज, बाँकेमा, प्रा.फ.र.नं. २३०२६/०७०/०७१, दर्ता मिति : २०७०/१०/२०, ठेगाना : जिल्ला बाँके, बैजनाथ गा.पा. वडा नं. ४
१६	**ऋणी : कल बहादुर रोकाया** स्थायी ठेगाना : कालिकोट जिल्ला, सुकाठिया गा.वि.स. वडा नं. ७, हालको ठेगाना : कालिकोट जिल्ला, शुभकालिका गा.पा. वडा नं. ५, बाबु : धनमल रोकाया, बाजे : रन्दल रोकाया तथा **तारा कुमारी खत्री** स्थायी ठेगाना : कैलाली जिल्ला, पथरैया उ.म.न.पा./गा.वि.स. वडा नं. ४, हालको ठेगाना : कालिकोट जिल्ला, शुभकालिका गा.पा. वडा नं. ५, बाबु : उदयराम खत्री, ससुरा : धनमल रोकाया, पति : कल बहादुर रोकाया
१७	**भोजराज रानाभाट** स्थायी ठेगाना : बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ४ हालको ठेगाना : बर्दिया जिल्ला, बढैयाताल गा.पा. वडा नं. ९ बाबु : तारे रानाभाट, बाजे : चुडे रानाभाट
१८	**१) ऋणी फर्म : नन्दमाता वस्त्रालय, प्रोप्राईटर तथा जमानीकर्ता : दिप सिंह बिष्ट** दर्ता नं.: वाणिज्य कार्यालय, धनगढी कैलालीमा प्रा.फ.र.नं. १३७६६/०६६/०६७, दर्ता मिति : २०६६/०५/१७ ठेगाना: जिल्ला कैलाली, वलिया गा.वि.स. वडा नं. ९ **२) ऋणी फर्म : कैलाली नन्दामाता बस्त्रालय एण्ड अर्डर सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता : केशव बिष्ट** दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, कालीकोटमा प्रा.फ.र.नं. ७१५/०७१/७२, दर्ता मिति : २०७१/१२/२५ ठेगाना: जिल्ला कालीकोट, भर्ता गा.वि.स. वडा नं. ८, हुल्म बजार **३) ऋणी : केशव बिष्ट** स्थायी ठेगाना : कैलाली जिल्ला पथरैया गा.वि.स वडा नं. ८, हालको ठेगाना : कैलाली जिल्ला लम्की चुहा न.पा वडा नं. १ बाबु : दिप सिंह बिष्ट, बाजे : बल बहादुर बिष्ट
१९	**१. ऋणी फर्म: ए लाईन मेजीठेवल फर्म, सञ्चालक तथा जमानीकर्ता: सुग्रिव विष्ट** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश त्रिपुरेश्वर, काठमाडौंमा प्रा.फ.र.नं. २८२ दर्ता मिति: २०७५/१०/०८, ठेगाना: जिल्ला काठमाडौं, गोकर्णेश्वर न.पा. वडा नं. ३ **२. ऋणी: सुदर्शन विष्ट** स्थायी ठेगाना : काठमाडौं जिल्ला, बालुवा गा.वि.स. वडा नं. २, हालको ठेगाना : काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ३, बाबु : अर्जुन बहादुर विष्ट, बाजे : प्रेम बहादुर विष्ट
२०	**ऋणी: सुमित कुमार दनुवार** ठेगाना : काभ्रेपलानचोक जिल्ला, पाँचखाल न.पा. वडा नं. १२ बाबु : गणेशमान दनुवार, बाजे : बालकृष्ण दनुवार
२१	**ऋणी: सानु कान्छा तामाङ** स्थायी ठेगाना : धादिङ्ग जिल्ला, भुमेस्थान गा.वि.स./उ.म.न.पा. वडा नं. ८, हालको ठेगाना : धादिङ्ग जिल्ला, थाके गा.पा. वडा नं. १ बाबु : कृष्ण बहादुर तामाङ, बाजे : मनजित तामाङ
२२	**१. ऋणी फर्म: शक्तिखोर फर्म हाउस, प्रोप्राईटर तथा जमानीकर्ता: मञ्जु पौडेल** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, भरतपुर, चितवनमा, प्रा.फ.द.नं. २०९/०७६/०७७, दर्ता मिति: २०७६/१०/१२, ठेगाना: जिल्ला चितवन, कालिका न.पा. वडा नं. ९ **२. ऋणी: मञ्जु पौडेल** स्थायी ठेगाना : चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. ८, हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ८ बाबु : चोप नाथ आचार्य, ससुरा : यदुनाथ पौडेल, पति : सुरज पौडेल
२३	**ऋणी: राजेन्द्र उप्रेती** स्थायी ठेगाना : चितवन जिल्ला, कुमरोज गा.पं. वडा नं. ३, हालको ठेगाना : चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ३ बाबु : गोकर्ण बहादुर उप्रेती, बाजे : डम्बर बहादुर उप्रेती
२४	**ऋणी फर्म: एस एस एस कृषि तथा पशुपंक्षी फर्म, प्रोप्राईटर तथा जमानीकर्ता: लोक नाथ भट्ट** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.द.नं. १२४३/०७९/०८०, दर्ता मिति: २०७९/१०/०९, ठेगाना: जिल्ला चितवन, पदमपुर १/क, (हाल कालिका न.पा. वडा नं. २)
२५	**ऋणी: समुन्द्र घिताल** स्थायी ठेगाना : धादिङ जिल्ला, बैरेनी गा.वि.स. वडा नं. ८, हालको ठेगाना : धादिङ जिल्ला, गल्छी गा.पा. वडा नं. ७ बाबु : इश्वरी प्रसाद घिताल, बाजे : शिवदत्त घिताल
२६	**ऋणी: भरथी थरुनी** स्थायी ठेगाना : चितवन जिल्ला, रत्ननगर गा.पं. वडा नं. ८, हालको ठेगाना : चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १ बाबु : हथु महतो, ससुरा : रामलाल महतो, पति : पुर्ण कुमार चौधरी
२७	**ऋणी: शिवराज कार्की** स्थायी ठेगाना : सिन्धुली जिल्ला, मझुवा गा.वि.स. वडा नं. ३, हालको ठेगाना : भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं. २ बाबु : मोहन कुमार कार्की, बाजे : पुष्प बहादुर कार्की

नोट: ऋणी तथा जमानीकर्ता/प्रोपाइटर बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ता/प्रोपाइटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

युद्धग्रस्त देशका विद्यालयका शिक्षक र विद्यार्थीले चुकाइरहेको मूल्य

गाजादेखि सुडान, युक्रेनदेखि प्रजातान्त्रिक गणतन्त्र कंगो (डिआरसी)सम्म युद्ध निरन्तर चलिरहँदा बालबालिका र शिक्षक-कर्मचारी ठुलो मूल्य चुकाउन बाध्य छन्

● डा. मलेइहा मलिक
● सिरज खान

डा. मलिक प्रोटेक्ट एजुकेसन इन इन्सेक्युरिटी एन्ड कन्फ्लिक्ट (पिइआइसी)का कार्यकारी निर्देशक हुन् भने खान सोही संस्थामा कानुन तथा नीति प्रबन्धक हुन् ।



युक्रेनमा शैक्षिक संस्थामाथिको निरन्तर हमलाले सिकाइमा बाधा पुऱ्याएको छ । थप आक्रमणको जोखिम मोलेर बालबालिकाहरू भूमिगत बंकरमा सञ्चालित कक्षामा अध्ययन गरिरहेका छन् । पूर्वी कंगोमा सशस्त्र समूहले विद्यालय कब्जालाई जारी राखेका छन्, जसका कारण सिकाइस्थल त्रासको केन्द्र बनेका छन् ।

यो वर्ष धेरै कारणले विनाशकारी साबित भएको छ- युद्ध, भोकमरी, तीव्र घरेलु द्वन्द्व इत्यादि । यसले विश्वव्यापी रूपमा मानिसहरूको विस्थापनलाई प्रश्रय दिएको छ । गत वर्ष दसौं हजार बालबालिका र सर्वसाधारण मारिए । सबैभन्दा खराब त अपराध गर्न अत्याधुनिक प्रविधिको प्रयोग गरिएको छ । युद्धका कानुन स्पष्ट रूपमा तोडिएका छन् । कानुनी र राजनीतिक संयन्त्र, न्यायिक तथा अन्तर्राष्ट्रिय संस्था असफल बन्दै गएका छन् । मानवीय कानुनले बालबालिका लक्षित हत्या रोक्न असफल भएको छ । आजसम्म, व्यापक अत्याचार, युद्ध अपराध, मानवताविरुद्धको अपराध र नरसंहारका लागि जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाइएको छैन भने भोकमरी, अपांगता हुने र मारिनेको संख्या दिनहुँ बढिरहेको छ । यी सबैको चपेटामा परेका छन् विद्यालयमा पढ्ने कलिला बालबालिकाहरू ।

गाजादेखि सुडान, युक्रेनदेखि प्रजातान्त्रिक गणतन्त्र कंगो (डिआरसी)सम्म युद्ध निरन्तर चलिरहँदा बालबालिका र शिक्षक-कर्मचारीले उच्चतम मूल्य चुकाइरहेका छन् । शिक्षा र आशाका ती पवित्रस्थल विद्यालयहरू बढ्दो रूपमा युद्धभूमिमा परिणत भइरहेका छन् वा बमबारीले भग्नावशेष बनेका छन् । विद्यालयमा भएका भौतिक क्षतिले बालबालिका पढ्न पाउने अधिकारबाट त वञ्चित भएकै छन्, त्यसबाहेक उनीहरूले विभिन्न मूल्य चुकाउनुपरेको छ । युद्धका कारण विश्वभर लाखौं विद्यार्थी विद्यालयबाहिर रहन बाध्य छन् जसका कारण ठुलो मात्रामा अशिक्षित हुनुका साथै बेरोजगार दर बढेको छ ।

दोषीमाथि तत्काल कारबाही होस्

ध्वस्त गरिएका वा बम विस्फोट गरिएका प्रत्येक कक्षाकोठाले एउटा दुःखद मानवीय कथा बताउँछ : पूर्ण दण्डहीनताका साथ अरूको जीवनको विनाश गर्ने केही व्यक्तिहरूको अहंकार । तर, यस्तो वातावरण सिर्जना हुनुहुँदैन । जोकोही पनि जवाफदेहिता हुनैपर्छ । दोषीलाई अदालतको कठघरामा उभाइनुपर्छ । गाजामा विद्यालयहरू ध्वस्त पारिएपछि वा ती संरचना विस्थापित परिवारलाई आश्रय दिन प्रयोग गरिँदा बालबालिकाका सम्पूर्ण पुस्ताले शिक्षा गुमाउँदै छन् । आधिकारिक रूपमा आश्रयस्थल तोकिएका विद्यालयहरू पनि निसाना बनाइएका छन् वा ध्वस्त पारिएका छन् । सुडानमा द्वन्द्वको समयमा विद्यालयमा आक्रमण गरिएका छन्, कब्जा गरिएका छन् र अनुचित प्रयोग गरिएका छन् जसले गर्दा सम्पूर्ण पुस्ता सिक्ने अधिकारबाट वञ्चित भएको छ । युक्रेनमा शैक्षिक संस्थामाथिको निरन्तर हमलाले सिकाइमा बाधा पुऱ्याएको छ । थप आक्रमणको जोखिम मोलेर बालबालिकाहरू भूमिगत बंकरमा सञ्चालित कक्षामा अध्ययन गरिरहेका छन् । पूर्वी कंगोमा सशस्त्र समूहले विद्यालय कब्जालाई जारी राखेका छन्, जसका कारण सिकाइस्थलहरू त्रासको केन्द्र बनेका छन् ।

शिक्षाको सुरक्षा गर्न गठित विश्वव्यापी गठबन्धनका अनुसार २०२२ र २०२३ को बिचमा विश्वव्यापी रूपमा शिक्षामा भएका आक्रमणका ६ हजारभन्दा बढी घटनाको दस्तावेज तयार पारेको छ । जसअनुसार विद्यालय र विश्वविद्यालयहरू सैन्य प्रयोजनमा उपयोग गरिएका छन् र यसले दस हजारभन्दा बढी विद्यार्थी र शिक्षकहरूलाई हानि पुऱ्याएको छ । यो हानी २०२० देखि ०२१ को बिचमा २० प्रतिशतले वृद्धि भएको छ । प्रत्येक संख्यापछाडि शिक्षाको अधिकारबाट वञ्चित र शान्तिपूर्ण भविष्यको अवसरबाट वञ्चित बालबालिका छन् ।

द्वन्द्वग्रस्त क्षेत्रमा जीवनरेखाको रूपमा शिक्षा

द्वन्द्वग्रस्त क्षेत्रमा रहेका विद्यालय एकप्रकारले सुरक्षित आश्रयस्थल पनि हुन्, जसले स्थिरता, नियमितता र आशा प्रदान गर्दछ । विद्यालयहरू दिनको केही घण्टाका लागि भए पनि तुलनात्मक रूपमा सुरक्षित ठाउँ हुन्, जहाँ बच्चाहरूले महत्त्वपूर्ण मनोसामाजिक समर्थन प्राप्त गर्छन् र केही हदसम्म भए पनि युद्धको आघातबाट जोगाउन सकिन्छ । कुनै पनि विद्यालयले सशस्त्र समूहले बालबालिकालाई युद्धमा भर्ती हुनबाट रोक्न पहल गर्छ । शिक्षाले द्वन्द्वको सम्भावनालाई प्रत्यक्ष रूपमा कम गर्छ, मेलमिलापलाई बढावा दिन्छ, सामाजिक एकतालाई बढावा दिन्छ र खण्डित समाजमा लचिलोपन निर्माण गर्दछ । तर, जब विद्यालय नष्ट हुन्छन्, सम्पूर्ण समुदाय यी सुरक्षात्मक तहबाट वञ्चित हुन्छन् र एक दुष्चक्र सुरु हुन्छ ।

मूल्य चुकाउन बाध्य छन् विद्यार्थी

द्वन्द्वबाट प्रभावित र विद्यालयबाट बाहिरन बाध्य बालबालिकाहरूले आर्थिक रूपमा पनि ठुलो मूल्य चुकाउँछन् । यस्ता बालबालिकाले करिब १७ ट्रिलियन डलरबराबरको क्षति व्यहोर्छन् । अवरुद्ध शिक्षाले गरिबी, असमानता, अस्थिरता र हिंसाको बहुपुस्ता चक्रलाई निरन्तरता दिन्छ । शिक्षाबाट वञ्चित हुनुको लागत आश्चर्यजनक छ, तर सामाजिक लागत (विश्वासको क्षय, नागरिक संस्थाहरूको कमजोरी, समुदाय विखण्डन) अकल्पनीय छ । निश्चय पनि विश्व मौन बसेको छैन, १२१ देशहरूले आजसम्म सुरक्षित विद्यालय घोषणापत्रलाई समर्थन गरेका छन् । सशस्त्र द्वन्द्वको समयमा विद्यार्थी, शिक्षक र शैक्षिक सुविधाको सुरक्षा गर्ने प्रतिबद्धता जनाएका छन् र केहीले घोषणालाई घरेलु रूपमा कार्यान्वयन गर्न प्रारम्भिक कदम चालेका छन् । संयुक्त राष्ट्र सुरक्षा परिषद्ले विद्यालय, बालबालिका र शिक्षक-कर्मचारीहरूमाथि हुने आक्रमण अन्तर्राष्ट्रिय कानुनको उल्लंघन हो भनि पुष्टि गर्छ । तर, शब्द र वास्तविकताबिचको खाडल प्रस्ट छ ।

च्यालेन्जिङ न्यारेटिभ्स : रिसेपिङ एक्सन, प्रोटेक्ट एजुकेसन फ्रम अट्याक विषयमा यसै वर्षको सेप्टेम्बरमा विश्वले जेनेभामा शिक्षालाई आक्रमणबाट जोगाउन संयुक्त राष्ट्र संघको अन्तर्राष्ट्रिय दिवसको छैटौं उत्सव मनाएको छ । अन्तर्राष्ट्रिय दिवसले हामीलाई यो कुराको स्पष्ट सम्झना गराउँछ कि हाम्रो असफलताले बालबालिकाहरूले विभिन्न मूल्य चुकाउन बाध्य हुनुपरेको छ । तसर्थ, सरकारले विद्यालयहरूलाई सुरक्षित राख्ने र अभियन्ताहरूलाई जवाफदेही बनाउने कानुन र नीति लागू गर्ने प्रतिबद्धता जनाउनुपर्छ । कानुनी र न्यायिक संस्थाहरूले सबै अपराधीहरूलाई स्वतन्त्र रूपमा जवाफदेही बनाउनुपर्छ । हामीले दण्डहीनतालाई कुनै हालतमा प्रश्रय दिनुहुँदैन । दण्डहीनतालाई चुनौती दिनु भनेको कुनै पनि बालबालिकाले द्वन्द्वग्रस्त क्षेत्रमा पनि भयरहित वातावरणमा पढ्न पाउने अधिकारको रक्षा गर्नु हो ।

न्युजविकबाट

यौन दुर्व्यवहारको अभियोगमा पूर्वमन्त्रीलाई ६ वर्ष कारागार

सिड्नी / कामको सिलसिलामा भेटेका दुई युवालाई यौन दुर्व्यवहार गरेको अभियोगमा दोषी ठहरिएका एक पूर्वअस्ट्रेलियाली राजनीतिज्ञलाई पाँच वर्ष नौ महिनाको जेल सजाय सुनाइएको छ । २०१३ र २०१५ मा छुट्टाछुट्टै घटनामा एक पुरुषलाई बलात्कार र अर्कोलाई अभद्र व्यवहार गरेको अभियोगमा एक अदालतले ४४ वर्षीय ग्यारेथ वाडलाई जेल सजाय सुनाएको हो । वार्डले २०११ देखि न्यु साउथ वेल्स (एनएसडब्लु)को संसद्मा तटीय सहर कियामाको प्रतिनिधित्व गरेका थिए । २०२१ मा उनले दुर्व्यवहार गरेका दाबी सार्वजनिक भएपछि उनले लिबरल पार्टीको मन्त्रीबाट राजीनामा दिए, तर सांसद पद त्याग्न अस्वीकार गरे । सन् २०२३ मा उनी पुनः निर्वाचित भए । न्यायाधीश कारा सेड एससीले उनलाई 'कारावासबाहेक अरू कुनै सजाय उपयुक्त नहुने' बताए । पारामाट्टा जिल्ला अदालतमा भिडियो-लिंकमार्फत उपस्थित भएका वार्डले धरौटीका लागि निवेदन दिनुअघि कम्तीमा तीन वर्ष नौ महिना जेल सजाय भोग्नेछन् ।

वार्ड एक दशकसम्म न्यायिक कठघराबाट भागेको न्यायाधीश सेडले बताए । त्यस समयमा उनले आफ्ना अपराध लुकाउन सफल भएका थिए ।

इतिहासमा आज



सन् २०१९ : बोलिभियाका राष्ट्रपति इभो मोरालेस चौथो कार्यकालका लागि निर्वाचित भएसँगै निर्वाचनमा धाँधली भएको आरोप लाग्यो । त्यसपछि सुरु भएको दक्षिणपन्थी विरोध अभियानपछि मोरालेसले सत्ता त्यागे । तथापि, एक वर्षपछि भएको निर्वाचनमा उनको पार्टी विजयी भएसँगै उनका राजनीतिक चेला लुइस आक्रे सत्तामा फर्किएका छन् ।

सन् १६७४ : अमेरिकी महादेशमा नेदरल्यान्डले निर्माण गरेको 'न्यु एम्स्टर्डम' लामो खिचातानिपछि औपचारिक रूपमा बेलायतको नियन्त्रणमा गयो ।

सन् १८८५ : जर्मन इन्जिनियर गोटलिएम डेमियरले विश्वको पहिलो मोटरसाइकल सार्वजनिक गरे ।

सन् १९११ : गणतन्त्रवादीको नियन्त्रणमा रहेका नान्किङलाई चिनियाँ शाही सैनिकले आजकै दिन पुनः कब्जामा लिए । तथापि, यो सफलता एक महिना पनि टिक्न सकेन ।

सन् १९१७ : लेनिन नेतृत्वमा गठित बोल्सेभिक सरकारले विशेष परिस्थितका लागि भन्दै प्रेस स्वतन्त्रतालाई अल्पकालका लागि खारेज गऱ्यो ।

सन् १९१८ : अघिल्लो दिन राजगद्दीबाट निष्कासित जर्मनीका पूर्वसम्राट केसर विलियम भागेर नेदरल्यान्ड निर्वासनमा गए ।

सन् १९६० : अदालतले डिएच लरेन्सद्वारा लिखित 'लेडी च्याटर्लिज लभर' पुस्तक अश्लील नभएको निर्णय गरेको केही दिनमा प्रकाशक पेन्गुइन बुक्सले पुस्तकको सेन्सरविहीन संस्करण प्रकाशित गऱ्यो ।

सन् १९७५ : प्यालेस्टाइन लिबरेसन अर्गनाइजेसन (पिएलओ)का नेता यासेर आराफातले संयुक्त राष्ट्र संघको महासभामा सम्बोधन गरे ।

सन् १९८६ : सैनिक शासन हटेपछि सो अवधिमा खारेज गरिएको संविधानलाई बंगलादेशमा पुनः ब्युँत्याइयो ।

आन्दोलनको ४८ दिनपछि सेबोनमा जुट्यो सहमति

धितोपत्र बोर्डका कर्मचारी आजदेखि काममा फर्कँदै

नयाँ पत्रिका

अर्थ मन्त्रालयले खाइपाइ आएको सेवा-सुविधा कटौती गरिदिएको भन्दै ४८ दिनदेखि आन्दोलनरत नेपाल धितोपत्र बोर्डका कर्मचारी सोमबारदेखि काममा फर्कने भएका छन् । अर्थ मन्त्रालय र कर्मचारी युनियनबिच आइतबार भएको छलफलमा समस्या समाधानको उपाय खोज्न समिति बनाउने सहमति जुटेसँगै आन्दोलनरत कर्मचारी काममा फर्कन तयार भएका हुन् ।

धितोपत्र बोर्डका कर्मचारी आन्दोलनको मोडालिटी फेरेर सोमबारदेखि काममा फर्कन तयार भएको नेपाल धितोपत्र बोर्ड कर्मचारी युनियनका निवर्तमान अध्यक्ष राजबहादुर जिसीले बताए । 'अर्थ मन्त्रालयले यसअघि गरेको निर्णय पुनरावलोकनका लागि एउटा समिति बनाउने, समितिले एक साताभित्रै आफ्नो सुझाव दिने र सोहीअनुसार बोर्ड र मन्त्रालयले निर्णय गर्ने गरी सहमति जुटेका हो,' उनले भने, 'सहमतिअनुसार नै हामी पेनडाउन छाडेर काममा फर्कनेछौं, धर्नालाई भने निरन्तरता नै दिनेछौं ।' सहमतिअनुसार नै बोर्डका अध्यक्षलाई पनि कुनै रोकटोक गरिनेछैन । 'सोमबारदेखि बोर्डले आफ्नो काम गर्नेछ,' उनले भने ।

नेपाल धितोपत्र बोर्डमा सञ्चालित कर्मचारी कल्याण कोष र कर्मचारी सुरक्षण कोषलाई अवैध भन्दै अर्थ मन्त्रालयले खारेज गरिदिएको थियो । अख्तियारले समेत उक्त कोषहरूमाथि अनुसन्धान अघि बढाएपछि अर्थ मन्त्रालयले २ असोजमा बोर्डलाई पत्र पठाएर कोष खारेज गर्ने निर्णय गरेको थियो । तर, खाइपाइ आएको कोषबाट सेवा-सुविधा कटौती गरिएको भन्दै बोर्डका कर्मचारी डेढ महिनादेखि विरोधमा छन्, जसकारण बोर्डको कामकाज ठप्प छ ।

कर्मचारीको अन्दोलनका कारण धितोपत्रका सम्पूर्ण काम ठप्प भएपछि अर्थ मन्त्रालय दबाबमा परेको थियो । अर्थमन्त्री रामेश्वर खनालले शनिबार मातहतका कर्मचारीलाई बोर्डको समस्या सुल्झाएर नियमित काम हुने वातावरण बनाउन निर्देशन दिएका थिए । उनकै निर्देशनपछि आइतबार कर्मचारीसँग सहमति जुटेको हो । विवादको समाधान खोज्न अर्थ मन्त्रालयका सहसचिव उत्तरकुमार खत्रीको नेतृत्वमा कार्यदल बनेको छ । कार्यदलमा सेबोनका दुई सञ्चालक, आइक्यानका प्रतिनिधि र कर्मचारी युनियनका प्रतिनिधि रहेका छन् ।

'समितिले तीन-चार दिनभित्रै आफ्नो राय बोर्डमा पेस गर्नेछ, बोर्डले त्यसलाई मन्त्रालय पठाउनेछ र मन्त्रालयले सोहीअनुसार निर्णय गर्ने सहमति छ,' उनले भने, 'समितिले मूलतः अहिलेसम्म केका आधारमा कोष सुविधा दिएको हो र अब कसरी अघि बढ्ने भन्ने सुझाव दिनेछ, यही महिनाभित्र विवादले निकास पाउने आशा छ ।'

GREEN HOME LOAN FOR SUSTAINABLE LIVING!
ATTRACTIVE FIXED INTEREST RATES STARTING FROM 7.99% p.a. *T & C apply
Global IME Bank ग्लोबल आइएमई बैंक लि
GLOBAL CONNECT Call Us: +977-1-5970600 globalconnect@gibl.com.np

पूर्वाधार विकासमा आन्तरिक पुँजी परिचालन आवश्यक : अध्यक्ष ढकाल

नयाँ पत्रिका



पूर्वाधार विकासका लागि आन्तरिक पुँजी परिचालन आवश्यक रहेको नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताएका छन् । काभ्रे उद्योग वाणिज्य संघको ४३औँ वार्षिक साधारणसभा तथा ५९औँ स्थापना दिवसको अवसरमा बोल्दै अध्यक्ष ढकालले यस्तो बताएका हुन् । उनले देशमा ठुला पूर्वाधार परियोजनाका लागि प्रत्यक्ष वैदेशिक लगानीको मात्रै मुख ताकेर नहुने भन्दै देशमै छरिएर रहेको पुँजीलाई एकत्रित पूर्वाधार विकास तथा उद्यमशीलताको विकास गर्नुपर्ने बताए ।

अध्यक्षका ढकालले महासंघको पहलमा १० अर्ब रुपैयाँ पुँजीको नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेड स्थापना गरी काम सुरु गरिएको जानकारी दिँदै यसबाट ठुला पूर्वाधार विकास तथा अन्य उद्यमका लागि पुँजीको अभाव नहुने बताए ।

उनले निजी क्षेत्रमाथि भएको आक्रमण र तोडफोडमा संलग्न दोषीलाई कानुनी कारबाही गर्न सरकारसँग माग राखेको र सरकारले शान्ति सुरक्षाको प्रत्याभूति दिने, नीतिगत सहजता प्रदान गर्ने प्रतिबद्धता जाहेर गरेको बताए ।

'महासंघको आग्रहमा गृह मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गर्दै सुरक्षा समितिमा उद्योग वाणिज्य संघ अध्यक्ष एवं प्रतिनिधिलाई समावेश गर्ने निर्णय गरेको छ । यसका लागि हामी सरकारलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छौं,' उनले बताए ।

उनले महासंघको पहलमा लामो समयदेखिको ट्रंक तथा डेडिकेटेड लाइनको समस्या समाधानका लागि सरकारसँग सहमतिको प्रयास गरेको र यो प्रयाससँगै विद्युत्को विषयले दीर्घकालीन समाधान खोज्ने विश्वास लिएको बताए ।

Request for Proposals – Insurance of Office vehicle and Group Personal Accidental Insurance for staffs

First Published Date: 10th November, 2025

Nabil Bank Ltd. invites sealed proposals from interested firms/companies for insurance services for Group Personal Accidental Insurance and insurance of two-wheeler and four wheeler office vehicle.

The requirement for Group Personal Accidental Insurance is as:

1. Accidental Death (AD)
2. Accidental Dismemberment, Loss of Sight, Hearing Speech Indemnity
3. Accidental Permanent Total Disability
4. Accidental Weekly Salary Indemnity
5. Accidental Medical Expenses Reimbursement
6. Death due to Any Cause (Funeral Expenses)

Terms and Conditions:


1. Bidders must submit following documents:
   a) Notarized PAN/VAT Certificate.
   b) Audited Balance Sheet of Last Two years.
   c) List of Prime Customers.
   d) Notarized Firm/Company Registration (renewed).
   e) Notarized Tax Clearance certificate of last two years.
   f) Company profile with brief introduction of promoters and key management team.
2. The details of the insurance limit and number of staffs for Group Personal Accidental Insurance shall be provided to the interested party upon submission of Formal Request Letter.
3. For Office vehicle, a formal request letter is to be submitted and upon receiving the same, we shall provide the details of the vehicles.
4. The sealed quotation should be submitted in an envelope addressing to Nabil Bank Ltd, with name of the bidder's firm and address. Sealed quotation should reach to the Bank's Head Office, Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal, not later than 4:00 PM, 24 November 2024 (Mangsir 8, 2082). Bid documents received after this deadline will not be accepted.
5. In case the last day of submission and opening of bid falls on government holiday, then submission and opening can be done as on the next working day.
6. The received Bids shall be opened at Administration Department, Nabil Bank Ltd, Ghantaghar Building, Kathmandu, Nepal on 25th November, 2025 at 11:00 AM in the presence/absence of the bidder's representatives.
7. The bank reserves the right to accept or reject in part or whole of any sealed quotation without assigning any reason whatsoever and will not be compelled to accept the lowest bid.

NABIL BANK®
Administration Department, Ghantaghar, Kathmandu Contact No: - 01-5971871

हिउँदको बिजुली आपूर्तिमा अनिश्चितता

१,०५४ मेगावाट विद्युत् २४ घण्टा आयात गर्न पाउने भारतको अनुमति १६ पुससम्म मात्र

पुस १७ देखि पनि अनुमति पाउनेमा प्राधिकरण ढुक्क, तर २४ घण्टा नै विद्युत् पाउनेमा आशंका



२४सै घण्टा विद्युत् आयातको स्वीकृति पाउनेमा शंका छ



● **राजन ढकाल**, प्रवक्ता, विद्युत् प्राधिकरण

भारतको आइइएक्सबाट विद्युत् आयात गर्न पाउने अनुमतिको म्याद डिसेम्बर अन्तिमसम्म मात्रै छ । सो मितिसम्म २४ घण्टा नै सोबराबरको विद्युत् आयात गर्न पाउने गरी अनुमति आएको छ । गत साता भारतको डेजिक्नेटेड अथोरिटीले आइइएक्सबाट १,०५४ मेगावाट विद्युत् खरिद गर्न पाउने गरी स्वीकृति पठाएको छ । तर, त्यसको म्याद भने ३१ डिसेम्बरसम्म मात्रै छ, त्यसपछिको अवस्थामा रिभ्यु गरेर मात्रै निर्णय गर्ने भारतीय पक्षको सन्देश छ । हिउँदमा भारतमा पनि विद्युत्को उत्पादन कम हुन्छ । त्यसले गर्दा किस्ता-किस्तामा अनुमति दिन खोजेको देखिन्छ । पुस १६ गतेपछि विद्युत् आयात गर्न पाउने अनुमति पाउँछौं भन्नेमा ढुक्क छौं । तर, अहिलेको जसरी २४ घण्टा नै विद्युत् आयात गर्न पाउने गरी स्वीकृति पाइन्छ कि पाइँदैन भन्नेमा शंका छ ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

भारतले हिउँदमा १६ पुससम्म मात्रै आफ्नो 'इनर्जी एक्सचेन्ज मार्केट' अर्थात् आइइएक्सबाट विद्युत् खरिद गर्न पाउने गरी नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति पठाएको छ । भारतको केन्द्रीय विद्युत् प्राधिकरण (डेजिक्नेटेड अथोरिटी)ले गत साता प्राधिकरणलाई आइइएक्सबाट १,०५४ मेगावाट विद्युत् खरिद गर्न सक्ने गरी स्वीकृति दिएको हो । तर, यसमा म्याद भने ३१ डिसेम्बर अर्थात् १६ पुससम्म मात्रै रहेको प्राधिकरणको भनाइ छ ।

प्राधिकरणका प्रवक्ता राजन ढकालले भारतको आइइएक्सबाट विद्युत् आयात गर्न पाउने अनुमतिको म्याद डिसेम्बर अन्तिम (१६ पुस)सम्म मात्रै भएको बताए । २४ घण्टा नै सोबराबरको विद्युत् आयात गर्न पाउने गरी अनुमति आएको उनको भनाइ छ । 'गत साता भारतको डेजिक्नेटेड अथोरिटीले आइइएक्सबाट १,०५४ मेगावाट विद्युत् खरिद गर्न पाउने गरी स्वीकृति पठाएको छ । तर, त्यसको म्याद भने ३१ डिसेम्बरसम्म मात्रै छ,' उनले भने, 'त्यसपछिको अवस्थामा रिभ्यु गरेर मात्रै निर्णय गर्ने भारतीय पक्षको सन्देश छ ।'

सामान्यतः पुसपछि नै नेपाल विद्युत् आयात गर्ने अवस्थामा पुग्छ । त्यसमा धेरै विद्युत् आइइएक्सबाट खरिद गर्नुपर्छ । तर, पुस १६ गतेसम्म मात्रैको अनुमति आएपछि हिउँदको विद्युत् आपूर्तिमा अनिश्चितता देखिएको प्रवक्ता ढकालले बताए । 'प्राधिकरणले आफ्नो तहबाट थप पहल गर्ने नै छ । अन्य कूटनीतिक पहल पनि आवश्यक हुन्छ,' उनले भने, 'हिउँदमा भारतमा पनि विद्युत्को उत्पादन कम हुन्छ । त्यसले गर्दा किस्ता-किस्तामा अनुमति दिन खोजेको देखिन्छ । पुस १६ गतेपछि विद्युत् आयात गर्न पाउने अनुमति पाउँछौं भन्नेमा ढुक्क छौं । तर, अहिलेको जसरी २४ घण्टा नै विद्युत् आयात गर्न पाउने गरी स्वीकृति पाइन्छ कि पाइँदैन भन्नेमा डर छ ।'

नेपालले बर्खामा भारत र बंगलादेशमा विद्युत् निर्यात गरे पनि हिउँदमा आयात गर्नुपर्छ । नेपालमा अधिकांश नदी प्रवाहमा आधारित जलविद्युत् आयोजना हुँदा बर्खामा जडित क्षमताबराबर नै विद्युत् उत्पादन हुन्छ, जुन वेला स्वदेशी माग धानेर निर्यात गर्नसम्म पुग्छ । तर, हिउँदमा खोलामा पानी कम हुँदा विद्युत् उत्पादन कम हुन्छ, यस्तो वेला स्वदेशी माग धान्न भारतबाट विद्युत् आयात गर्नुपर्छ । अहिले नेपालमा विद्युत्को जडित क्षमता ३८ सय मेगावाटभन्दा माथि छ । अधिकतम माग भने २२ सय मेगावाट हाराहारी छ । तर, हिउँदमा विद्युत्को उत्पादन न्यूनतम एक हजार मेगावाटसम्म झर्छ । त्यो वेला स्वदेशी माग धान्न भारतबाटै विद्युत् आयात गर्नुपर्ने बाध्यता छ । सामान्यतः पुसदेखि जेठसम्म विद्युत् आयात गर्नुपर्छ ।

अहिले प्राधिकरणले भारतमा विद्युत् निर्यात गरे पनि आगामी मंसिरको अन्तिम वा पुस पहिलो साताबाट भारतबाटै आयात गर्नुपर्छ । गत वर्ष पुस ६ गतेबाट विद्युत् आयात गर्नुपरेको थियो । तर, यसपालि भारतको एक्सचेन्जबाट विद्युत् आयात गर्न पाउने अनुमतिको म्याद भने पुस १६ गतेसम्म मात्रै छ । जबकि, त्यसपछिको समयमा नेपाललाई विद्युत् आयात धेरै गर्नुपर्छ ।

प्राधिकरणका अनुसार ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारणलाइनबाट ६ सय मेगावाट, बिहारबाट तीन सय मेगावाट, मैनिया-सम्पतिया अन्तरदेशीय प्रसारणलाइनबाट ५० मेगावाट र टनकपुर-महेन्द्रनगरबाट ५४ मेगावाट गरी कुल १,०५४ मेगावाटसम्म विद्युत् एक्सचेन्ज मार्केटमा बिड गरेर खरिद गर्न पाउने गरी स्वीकृति आएको छ ।

भारतले गत वर्ष २० नोभेम्बरदेखि १५ मार्च (४ मंसिर- २ चैत)सम्म ६ सय ५० मेगावाट विद्युत् खरिद गर्न स्वीकृति दिएको थियो । तर, त्यसवेला पिक आवरमा विद्युत् आयात गर्न नपाउने सर्त थियो । १६ मार्चदेखि ३० जुन (३ चैतदेखि १६ असार)सम्मका लागि भने बिहान ६ देखि साँझ ६ बजेसम्म (दैनिक १२ घण्टा) मात्रै ६ सय ५४ मेगावाट विद्युत् आयात गर्न स्वीकृत दिएको थियो । पछि विभिन्न पहलपछि राति ११ देखि बिहान चार बजेसम्म विद्युत् आयात गर्न पाउने सुविधा थप गरिएको थियो । यसपालि पनि त्यसैगरी स्वीकृति आउने आसमा प्राधिकरण छ । भारतले २४ घण्टा नै विद्युत् आयात गर्न नदिएको अवस्थामा विद्युत् कटौतीसम्म गर्नुपर्ने प्राधिकरणको भनाइ छ ।

यसपालि कुलेखानी ड्याममा पानी भण्डारण पनि न्यून छ । कुलेखानी ड्यामको पानी प्रयोग गरेर निर्बाध एक सय मेगावाटभन्दा बढी विद्युत् उत्पादन गर्न सकिन्छ । तर, यसपालि ड्याममा पानी भण्डारण कम हुँदा त्यसबाट हुने उत्पादन पनि प्रभावित हुने देखिन्छ । यो वर्ष अर्धजलाशययुक्त आयोजनालाई नै बढी प्रभावकारी बनाइने प्रवक्ता ढकालले बताए ।

१७ पुसपछिको अवस्थामा विद्युत् आयात गर्न प्राधिकरणसँग पिटिसी इन्डियासँगको सम्झौता अर्को विकल्प छ । प्रतियुनिट ६.९५ भारुमा एक सय ८० मेगावाट विद्युत् जनवरीदेखि मेसम्म खरिद गर्ने गरी पिटिसी इन्डिया सम्झौता गरिएको छ । यद्यपि, त्यसलाई पनि भारतको केन्द्रीय विद्युत् प्राधिकरणले स्वीकृति गर्न बाँकी छ । त्यसमाथि महँगो दरमा सम्झौता गरिएको आरोप लागेको छ ।

यही अवस्थालाई लक्षित गर्दै पिटिसी इन्डियासँग एक सय ८० मेगावाट विद्युत् खरिद गर्ने सम्झौता गरेको प्रवक्ता ढकालले बताए । 'आइइएक्सबाट खरिद गर्ने विद्युत्मा विगतका वर्षमा पनि दुःख पाएको हो । त्यसपछि अधिकतम मूल्य १० भारुसम्म पर्न जान्छ । तर, पनि विद्युत् पाउने ग्यारेन्टी हुँदैन,' उनले भने, 'त्यसैले पिटिसी इन्डियासँग जनवरीदेखि मेसम्म एक सय ८० मेगावाट विद्युत् खरिद गर्ने गरी प्रतियुनिट ६.९५ भारुमा सम्झौता गरेका हौं । त्यो सम्झौता अवधिभर त्योबराबरको विद्युत् निरन्तर आपूर्ति हुन्छ । तर, अहिले त्यही सम्झौता गलत भयो भनेर भनिएको छ ।'

विद्युत् बक्यौता विवादमा सहजीकरण गर्न प्रधानमन्त्रीको निर्देशन



काठमाडौं/ प्रधानमन्त्री सुशीला कार्कीले डेडिकेटेड र ट्रंकलाइन विवाद समस्या समाधानका लागि सहजीकरण गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई निर्देशन दिएकी छिन् ।

१७ कात्तिकमा उद्योगीसँग भएको छलफलअनुसार बक्यौता समाधानका लागि सरलीकरण गर्न कार्कीले निर्देशन दिएको उल्लेख गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव फणीन्द्र गौतमले ऊर्जा मन्त्रालयलाई आइतबार पत्राचार गरेका छन् । पत्रमा भनिएको छ, 'डेडिकेटेड ट्रंकलाइनको महसुल भुक्तानीलाई सरलीकरण गर्ने तथा पुनरावलोकन सुन्ने व्यवस्था मिलाउन नेपाल विद्युत् प्राधिकरण, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र सम्बन्धित उद्योग व्यवसायी एवं उद्योग वाणिज्य महासंघबिच सहमति गरी उद्योग सञ्चालनलाई सुचारु गर्न सम्बन्धित निकाय, उद्योगी-व्यवसायी र उद्योग वाणिज्य महासंघलाई समेत आवश्यक सहजीकरण गर्ने व्यवस्था मिलाउनुहुन निर्देशानुसार अनुरोध छ ।'

प्रधानमन्त्री कार्कीको अग्रसरतामा भएको बैठकमा उद्योग वाणिज्य महासंघले बक्यौता रकमलाई किस्ताबन्दीमा बुझाउने र पहिलो किस्तालाई पुनरावलोकनमा जाँदा लाग्ने धरौटीबापत प्राधिकरणले बुझ्नुपर्ने प्रस्ताव गरेको थियो । सो प्रस्तावपछि बक्यौता तिर्नुपर्ने १२ उद्योगले प्राधिकरणलाई पहिलो किस्ता बुझाएका थिए । बक्यौता तिर्ने उद्योगहरू रिलायन्स, घराना फुड्स, एसआर फुड्स, गोयन्का फुड्स, भलवारी स्वचालित कारखाना, एसआर स्टिल, पञ्चकन्या प्लास्टिक, पञ्चकन्या स्टिल, सिद्धार्थ पेटप्लास्ट, श्याम प्लास्टिक, एभरेस्ट रोलिङ र त्रिवेणी सिन्थेटिक यार्न रहेका छन् ।

त्यस्तै, प्राधिकरणले लाइन काट्नुअघि नै तीन उद्योग हुलास, अशोक र हामा स्टिलले भने बक्यौताबापतको किस्ता बुझाएर लाइन जोडिसकेका थिए । प्राधिकरणका अनुसार हालसम्म विवादित उद्योगमध्ये १५ ले नियमित किस्ता बुझाउन थालेका छन् । ६ उद्योगले अदालतमा हालेको मुद्दा विचाराधीन छ भने बक्यौता तिर्न आनाकानी गरिरहेका १३ उद्योगमा प्राधिकरणले लाइन काटेको छ ।

बक्यौता तिर्न अटेरी गर्नेहरू भने ठुला उद्योग हुन् । प्राधिकरणका अनुसार शिवम्, घोराही, अर्घाखाँची, बुटवल, कसमस, एभरेस्ट, निगाले र विशाल सिमेन्टले बक्यौता नतिरेका कारण विद्युत् कटौती गरिएको छ । त्यस्तै, जगदम्बा स्टिल, हिमाल आइरन, त्रिवेणी स्पिनिङ, सोनापुर मिनरल एन्ड आयल र जगदम्बा सिन्थेटिकले पनि बक्यौता नतिरेका कारण बिजुली कटौती गरिएको छ ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको
शाखा कार्यालयहरु गाभिने सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपसिलमा उल्लेखित एकै स्थानमा रहेका शाखा कार्यालयहरु एक आपसमा गाभ्ने सम्बन्धमा स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष पेश भई स्वीकृती समेत प्राप्त भईसकेको सम्बन्धमा, तपसिलमा उल्लेखित शाखा कार्यालयहरु उल्लेखित मिति देखि एक आपसमा गाभिने भएको हुदाँ हाम्रा समस्त ग्राहक महानुभावहरु तथा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

गाभिने शाखा कार्यालयबाट बैकिङ्ग कारोबार गरिरहनु भएका ग्राहक महानुभावहरुले अब उप्रान्त गाभ्ने शाखा कार्यालयबाट पूर्ववत रुपमा आफ्नो कारोबार सुचारु गर्न समेत यसै सूचना मार्फत अनुरोध गर्दछौं । यसबाट हाम्रा समस्त ग्राहकवर्ग, सेवाग्राही तथा सम्बन्धित सबैमा पर्न जाने असुविधा प्रति बैंक क्षमाप्रार्थी छ ।

थप जानकारीको लागि बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।

क्र.सं	प्रदेश	जिल्ला	गाभिने शाखाको साविक नाम/ठेगाना र सम्पर्क फोन नम्बर	गाभिए पश्चात कायम हुने शाखाको नाम/ठेगाना र सम्पर्क फोन नम्बर	अन्दाजी दुरी "मिटर"	गाभिने मिति
१	गण्डकी	कास्की	गौरीघाट शाखा (पोखरा म.न.पा.-६, कास्की) सम्पर्क नं: ०६१-५९०३९१, ५९०३९२	लेकसाईड शाखा (पोखरा म.न.पा..-६, सेन्टर पोइन्ट कास्की) सम्पर्क नं: ०६१-४५६८७२, ४५६८७३, ४५६८७४	८००	२०८२।०७।३०
२	गण्डकी	कास्की	रत्नचोक शाखा (पोखरा म.न.पा..-८, कास्की) सम्पर्क नं: ०६१-५५३९५९, ५७२९१५	पोखरा २ शाखा (पोखरा म.न.पा..-८, सृजना चोक, कास्की), सम्पर्क नं: ०६१-५८६०१७, ५८६०१६	४००	२०८२।०७।३०
३	वागमती	चितवन	भरतपुर हाईट शाखा (भरतपुर म.न.पा..-१०, चितवन), सम्पर्क नं: ०५६-५१५७६१, ५१५९६१	हाकिमचोक शाखा (भरतपुर म.न.पा..-१०, चितवन) सम्पर्क नं: ०५६-४९३७७०, ४९३८७०	११००	२०८२।०७।३०
४	सुदुरपश्चिम	कैलाली	एल एन चोक शाखा (धनगढी उ.म.न.पा..-१, कैलाली), सम्पर्क नं: ०९१-५९०५१२, ५९०५१३	धनगढी शाखा (धनगढी उ.म.न.पा..-२, मेनरोड, कैलाली), सम्पर्क नं: ०९१-५२३६२०, ५२३७३२	१३००	२०८२।०७।३०

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

२३ लाखको अवैध सामान बरामद

बुटवलमा **विष्णुप्रसाद घिमिरे**

रुपन्देहीमा प्रहरीले २३ लाखबराबरको अवैध मदिरादेखि मोबाइलका डिस्प्लेलगायतका सामान बरामद गरेको छ । प्रहरी टोलीले २१ र २२ गते जिल्लाका विभिन्न स्थानमा चेकजाँच गर्ने क्रममा ती सामान बरामद गरेको हो । भन्सार छली चोरी-पैठारी गरेको अन्दाजी २२ लाख ८८ हजार दुई सय २८ रुपैयाँबराबरको सामान आइतबार आवश्यक कारबाहीका लागि भैरहवा भन्सार कार्यालय बेलहिया रुपन्देहीमा पठाइएको जिप्रकाले जनाएको छ ।



जिप्रका रुपन्देहीबाट खटिएको प्रहरी टोलीले रोहिणी गाउँपालिका वडा नं २ मैनिहवाबाट उलन लेडिज कुर्ता ८० पिस, बच्चाको मोजा ४८ जोर, बच्चाको टोपी १० पिस, बच्चाको ट्राउजर सेट १५ जोर, बच्चाको हुडी २४ सेट, जेन्स मोजा ३२ जोर बरामद गरेको छ । यी सामानको मूल्य एक लाख २५ हजार आठ सय अनुमान गरिएको छ । त्यस्तै, इलाका प्रहरी कार्यालय बुटवल रुपन्देहीबाट खटिएको प्रहरी टोलीले तिलोत्तमा नगरपालिका शंखनगरमा भारतीय नम्बर प्लेटको कारको पछाडि सिटमुनि लुकाइछिपाइ बिलबिजक नभएका विभिन्न सामान बरामद गरेको छ । प्रहरीका अनुसार ती सामान कारसहित अन्दाजी मूल्य १८ लाख ४० हजार दुई सय २८ रहेको छ । यहाँ बरामद गरिएका सामानहरूमा ल्यापटप, पहेँलो रङको धातुबाट बनेको जस्तो देखिने गाई आकारको मूर्ति पाँच थान, विभिन्न नामका मदिराका नौ बोतल, विभिन्न मोबाइलका डिस्प्लेका प्याकेटलगायत रहेका छन् ।

त्यस्तै, प्रहरी चौकी शिवपुर गोनाहा र प्रहरी चौकी मर्यादपुरबाट खटिएका संयुक्त प्रहरी टोलीले मायादेवी गाउँपालिका वडा नं ५ गोनाहाबाट लु.२२प १२५७ नं मोटरसाइकल, उलन लेडिज सुट ६० पिस, उनी सल १० पिस, ४ रोल काँचो कपडा, लेडिज बाक्लो उलन सुट १२ पिस, काँचो कपडा ३६ मिटर बरामद गरेको छ । यी सामानको मूल्य अन्दाजी तीन लाख २२ हजार दुई सय रहेको प्रहरीले जनाएको छ ।

वर्ल्डलिंकको 'सिक्स–जी' सेवा सार्वजनिक



काठमाडौं/ इन्टरनेट सेवाप्रदायक कम्पनी वर्ल्डलिंक कम्युनिकेसनले 'सिक्स-जी' वाइफाई सेवा सार्वजनिक गरेको छ। आइतबार एक कार्यक्रमबिच कम्पनीले सो सेवा सार्वजनिक गरेको हो। यो सेवाअन्तर्गत ग्राहकले प्रतिमहिना १३ सय ३४ रुपैयाँमा पाँच सय एमबिपिएसको सेवा पाउनेछन्। त्यस्तैगरी चार सय एमबिपिएसको सेवा शुल्क प्रतिमहिना १२ सय नौ र ६ सय एमबिपिएसको सेवा शुल्क प्रतिमहिना १६ सय ६७ रुपैयाँबाट सुरु हुने कम्पनीले जनाएको छ। द्रुत गतिको इन्टरनेट, बृहत् कभरेज र बहुविध पहुँच यसका विशेषता रहेका छन्।

वर्ल्डलिंकका प्रमुख कार्यकारी अधिकृत केशव नेपालले बेलायत र भारतको तुलनामा नेपाली उपभोक्तालाई सस्तो मूल्यमा सेवा उपलब्ध गराएको दाबी गरे। 'नेपाली उपभोक्ताको क्रयशक्तिलाई ध्यान दिँदै हामीले सेवा शुल्क निर्धारण गर्ने अभ्यासलाई निरन्तरता दिएका हौँ,' उनले भने, 'सस्तो मूल्य निर्धारण गरेर जतिसक्दो धेरै उपभोक्ताको पहुँचमा वर्ल्डलिंकको सेवा पुऱ्याउने योजना छ। त्यसैले हामीले यसलाई सस्तो मूल्यमा उपलब्ध गराउनेछौँ।'

साथै, सोही कार्यक्रमबिच नेपाल प्रिमियर लिग सिजन-२ का लागि वर्ल्डलिंक र काठमाडौं गोर्खाजलाई शीर्ष प्रायोजकका रुपमा गरेको जानकारी गराइएको छ।

महालक्ष्मी विकास बैंकका ग्राहकलाई विभिन्न संस्थामा छुट

काठमाडौं/ महालक्ष्मी विकास बैंकका ग्राहकले सिद्धार्थ हस्पिटालिटीलगायतका विभिन्न संस्थामा छुट पाउने भएका छन्। बैंकले आफ्ना ग्राहकलाई छुट प्रदान गर्न तीनकुनेस्थित सिद्धार्थ हस्पिटालिटी, तनहुँको बन्दीपुर माउन्टेन रिसोर्ट, सामाखुसीस्थित स्माइल ३६० डेन्टल क्लिनिक, तनहुँको बन्दीपुर बजारघर र ललितपुरको लन्जेभिटी हेल्थ होमसँग सम्झौता गरेको हो।

सम्झौताअनुसार सिद्धार्थ हस्पिटालिटी र यसका आउटलेटहरूमा आवास र खाना तथा पेयपदार्थमा २० प्रतिशत, बन्दीपुर माउन्टेन रिसोर्टमा खाना तथा आवासमा सात प्रतिशत छुट हुने बताइएको छ। त्यसैगरी, स्माइल ३६० डेन्टल क्लिनिकमा २० प्रतिशत, बन्दीपुर बजार घरमा खाना तथा आवासमा सात प्रतिशत र लन्जेभिटी हेल्थ होममा अकुपंचर, पञ्चकर्म, प्याथोलोजी, डाक्टर चेकअपलगायतका सेवामा डिजिटल भुक्तानी गर्दा २० प्रतिशतसम्म छुट हुने बैंकले जनाएको छ।

सिटिजन्सको क्युआर मर्चेन्ट लोन योजना

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनलले नयाँ डिजिटल ऋण सुविधा ल्याएको छ। बैंकले बैंकमा आबद्ध क्युआर मर्चेन्टहरूका लागि सिटिजन्स क्युआर मर्चेन्ट लोन योजना सार्वजनिक गरेको हो। यसका माध्यमबाट साना तथा मझौला व्यवसायीलाई उनीहरूको क्युआर कारोबार विवरणका आधारमा सहज रूपमा ऋण सुविधा उपलब्ध गराइने बताइएको छ।

मोबाइल वा अनलाइन माध्यमबाटै ऋणका लागि आवेदन दिन सकिनेछ। यस योजनाअन्तर्गत व्यवसाय कम्तीमा ६ महिना सिटिजन्स बैंकको क्युआर मर्चेन्ट भएको हुनुपर्नेछ। योग्य ग्राहकले ६ महिनाको औसत मासिक क्युआर कारोबार रकमको अधिकतम २५ प्रतिशत अर्थात् न्यूनतम ५० हजारदेखि अधिकतम पाँच लाखसम्म ऋण लिन पाउनेछन्। ऋण भुक्तानी मासिक किस्तामार्फत गर्नुपर्नेछ।

बैंकका प्रमुख कर्जा अधिकृत तथा सहायक प्रमुख कार्यकारी अधिकृत सुमन मुलेपातीले क्युआर मर्चेन्ट लोन एउटा कोसेढुंगा भएको तथा यसले कर्जालाई सहज रूपमा ग्राहक र बैंकसँग जोड्ने बताए।

Dibyashwari Hydropower Ltd.
Old Baneshwor 34, Kathmandu

Unaudited Financial Report for the first Quarter FY 2082-83 Ended 31 Ashoj 2082

Statement of Financial Position (Rs. '000')

Particular	This Quarter ending As at Ashoj 31, 2082	Previous Quarter ending As at Ashard 32, 2082	Corresponding Quarter ending as at Ashoj 30, 2081
Capital & Liabilities			
Share Capital	264000	264000	264000
Reserve Funds & Accumulated Profit	(243481)	(255036)	(290872)
Short Term Loan	54465	54465	54465
Long Term Loan	538189	546787	561077
Total	613173	610216	588670
Assets			
Fixed Assets			
Depreciable Value	1003238	1003238	955892
Depreciation	(258851)	(251009)	(227479)
Net Value	744387	752229	728413
Capital Work in Progress	-	-	-
Current Assets			
Sundry Debtors	24822	17824	24418
Cash & Bank	697	2517	1222
Advance & Deposit	8551	10578	8579
Total Assets	778457	783148	762632
Current Liabilities	(165284)	(172932)	(173962)
Net Assets	613173	610216	588670
Total	613173	610216	588670

Profit & Loss Account for the Period Ended 31 Ashoj, 2082 (Unaudited) (Rs. '000')

Particular	This Quarter ending As at Ashoj 31, 2082	Previous Quarter ending As at Ashard 32, 2082	Corresponding Quarter ending as at Ashoj 30, 2081
Revenue from Power Sales	34963	89929	34659
Income from Other Source	-	328	-
Total Income	34963	90257	34659
Direct Expenses	(1812)	(5717)	(1576)
Gross Profit	33151	84540	33083
Staff Cost	(1503)	(5679)	(1445)
Other Operating & Admi. Expenses	(2370)	(5351)	(2481)
Operating Profit Before Depreciation	29278	73510	29175
Depreciation Expenses	(7842)	(31373)	(7843)
Profit Before Interest & Tax	21436	42137	21314
Financial Cost	(9881)	(46691)	(14333)
Profit Before Income Tax	11555	(4554)	6981
Income Tax	-	-	-
Net Profit After Tax	11555	(4554)	6981

धितोपत्र दर्ता तथा निष्काशन नियमावली अनुसुचि-१४
(नियम २२ को उप नियम २ संग सम्बन्धित)

१. **वित्तिय विवरण :**
क. त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा (नोक्सान) सम्बन्धि विवरणहरू यसै सांथ संग्लन गरिएको छ।
ख. प्रमुख वित्तिय सूचांकहरू निम्नबमोजिम रहेको छ।

प्रति शेयर आम्दानी रु. (EPS)	P/E Ratio	प्रतिशेयर नेटवर्थ (रु.)	प्रतिशेयर कुल सम्पतिको मुल्य	तरलताअनुपात	शेयर बजार मुल्य
४.३८	६४.३८	७.७७	२८१.९६	०.२१	२८२

* (EPS) वार्षिकी करण नगरिएको

२. **व्यवस्थापकिय विश्लेषण**
(क) उक्त त्रैमासिक अवधिमा आयोजनाको आम्दानी र तरलतामा गत वर्षको सोही त्रैमासिक अवधिको भन्दा बढी भएको छ। अन्य आयोजनाको व्यवसायिक योजना अनुरुप नै कार्यहरू हुदैछन।

३. **कानुनी कारवाही सम्बन्धी विवरण**
(क.) यस कम्पनीका पूर्व कर्मचारीले पारिश्रमिक भुक्तानीको सम्बन्धमा चित नबुझी कम्पनी विरुद्ध श्री श्रम अदालत, काठमाण्डौमा दायर गर्नु भएको मुद्दा फैसला उपर चित नबुझी यस कम्पनीले श्री सर्वोच्च अदालतमा मुद्दा हालेको मा हाल त्यो विचाराधीन रहेको छ।
(ख.) यस आयोजनाको सिभिल निमार्ण कार्यका ठेकेदारले डिजाईन नक्शा अनुरूप कार्य नगरी कम्पनीलाई क्षति पुगेकोले सम्झौता अनुसार हर्जाना भराई पाँउ भनी मुद्दा दायर भएको छ। हाल सो मुद्दा श्री पाटन उच्च अदालतमा विचाराधीन रहेको छ।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**
(क.) यस संगठित संस्थाको शेयर रजिष्टार श्री एनआईबिएलएस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा रहेको छ। धितोपत्र बजारमा कम्पनीको शेयर कारोवार सामान्य रहेको छ। नेप्से अनुसार उक्त त्रैमासिक अवधिमा शेयर कारोवारको स्थिति यस प्रकार रहेको छ।

शेयरको अधिकतम मुल्य (रु.)	शेयरको न्युनतम मुल्य(रु.)	शेयरको अन्तिम मुल्य(रु.)	कारोवार भएको कुल दिन	कारोवार भएको संख्या
३६२.९०	२६५	२८२	५१	१०,०७,१४९

५. **समस्या र चुनौतीहरू**
(क.) नदीमा जलको प्रवाहमा कमी भएकोले आयोजनाबाट हुने विद्युत उत्पादनमा हिउँद याममा असर परिरहेको छ।
(ख.) बिगतमा भएको ३३ केभि प्रसारण लाईनको क्षमतामा कमजोरी भई उत्पादनमा असर परेको कारण बाट आम्दानीमा कमी भई त्यसको असरले गर्दा हाल सम्म पनि बैंकको साँवा ब्याजको व्ययभार बढ्न गएको छ जसले गर्दा साँवा तथा ब्याज भुक्तानीमा नियमित हुन सकीरहेको छैन। हालको बैंक ब्याज दर ७.१२ प्रतिशत छ। ब्याज दर घटाउनको लागी संचालक समीतीले सम्बन्धित निकायमा आवश्यक पहल गरिरहेको छ।

६. **संस्थागत सुशासन :**
(क.) कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई थप व्यवस्थित तथा चुस्त बनाउनुका साथै कर्मचारी व्यवस्थापनको लागी आन्तरिक कार्याबिधि बनाई सोही अनुसार लागु गरिएकोछ। ऐन, विनियम बमोजिमका अन्य समिति तथा उप समिति गठन गरी कार्यान्वयन गरिएको छ।

७. **कार्यकारी अध्यक्षको उद्घोषण:**
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र पूर्णतामा आधारित छन् भनि बिस्वास लियको छु। लगानी कर्ताहरूलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु। लगानी कर्त्ताहरूबाट हुने थप जानकारीहरूको प्रयास लाई सधै स्वागत योग्य कदम ठान्ने छु।

सिद्धार्थ र माउन्ट अफ एक्सेलबिच सम्झौता

काठमाडौं/ सिद्धार्थ बैंक र माउन्ट अफ एक्सेल प्रालिबिच बैंकका ग्राहकलाई विभिन्न सेवामा छुट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ। जसअनुसार गोकर्णेश्वर, काठमाडौंस्थित माउन्ट अफ एक्सेलमा बैंकका ग्राहकले बैंकको कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गर्दा ४० प्रतिशतसम्म छुट पाउनेछन्। यो सहकार्यले ग्राहकलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ।

अखिल नेपाल फुटबल संघ
एन्फा कप्लेक्स, सातदोबाटो, ललितपुर

शिलबन्दि प्रस्तावना आव्हानका लागि सूचना

प्रकाशितमिति : २०८२/०७/२४

यस अखिल नेपाल फुटबल संघको आ.व.२०८२/८३ मा हुने कारोबारहरुको वार्षिक रुपमा वैद्यानिक लेखापरीक्षण (Statutory Audit) गराउनु पर्ने हुनाले इच्छुक फर्महरुबाट यस सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवश्यक कागजात तथा आर्थिक प्रस्ताव सहित संघको कार्यालयमा शिलबन्दि प्रस्तावना पेश गर्नका लागि आव्हान गर्दछौं।

आवश्यक कागजातहरु :

१) निवेदन,
२) फर्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,
३) लेखापरिक्षण ईजाजत प्रमाणपत्रको प्रतिलिपि,
४) आ.व.२०८२/८३ मा ईजाजत नविकरण गरिएको प्रमाण पत्रको प्रतिलिपि,
५) आ.व.२०८०/८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
६) PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि,
७) फर्मको कम्तिमा तीन बर्षको अनुभव हुनु पर्दछ।

थप जानकारीका लागि सम्पर्क नम्बर ०१-५२०१०६०/५२०१०६२
ईमेलः procurement@the-anfa.com

धितोमा रहेको सम्पति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, टेकु शाखाको १५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०७/२४ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल फाल्गुन महिना २१ गतेको राजधानी राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल भदौ महिना १६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा कुनै शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ। धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

क्र.सं.	ऋणीको नाम र ठेगाना
१.	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १२१९१३/७०/०७१ कायम भई मिति २०७१/०१/१२ मा दर्ता भएको काठमाण्डौ जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ०९, मानटार स्थित **कालिन्चोक सः मिल प्रा. लि.** ।
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :	
१.	अभिमान भुजेलको नाती, मान बहादुर भुजेलको छोरा, महोत्तरी जिल्ला, गौरीवास उ.म.न.पा./गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३२, पेप्सीकोला टाउन प्लानिङ बस्ने **मदन कुमार भुजेल** ।
२.	जय बहादुर रायमाझी क्षेत्रीको नाती, भुवन बहादुर रायमाझी क्षेत्रीको छोरा, अर्घाखाची जिल्ला, भुमिकास्थान न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं ०३, मन्डिखाटार बस्ने **काजी बहादुर रायमाझी क्षेत्री** ।
३.	मान बहादुर कार्कीको छोरी, काजी बहादुर रायमाझी क्षेत्रीको श्रीमती, कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०३, मन्डिखाटार बस्ने **सकुन्तला कार्की** ।
४.	भुवन बहादुर रायमाझी क्षेत्रीको नाती, काजी बहादुर रायमाझी क्षेत्रीको छोरा, कपिलवस्तु जिल्ला, वाणगंगा गा.वि.स./उ.म.न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०३, मन्डिखाटार बस्ने **आदेश रायमाझी** ।
५.	भुवन बहादुर रायमाझी क्षेत्रीको नाती, काजी बहादुर रायमाझी क्षेत्रीको छोरा, कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स./उ.म.न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०३, मन्डिखाटार बस्ने **सन्देश रायमाझी** ।
धितो सुरक्षणको विवरण :	
१.	**शकुन्तला कार्की रायमाझी**को नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३ स्थित नक्सा सीट नं. १०२०९४७२१ को कित्ता नं. ४९ को ४७५.८० (वर्ग.मि) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
२.	**काजी बहादुर रायमाझी क्षेत्री**को नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३ स्थित नक्सा सीट नं. १०२०९४७२१ को कित्ता नं. २४४ को १२७.१६ (वर्ग.मि) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा कुनै पनि शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लेखित चल तथा अचल सम्पत्ती मध्ये आफ्नो इच्छा अनुसार कुनै एक, वा केही वा सबै सम्पत्तीको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ। तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
६. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय टेकुमा सम्पर्क गर्न सकिने छ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ। सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन।
११. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८२ साल मंसिर महिना ०८ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८२ साल मंसिर महिना १० गते।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ।
समय : दिनको ३:०० बजे।

सानिमा बैंक www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

Nepal Electricity Authority
Keraun 132/33 K.V. Substation Project, Morang

Notice Regarding Intent to Accept the Bid

Notice Publication Date : 2082/07/24

IFB and Type of Bidding	Name & Address of Lowest Evaluated Substantially Responsive Bidder	Total Accepted Bid Price (Excluding VAT)
SQN:PMD/EGMP/ KRON/SQ/082/83-1-Re	M/s Technotrade Pvt.Ltd. Kathmandu -29, Putalisadak.	NRs. 11,92,999.00

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०८२/०७/२४

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड शाखा कार्यालय सितलनगर, रुपन्देहीबाट विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋण कर्जा तथा बैंकिङ सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाइ बेवास्ता गरेकोले तपाई ऋणीहरुको नाममा मिति बि.सं. २०८१/१०/२० को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने ऋणकर्जा चुक्ता भुक्तान गर्न सार्वजनिक सूचना, र मिति बि.सं. २०८२/०४/२० को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सितलनगर, रुपन्देही मा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

१. कर्जा शिर्षक : एस्.एम्. ई. कर्जा अधिबिकर्ष कर्जा तथा डिमान्ड कर्जा

ऋणी फर्मको नाम र ठेगाना	फर्मको प्रोप्राईटरको नाम र ठेगाना
ऋणीको नाम : सञ्जय फर्निचर रजिष्ट्रेशन नं. : ६३१२/०६५/६६ (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही, सिद्धार्थनगर) रजिष्टर्ड ठेगाना : सिक्टहन गा.बि.स. -४,रुपन्देही हाल : देवदह न.पा. -०४, रुपन्देही दर्ता मिति : बि.सं.२०६६/०३/१० पान नं. : ६०७६१६४७१	**नाम : संजय कुर्मी** बाबु : गुरु प्रसाद कुर्मी बाजे : सुरेमन कुर्मी पत्नि : बबिता कुर्मी ठेगाना : केरवानी गा.वि.स. वडा नं. ०८, रुपन्देही हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही ना.प्र.नं. : ३७-०१-७०-०३४५१, जारी मिति : २०७०/०३/०५ जि.प्र.का. : रुपन्देही

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : गुरु प्रसाद कुर्मी बाबु : सुरेमन कुर्मी बाजे : राजवली कुर्मी ठेगाना : केरवानी गा.बि.स. वडा नं. ०८, रुपन्देही हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही ना.प्र.नं : ९/२२६५ जारी मिति : २०४६/०२/२० जि.प्र.का. : रुपन्देही	**२. नाम : ऋषीराम कुर्मी** बाबु : सुरेमन कुर्मी बाजे : राजवली कुर्मी ठेगाना : केरवानी गा.बि.स. वडा नं. ०८, रुपन्देही हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही ना.प्र.नं : ३७१००२/२६८९७ जारी मिति : २०६६/०८/१९ जि.प्र.का. : रुपन्देही
३. नाम : बबिता कुर्मी बाबु : बिन्दु चौधरी पति : संजय कुर्मी ससुरा : गुरु प्रसाद कुर्मी ठेगाना : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही ना.प्र.नं : ३७-०१-७६-१२१६६ जारी मिति : २०७६/१०/२० जि.प्र.का. : रुपन्देही	**४. नाम : बैजन्ती कुर्मी** बाबु : जलई कुर्मी पति : गुरु प्रसाद कुर्मी ससुरा : सुरेमन कुर्मी ठेगाना : केरवानी गा.बि.स. वडा नं. ०८, रुपन्देही हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही ना.प्र.नं : ३७१००२/१४५४५ जारी मिति : २०६८/०९/०१ जि.प्र.का. : रुपन्देही

२. कर्जा शिर्षक : व्यक्तिगत कर्जा, (साविक तिनाउ मिसन डेभलपमेन्ट बैंक लि.) र सिटिजन्स फाष्ट ट्र्याक आवधिक कर्जा

ऋणीको नाम र ठेगाना
नाम : संजय कुर्मी
बाबु : गुरु प्रसाद कुर्मी
बाजे : सुरेमन कुर्मी
पत्नि : बबिता कुर्मी
ठेगाना : केरवानी गा.वि.स. वडा नं. ०८, रुपन्देही
हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही
ना.प्र.नं. : ३७-०१-७०-०३४५१,
जारी मिति : २०७०/०३/०५
जि.प्र.का. : रुपन्देही

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : गुरु प्रसाद कुर्मी बाबु : सुरेमन कुर्मी बाजे : राजवली कुर्मी ठेगाना : केरवानी गा.बि.स. वडा नं. ०८, रुपन्देही हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही ना.प्र.नं : ९/२२६५ जारी मिति : २०४६/०२/२० जि.प्र.का. : रुपन्देही	**२. नाम : ऋषीराम कुर्मी** बाबु : सुरेमन कुर्मी बाजे : राजवली कुर्मी ठेगाना : केरवानी गा.बि.स. वडा नं. ०८, रुपन्देही हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही ना.प्र.नं : ३७१००२/२६८९७ जारी मिति : २०६६/०८/१९ जि.प्र.का. : रुपन्देही
३. नाम : बबिता कुर्मी बाबु : बिन्दु चौधरी पति : संजय कुर्मी ससुरा : गुरु प्रसाद कुर्मी ठेगाना : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही ना.प्र.नं : ३७-०१-७६-१२१६६ जारी मिति : २०७६/१०/२० जि.प्र.का. : रुपन्देही	**४. नाम : बैजन्ती कुर्मी** बाबु : जलई कुर्मी पति : गुरु प्रसाद कुर्मी ससुरा : सुरेमन कुर्मी ठेगाना : केरवानी गा.बि.स. वडा नं. ०८, रुपन्देही हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही ना.प्र.नं : ३७१००२/१४५४५ जारी मिति : २०६८/०९/०१ जि.प्र.का. : रुपन्देही

माथि उल्लेखित ऋणीहरु सञ्जय फर्निचर र संजय कुर्मीले उपभोग गरेको ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण
धितो सुरक्षण धनीको नाम : संजय कुर्मी

सि.नं.	जिल्ला	न.पा./गा.वि.स	वडा नं/नक्सा सिट	कि.नं.	क्षेत्रफल (बि.क.धु)	कैफियत
१.	रुपन्देही	केरवानी	५ख	६८७	(०-१-७)	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत ।
				६८९	(०-२-१)	
				६९३	(०-१-१६)	

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्होरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुंदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त नबुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय सितलनगर, रुपन्देहीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८२/०८/०१ गते, सोमबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सितलनगर, रुपन्देही।

Citizens Bank
मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

■ दोस्रो नेपाल प्रिमियर लिग

दक्षिण अफ्रिकाका ताहिर जनकपुरमा

दक्षिण अफ्रिकाका बायाँहाते स्पिनर इमरान ताहिरले विश्वका चर्चित फ्रेन्चाइज टी-२० लिग खेलिसकेका छन् । उनले समग्रमा ४४६ टी-२० खेलमा ५७० विकेट लिएका छन् ।

नयाँ पत्रिका

दक्षिण अफ्रिकाका विश्वचर्चित स्पिनर इमरान ताहिरले दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगिता खेल्ने भएका छन् । स्पिनर ताहिरले साबिक विजेता जनकपुर बोल्ट्सबाट खेल्ने भएका हुन् । जनकपुरले दक्षिण अफ्रिकी बलरलाई तेस्रो विदेशी खेलाडीका रूपमा भित्र्याएको हो । यसअघि जनकपुरले श्रीलंकाली लाहिरू मिलान्था र दक्षिण अफ्रिकाका वायन पार्नेललाई अनुबन्ध गरिसकेको छ । उपाधि रक्षा गर्ने योजनामा रहेको जनकपुरले प्रशिक्षकमा वेस्ट इन्डिजका पूर्वदिग्गज ब्याट्सम्यान शिवनारायण चन्द्रपाउललाई मुख्य प्रशिक्षक नियुक्त गरेको छ ।



● इमरान ताहिर

विश्वचर्चित लिगको अनुभवी

बायाँहाते स्पिनर ताहिरले करिअरमा विश्वका धेरैजसो चर्चित फ्रेन्चाइज टी-२० लिग खेलिसकेका छन् । उनले समग्रमा ४४६ टी-२० खेलमा ५७० विकेट लिएका छन् । यसक्रममा उनले १३ पटक चार विकेट तथा पाँचपटक पाँच विकेटको प्रदर्शन गरे । दक्षिण अफ्रिकाका लागि उनले पहिलो श्रेणीमा १९४ खेलमा ७८४ तथा लिस्ट 'ए'मा २३९ खेलबाट ३६९ विकेट हात पारेका छन् । ब्याटिङमा भने उनले पहिलो श्रेणीमा १९४ खेलमा दुई हजार ६१७ रन जोडेका छन् । ताहिरले पाकिस्तान सुपर लिग, क्यारेबियन प्रिमियर लिग जितेका छन् ।

विश्वकै महँगो फ्रेन्चाइज लिग मानिने इन्डियन प्रिमियर लिग (आइपिएल)मा उनी तीन टोलीसँग आबद्ध भएका थिए । उनले राइजिङ पुने सुपरजायन्ट्स, दिल्ली डेयरडेभिल्स र चेन्नई सुपर किंग्सबाट खेलेका छन् । सन् २०१९ मा उनले आइपिएलमा सर्वाधिक विकेट लिएर पर्पल क्याप जितेका थिए । आइपिएलमा उनले ५९ खेलमा ८२ विकेट लिएका छन् । त्यसपछि उनले सिपिएलमा ९० खेलबाट १३० विकेट हात पारेका छन् । यसैगरी बंगलादेश प्रिमियर लिग, अस्ट्रेलियाको बिग बास, मेजर लिग क्रिकेट, लंका प्रिमियर लिग, आइएलटी-२०, एसएटी २० जस्ता चर्चित फ्रेन्चाइज लिग खेलिसकेका छन् ।

नौ वर्ष दक्षिण अफ्रिकी टोलीमा

ताहिरले सन् २०११ मा अस्ट्रेलियाविरुद्ध एकदिवसीय खेलमा दक्षिण अफ्रिकाबाट अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा डेब्युको अवसर पाएका थिए । उनले सन् २०१५ मा नयाँदिल्लीमा भारतविरुद्ध अन्तिम टेस्ट खेले । उनले वेस्ट इन्डिजविरुद्ध डेब्युको अवसर पाए । सन् २०१९ मा उनले अस्ट्रेलियाविरुद्ध आफ्नो करिअरकै अन्तिम एकदिवसीय खेल खेले । टी-२० आई फर्म्याटमा भने उनले सन् २०१३ मा श्रीलंकाविरुद्ध पहिलो खेल खेले । सन् २०१९ मा श्रीलंकासँगको खेलबाट उनले अन्तर्राष्ट्रिय खेलबाट सन्न्यास लिए । ताहिरले टेस्टमा ५७, एकदिवसीयमा १७३ तथा टी-२० आईमा १६३ विकेट लिएका छन् ।

■ काठमाडौंलाई एक्सट्रिम इनर्जीको साथ

काठमाडौं गोर्खाजले एक्सट्रिम इनर्जी ड्रिंक्ससँग प्रायोजन सम्झौता गरेको छ । काठमाडौंले एक्सट्रिम इनर्जीसँग ड्रिंक्स पार्टनरका रूपमा सम्झौता गरेको हो । काठमाडौंका कार्यकारी निर्देशक अनुभव सिरोहिया र एक्सट्रिम इनर्जीका महाप्रबन्धक पवनकुमार श्रेष्ठले सम्झौतामा हस्ताक्षर गरेका छन् । करण केसीको कप्तानीमा रहेको काठमाडौं १८ खेलाडी नै पूरा गर्ने पहिलो टोली हो ।

■ सुदूरपश्चिमको मस्कट सार्वजनिक

साबिक उपविजेता सुदूरपश्चिमले दोस्रो एनपिएलका लागि आफ्नो मस्कट सार्वजनिक गरेको छ । यो मस्कटको नाम सुदूरपश्चिमको स्थानीय भाषामा राखिएको हो । यस्तै, मस्कटले बाघको स्वरूप तथा सो क्षेत्रको संस्कृतिलाई प्रतिबिम्बित गरेको छ । सुदूरपश्चिमले आइतबार धनगढी क्रिकेट एकेडेमी (डिसिए)मा आयोजित ट्यालेन्ट हन्टको उद्घाटनका अवसरमा मस्कट अनावरण गरेको हो । टोलीले यसअघि नै आफ्नो अफिसियल फ्यान एन्थम पनि सार्वजनिक गरिसकेको छ । सुदूरपश्चिमको कप्तानीमा दीपेन्द्रसिंह ऐरी र मुख्य प्रशिक्षकमा जगत टमटा छन् ।



■ सेफ अली चितवनमा आबद्ध

इंग्ल्यान्डका ब्याटिङ अलराउन्डर सेफ अली जैब चितवन राइनोजमा अनुबन्ध भएका छन् । पहिलो संस्करणमा सुदूरपश्चिम रोयल्समा आबद्ध उनले नौ खेलमा दुई अर्धशतकसहित २७५ रन र १२ विकेट लिएका थिए । सैफले इंग्ल्यान्डको घरेलु क्रिकेटमा ९८ टी-२० खेलमा १६ सयभन्दा बढी रन र १८ विकेट लिएका छन् । चितवनले आइतबार उनलाई अनुबन्ध गरेको जानकारी दिएको हो ।

उनी पहिलो संस्करणमा सुदूरपश्चिमबाट सबैभन्दा धेरै रन बनाउने खेलाडी थिए । इंग्ल्यान्डको राष्ट्रिय टोलीबाट नखेले पनि उनले घरेलु क्रिकेटमा खेल्ने गरेका छन् । बायाँहाते ब्याटिङ गर्ने उनले टी-२० मा ९८ खेलमा १४० माथिको स्ट्राइक रेट राखेका छन् । भाइटालिटी ब्लास्टमा उनले १८ विकेट लिएका छन् । उनले बकिंह्यामसायर र नर्थहाम्पटनसायरबाट खेलेका छन् । द हन्ड्रेड क्रिकेटमा वेल्स फायर र नर्थन सुपरचार्जर्सबाट उनले खेलेका छन् ।

■ झापा महिला गोल्डकपको फाइनल आज

पुलिसलाई बदला लिने अवसर



एक वर्षभित्र एपिएफले विभिन्न प्रतियोगितामा पुलिसलाई निराश बनाएको छ । यसपटक खेलाडीहरू फर्ममा रहँदा एपिएफलाई कडा चुनौती दिने पुलिसको योजना छ ।

झापामा चिरञ्जीवी घिमिरे

दुई विभागीय टोली एपिएफ र नेपाल पुलिस क्लबले सोमबार पहिलो संस्करणको झापा महिला गोल्डकप फुटबल प्रतियोगिताको उपाधिका लागि प्रतिस्पर्धा गर्दै छन् । घरेलु फुटबलका चिरपरिचित प्रतिद्वन्द्वीबिच दुधे रंशगालामा हुने उपाधि भिडन्तलाई प्रतिष्ठाको खेलका रूपमा हेरिएको छ । पछिल्लो एक वर्षको प्रतियोगिताका तथ्यांक हेर्दा एपिएफ हाबी हुँदै आएको छ । यद्यपि, पुलिसलाई यसपटक भने एपिएफसँग हारको बदला लिने अवसर छ ।

एपिएफसँग पुलिस कहीँ टाइब्रेकर वा कतै थोरै गोलअन्तरले पराजित भएको देखिन्छ । गत वर्ष माघमा भएको राष्ट्रिय महिला लिगको फाइनलमा एपिएफले पुलिसलाई पराजित गरेको थियो । त्यसअघि लिगको पहिलो चरणको खेलमा पुलिससँग बराबरी खेलेको एपिएफले दोस्रो चरणका दुवै खेलमा हारको सामना गरेको थियो । त्यसपछि भएको मकवानपुरको सहिद स्मृति स्थानीय तह राष्ट्रिय महिला गोल्डकप, लुम्बिनी कप अन्तर्राष्ट्रिय आमन्त्रण महिला फुटबल प्रतियोगिता, बागमती प्रदेश मुख्यमन्त्री कप राष्ट्रिय महिला फुटबलमा पुलिसलाई उपाधि उचाल्न एपिएफ बाधक बनेको थियो ।

गत वर्ष फागुनमा इलाममा भएको महिला गोल्डकप, गत भदौमा सिमरामा भएको अन्तर्राष्ट्रिय आमन्त्रण महिला फुटबल र चितवनमा भएको महिला फुटबलमा एपिएफले पुलिसलाई समिफाइनलमा रोकेको थियो । पछिल्लो समय अपराजित रहेको एपिएफलाई रोक्नका लागि पुलिसले झापा महिला गोल्डकपलाई अवसरका रूपमा लिएको छ । यसपटक पुलिससँग भरपर्दो डिफेन्डर पूजा राना, स्ट्राइकर रेखा पौडेल र उदीयमान स्ट्राइकर मीना देउवा छन् ।

सेमिफाइनलसम्म सर्वाधिक गोल गर्ने खेलाडी पुलिसका छन् । मीना देउवाले दुई खेलमा ६ गोल र पुलिसकै रेखा पौडेलले पाँच गोल गरेका छन् । यसपटक सेट टिम भएका कारण एपिएफविरुद्ध जित निकाल्ने योजना रहेको आइतबार भएको प्रिम्याच कन्फ्रेन्समा पुलिसका प्रशिक्षक भोला सिलवाल बताउँछन् । 'एपिएफसँग विगतदेखि नै खेल्दै आएका छौं । यसअघि भएका तीन प्रतियोगितामा टाइब्रेकरमा मात्र हारेका छौं । यसकारण पनि हामीसँग उच्च मनोबल छ,' प्रशिक्षक सिलवालले भने, 'त्यो वेला कहिले पूजा नहुने त कहिले रेखा नहुने थियो । तर, यसपटक हामीसँग सबै छन् । यसले आशा जगाएको छ ।'

राष्ट्रिय खेलाडीले भरिएको एपिएफ

विभागीय टिमको खेल प्रतिष्ठाको रहने सिलवालले बताए । 'विभागीय टिमको खेल भनेपछि प्रतिष्ठा पनि जोडिन्छ । हामी फाइनल खेल उपाधि जित्न खेल्छौं,' उनले भने । एपिएफसँग पुलिसको तुलनामा राष्ट्रिय महिला टोलीका सदस्य धेरै छन् । सुरुवाती ११ मै राष्ट्रिय महिला टोलीका सदस्यले खेल्दै आएका छन् । पुलिसभन्दा एपिएफ तुलनात्मक रूपमा बलियो देखिन्छ । राष्ट्रिय खेलाडी रहनु पनि एडभान्टेज रहेको एपिएफका प्रशिक्षक जीवेशकुमार पाण्डेले बताए ।

विगतमा जितेको इतिहासले पनि खेलाडीमा मनोबल बढाएको उनको भनाइ छ । झापा महिला गोल्डकपमा पुलिसको प्रदर्शनलाई पनि हेरेर रणनीति बनाइने उनले बताए । 'हामीले पुलिसको प्रदर्शन पनि हेरेर त्यहीअनुसार रणनीति बनाएका छौं । सबै खेलाडी एउटा टिममा खेल्ने भएकाले एक-अर्काको कमजोरी थाहा छ । हामीले रिड गरेका छौं,' पाण्डेले भने, 'हामी मीना र रेखालाई रोक्न तयारी छौं । विपक्षी पनि राम्रो र सन्तुलित छ । त्यहीअनुसार खेल्छौं ।' पाण्डेले विगतको रेकर्डअनुसार एपिएफ नै बलियो भएको बताए ।

एपिएफकी कप्तान अनिता बस्नेतले पुलिस राम्रो भएको बताइन् । यद्यपि, धेरैपटक खेलेको टिम भएकाले एपिएफका खेलाडीमा आत्मविश्वास रहेको बताइन् । 'हामी ट्रफी जित्नका लागि खेल्छौं । विपक्षी टिम पनि राम्रो छ । धेरैपटक खेलेको टिम हो,' उनले भनिन्, 'विभागीय टिमसँग खेल्न सजिलो हुँदैन । हाम्रो टिममा विश्वास छ । मिहिनेतका साथ खेल्छौं ।' पुलिसकी कप्तान अमृता जैसीले राम्रो खेल प्रदर्शन गर्दै उपाधि जित्न खेल्ने बताइन् । उनले झापामा दर्शकको साथ राम्रो पाएको बताइन् । 'चिरपरिचित प्रतिद्वन्द्वीसँग खेल्न पाउँदा उत्साहित छौं,' उनले भनिन्, 'प्रशिक्षकको रणनीतिअनुसार खेल्नेछौं ।' झापा महिला गोल्डकपको विजेताले १० लाख १० हजार र उपविजेता हुने टोलीले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

खेल संक्षेप

टाइब्रेकरमा वडा नं. १४ विजयी

काठमाडौं/ तेस्रो प्रयागराजसिंह सुवाल स्मृति अन्तरवडा फुटसल प्रतियोगितामा वडा नं. १४, २०, ६ र ४ ले जित हासिल गरेका छन् । लैनचौर फुटसल मैदानमा आइतबार भएको पहिलो खेलमा वडा नं. १४ ले २२ लाई टाइब्रेकरमा ३-१ ले हरायो । निर्धारित समय गोलरहित बराबरीमा सकिएपछि टाइब्रेकरमा वडा नं. १४ ले बाजी मारेको हो । वडा नं. १४ पहिलो संस्करणको विजेता पनि हो । अर्को खेलमा अभिषेक गजुरेलको दुई गोलको सहयोगमा वडा नं. २० ले १२ लाई ३-० ले हरायो । सो खेलमा वडा नं. १२ का राज शाहीले आत्मघाती गोल गरेका थिए । तेस्रो खेलमा वडा नं. ६ ले ९ लाई ७-१ को फराकिलो अन्तरले हरायो । दिनको चौथो खेलमा वडा नं. ४ ले १८ लाई ७-१ ले हरायो । वडा नं. ४ का विक्रान्त नरसिंह रानाले दुई गोल गरे । यसैगरी, सुजन बिके, प्रसिद्ध मगर, सुविन थापा, मिगरियाक गुरुङ र दीपक बस्नेतले एक-एक गोल गरे । वडा १८ का लागि सोमिथ श्रेष्ठले एक गोल फर्काए ।



स्किब्स र दुर्गा भवानीको जित

काठमाडौं/ स्किब्स र दुर्गा भवानी एकेडेमीले १७औं टिआइए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको पुरुषतर्फ जित हात पारेका छन् । स्किब्सले काठमाडौं युरोलाई ३८-२१ ले पराजित गऱ्यो । स्किब्सको जितमा सोहन ठाकुरले ८ अंक स्कोर गरे । आइतबार भएको अर्को खेलमा निम्सले बिएमसिएलाई ४८-२५ र युरोले ज्ञान निकेतनलाई ३८-३४ ले पाखा लगाए । अपीले भिएस निकेतनलाई २१-१७ ले हरायो । महिलामा युरोले अपीलाई २३-१० र निम्सले हिमरश्मिलाई १५-४ को स्कोरमा निराश बनाए । चेल्सीले एसएमडीलाई १६-७ ले पन्छायो ।

भ्याली भ्युले एभिएमलाई हरायो

काठमाडौं/ भ्याली भ्यु र ज्ञानोदयले चौथो पुष्पसदन कप उपत्यकाव्यापी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा सहज जित निकालेका छन् । भ्याली भ्युले एभिएमलाई ३८-११ ले पाखा लगायो । ज्ञानोदयले ग्रिन भिलेजमाथि २३-१२ को जित हात पाऱ्यो । आइतबार भएको अर्को खेलमा मंगलले बाघभैरवलाई ४६-१४ ले पराजित गरेको छ । मगसले क्रिएटिभ एकेडेमीलाई ३१-१८ र एलआरआईले ल्याबोरेटरीलाई २४-२१ ले हराए । कीर्तिपुरस्थित आयोजक पुष्पसदनमा भइरहेको प्रतियोगिताको जुनियर पुरुषमा राराहिलले भ्याली भ्युलाई १७-१२ तथा लिटिल एन्जल्सले रेडियन्टलाई १८-९ ले पन्छाए ।

लालीगुराँसको पहिलो जित

मकवानपुर/ कास्कीको लालीगुराँस एसोसिएसन क्लब र कैलालीको विजय स्पोर्टस्ले एन्फा प्रेसिडेन्ट लिगमा पहिलो जित निकालेका छन् । आइतबार गौरीटार रंगशालामा भएको खेलमा लालीगुराँसले बर्दियाको जनजागृति युवा क्लबलाई ४-० ले हरायो । लालीगुराँसका लागि आशिष गुरुङले ह्याट्रिक गरे । विजय स्पोर्टस्ले देउरालीलाई ४-१ ले निराश बनाएको छ । विजय स्पोर्टस्का लागि निराज चौधरी नायक बने । उनले खेलको १२औं, १४औं र ८६औं मिनेटमा गोल गरेका थिए । तीन खेलमा विजय स्पोर्टस्को पहिलो जित हो । लिग कम नकआउट आधारमा सञ्चालन भइरहेको प्रतियोगितामा १० टोली सहभागी छन् । २ मंसिरसम्म हुने प्रतियोगिताको विजेताले १० लाख र उपविजेता पाँच लाख रुपैयाँ पाउने आयोजकले जनाएको छ ।

हङकङ सिक्सेसमा नेपालका दुई खेलाडीले बनाए रेकर्ड

सन्दीपको नाममा सर्वाधिक रन र रसिदले लिए सर्वाधिक विकेट

नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोलीका दुई खेलाडीले हङकङमा आइतबार सम्पन्न हङकङ सिक्सेज प्रतियोगितामा व्यक्तिगत रेकर्ड राखेका छन् । शरद भेसवाकरको कप्तानीमा प्रतिस्पर्धा गरेको नेपालका ओपनर सन्दीप जोरा सर्वाधिक रन बनाउने ब्याट्सम्यान बने ।

नेपालकै बलर रसिद खान धेरै विकेट लिने सूचीको शीर्ष स्थानमा रहे । प्रतियोगितामा नेपालले भारतमाथि सनसनीपूर्ण ९२ रनको जित ऐतिहासिक मानेको छ । समूह चरण पार गर्न नसकेको नेपाल बाउल लिगमै सीमित भयो । यस चरणमा नेपालले भारतविरुद्ध पहिलोपटक जित हात पारेको हो । हङकङ सिक्सेजको इतिहासमा धेरै रन अन्तरले पराजित हुने भारत र धेरै रन अन्तरले जित निकाल्ने टोली नेपाल बनेको छ । सन्दीपले पाँच खेलमा एक अर्धशतकसहित १७६ रन बनाए ।

उनको उच्च स्कोर ५३ रह्यो । प्रतियोगितामा उनले सात चौका र सर्वाधिक २३ छक्का प्रहार गरेका थिए । प्रतियोगितामा धेरै छक्का प्रहार गर्ने उनी नै हुन् । सन्दीपपछि दोस्रो स्थानमा अफगानिस्तानका करिम जनतले १७२ रन बनाए । करिमले एक अर्धशतक तथा नौ चौका र २० छक्का प्रहार गरे ।



● रसिद खान



● सन्दीप जोरा

अफगानिस्तानविरुद्ध रसिदको ह्याट्रिक

प्रतियोगितामा नेपालका रसिद नौ विकेटका साथ शीर्ष स्थानमा रहे । प्रतियोगितामा सर्वाधिक विकेट लिने खेलाडीको शीर्ष स्थानमा रहेका रसिदले पाँच खेलमा नौ विकेट लिएका हुन् । उनले अफगानिस्तानविरुद्ध एकै खेलमा चार विकेट लिएका थिए । उनले समग्रमा ४२ बलमा १०२ रन दिए । प्रतियोगिताको उनको औसत बलिङ ११.३३ र इकोनोमी १४.५७ रहेको थियो । दोस्रो स्थानमा च्याम्पियन पाकिस्तानका मुहमद साहजादले पाँच खेलमा सात विकेट हात पारे । बंगलादेशका अबु हैदरले चार खेलमा सात विकेट हात पारे । प्रतियोगितामा एकै खेलमा चार विकेट लिने रसिद र अबु मात्र रहे ।

शरदले लिए राष्ट्रिय टोलीबाट सन्न्यास

हङकङ सिक्सेज प्रतियोगिताबाट नेपालका भेट्रान मध्यक्रमका ब्याट्सम्यान शरद भेसवाकरले अन्तर्राष्ट्रिय खेलबाट सन्न्यास लिएका छन् । नेपाल क्रिकेट संघ (क्यान)ले उनलाई राष्ट्रिय टोलीको जर्सीमा अन्तिमपटक खेल्न हङकङ सिक्सेजमा कप्तानीको जिम्मेवारी दिएको हो । यद्यपि, प्रतियोगितामा उनले एक खेल पनि खेलेनन् । तर, राष्ट्रिय टोलीबाट आफ्नो अन्तिम भ्रमणमा उनले यादगार बनाए । नेपाली टोलीका खेलाडीले युएईसँगको खेलपछि उनलाई 'गार्ड अफ अनर' दिएका थिए । शरदले भावुक हुँदै क्यानले सन्न्यास लिने राम्रो अवसर दिएको बताए । 'मैले यस प्रतियोगितालाई राष्ट्रिय टोलीबाट अन्तिमपटक खेल्ने अवसरका रूपमा लिएँ, म क्यानलाई धन्यवाद दिन चाहन्छु,' उनले भने । नेपालले सन् २०१४ मा पहिलोपटक आइसिसी टी-२० विश्वकप खेल्दा वा सन् २०१८ मा नेदरल्यान्ड्सविरुद्धको पहिलो एकदिवसीय सिरिज खेल्दा शरद मुख्य खेलाडी थिए । नेपाली क्रिकेटमा उनलाई फिनिसर ब्याट्सम्यानका रूपमा लिने गरिन्छ ।

एन्फाले आज खेलाडीसँग छलफल गर्ने

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले सहिद स्मारक 'ए' डिभिजन लिग गराउन सडक आन्दोलन गरिरहेका खेलाडीसँग आइतबार छलफल गर्ने भएको छ । चार वर्षमा एकपटक मात्र 'ए' डिभिजन लिग आयोजना भएपछि नेपाल खेलाडी संघको नेतृत्वमा खेलाडीहरू आन्दोलित छन् । गत शुक्रबार खेलाडीहरूले समाधान निकाल्न सात दिनको चेतावनी दिएका थिए । एन्फा प्रवक्ता सुरेश साहले माग सम्बोधन गर्नका लागि खेलाडीसँग वार्ता आह्वान गरिएको बताए ।

'सडक प्रदर्शनमा व्यक्त माग, 'ए' डिभिजन तथा राष्ट्रिय लिगसँग सम्बन्धित कुरालाई संवादमार्फत सम्बोधन गर्ने उद्देश्यले वार्ता बोलाइएको छ,' उनले भने । गत १७ कात्तिकमा एन्फा र १४ 'ए' डिभिजन क्लबका अध्यक्षबिच भएको बैठकले ३ पुस ०८३ देखि 'ए' डिभिजन लिग सञ्चालन गर्ने सहमति गरेको थियो । उनीहरूले लिगको सट्टामा आगामी ९ पुसदेखि राष्ट्रिय लिग आयोजना गर्ने निर्णय गरेपछि खेलाडीहरू आक्रोशित बनेका हुन् ।

चार वर्षपछि मात्र लिग हुने सम्भावना देखिएपछि खेलाडीहरूले गत बिहीबार सातदोबाटोस्थित एन्फा कम्प्लेक्सबाहिर विरोध प्रदर्शन गर्दै आफ्नो माग राखेका थिए । खेलाडीहरूले प्रदर्शनका क्रममा आफ्नो माग पूरा नगरे कडा संघर्षमा उत्रिने चेतावनी दिएका थिए । पछिल्लोपटक भएको 'ए' डिभिजन लिग ०७९ मा चर्च ब्वाइज युनाइटेडले उपाधि जितेको थियो । त्यसयता लिग नियमित रूपमा लिग सञ्चालन भएको छैन ।

एन्फाले हाल शीर्ष डिभिजनका ६ क्लब चर्च ब्वाइज युनाइटेड, मच्छिन्द्र, नेपाल पुलिस, जावलाखेल युथ, सातदोबाटो युथ र न्युरोड टिमलाई समेटेर राष्ट्रिय लिग आयोजना गर्ने योजना सार्वजनिक गरेको छ ।

काभा यू-१९ महिलामा नेपाल उपविजेता



काठमाडौं/ नेपाल काभा यू-१९ महिला भलिबल च्याम्पियनसिपमा उपविजेता बनेको छ । कोलम्बोमा आइतबार भएको सेन्ट्रल एसियन भलिबल संघ (काभा)को फाइनलमा नेपाल किर्गिस्तानसँग ३-२ ले पराजित भएको हो । पहिलो सेट जितेको नेपाल त्यसपछि दबाबमा परेको थियो । नेपालले पहिलो सेट २५-२२ ले आफ्नो पक्षमा पारेको थियो । त्यसपछिका दुई सेट २५-२ र २५-२१ ले गुमाउन पुग्यो । चौथो सेटमा पुनरागमन गर्दै नेपाल २५-१३ ले विजयी भयो । निर्णायक सेटमा नेपाल १५-११ ले पराजित भएको हो । यसअघि नेपालले समूह चराणको पहिलो खेलमा पनि किर्गिस्तानसँग ३-२ कै सेटमा पराजित भएको थियो । चार टोली सहभागी प्रतियोगितामा नेपालले समूह चरणमा श्रीलंकालाई ३-१ र माल्दिभ्सलाई ३-० को सोझो सेटमा पराजित गरेको थियो । सेमिफाइनलमा पनि नेपालले माल्दिभ्सलाई सोझो सेटमा हराउँदै फाइनल यात्रा तय गरेको थियो ।

नेपाल सरकार
संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं, फोनं. ४५८४२५७

बोलपत्र स्वीकृत सम्बन्धी आशयपत्र

प्रकाशित मिति : २०८२/०७/२४

यस समितिबाट मिति २०८२/०४/३० र २०८२/०६/९ गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा श्री बौद्धनाथ क्षेत्र विकास समितिलाई दैनिक ८ घन्टा सरसफाई गर्ने कार्य र का.म.पा.वडा नं. ६ स्थित विभिन्न स्थानहरुमा निर्माण कार्यको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित भएकोमा रीतपूर्वक दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र यस समितिको मिति २०८२/०७/२३ गतेको बोर्ड बैठकले स्वीकृत गरिएको हुँदा सोको प्रयोजनार्थ सम्बन्धी सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र. स.	ठेक्का नं.	कामको विवरण	कबोल अंक (मु.अ.क) समेत	बोलपत्रदाता फर्मको नाम, ठेगाना
१	BNADC/SWP-02-82/83	बौद्धनाथ क्षेत्र वरपर दैनिक ८ घन्टा सरसफाई गर्न कुचिकार प्रदान गर्ने कार्य	४७,२२,९४८.००	श्री पल्टन सेक्युरिटी सर्भिस प्रा.लि., महालक्ष्मी स्थान.-१५, ललितपुर ।
२	BNADC/BLD-03-82/83	तीनचुली देविथान गुठीको भवनको तल्ला थप तथा फिर्निसिङ गर्ने कार्य	६०,१३,१२५.८९	श्री लोप्चन कन्स्ट्रक्सन प्रा.लि, चावहिल-७, काठमाण्डौं ।
३	BNADC/BLD-04-82/83	संगमटोल सुधार समाजको सामुदायिक भवन निर्माण गर्ने कार्य	२२,६३,७३१.६७	श्री गल्फ कन्स्ट्रक्सन, चावहिल-७, काठमाण्डौं ।
४	BNADC/SWP-05-82/83	सिमलटार ऐतिहासिक ठुल धारा पुनःनिर्माण तथा फिर्निसिङ गर्ने कार्य	१७,६४,०२५.८३	श्री चण्डेश्वरी निर्माण सेवा, कागेश्वरी-६, काठमाण्डौं ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com